# प्राक्कथन

विपदका कारण कञ्चनपुर जिल्लामा वर्षेनी करोडौं बराबरको भौतिक क्षति हुने गरेको छ । यस जिल्लामा बाढी, भूकम्प प्रमुख प्रकोप हो भने हावाहूरी, आगलागी, सवारी दुर्घटना, महामारी वन्यजन्तु आक्रमण सहायक प्रकोपहरु रहेका छन् ।

विपदलाई रोक्न नसकेपनि यसबाट हुने क्षतिलाई कम गर्न सकिन्छ तर यसका लागि सर्वपक्षीय सामूहिक प्रयासको आवश्यकता पर्दछ । त्यसैले समुदाय, स्थानीय निकाय, सुरक्षावल, सरकारी तथा गैरसरकारी निकायहरूको प्रयासबाट मात्र विपद व्यबस्थापनको कार्य पूरा गर्न सकिन्छ । प्राकृतिक प्रकोपबाट पीडित व्यक्तिहरूलाई राहत प्रदान गर्नु, संरक्षण गर्नु र उनीहरुको अधिकार सुनिश्चित गर्नु राज्य र सम्बद्ध पक्षको दायित्व हो ।

विपद पछि गरिने क्रियाकलाप संचालन गर्नु भन्दा विपद पूर्व नै विपद वाट जोगिन अपनाउनु पर्ने पुर्वतयारी कार्यलाई ब्यवस्थित गरिनुपर्दछ । तर नेपालमा विपद अघिभन्दा विपद पछिका कार्यहरूमा बढी सक्रिय हुने प्रवृत्ति रहेको छ । यस सन्दर्भमां जिल्ला दैवीप्रकोप उद्धार समिति लगायत अन्य सम्बन्धित निकायहरूलाई पूर्व तयारीका कार्यहरूमा सक्रिय गराई जिल्लामा पूर्वसूचना पद्धतिको विकास एवं विपदबाट प्रभावित समुदायलाई आयमूलक कार्यमा संलग्न गराउने दिशामा केही प्रयासहरु हुदैं आएका छन् ।

प्रस्तुत कार्ययोजना विपद संग सम्बन्धित विभिन्न निकाय, राजनीतिक दलका प्रतिनिधि, सरकारी निकाय, राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था, पत्रकार, नागरिक समाजको सामूहिक प्रयास तथा कार्यशाला गोष्ठीहरूबाट प्राप्त सुझावहरूको आधारमा अद्यावधिक गरी प्रकाशन गरिएको छ । त्यसैले प्रस्तुत कार्ययोजनाले विपद व्यबस्थापनका् बिभिन्न चरणमा कार्य गर्ने सरकारी, गैरसरकारी निकायलाई मार्गदर्शक दस्तावेजको रुपमा रहने बिश्वास लिईएको छ ।

जिल्लामा नदीबाट कटान संकटासन्नता हुने क्षेत्रहरु देखाईएको नक्सा



जिल्लामा डुवान पटान संकटासन्नता हुने क्षेत्रहरु देखाईएको नक्सा



# विपद् पूर्वतयारी योजनाको संक्षिप्त जानकारी

## १. पृष्ठ भूमि

विपदको समयमा प्रभावितहरु लाई सहयोगको आवश्यक्ता पर्दछ त्यो आवश्यक्ता कुनै एक निकाय बाट मात्र पुरा गर्न सकिदैन यस सेवालाई अझै चुस्त दुरुस्त रूपमा लक्षित समूहसम्म पुर्‍याउन सरकारी, अर्धसरकारी, गैर सरकारी निकायहरूको आपसि सहयोग हुन जरुरी छ । यस जिम्मेवारीलाई वाडफाड गर्न लिखित दस्तावेजको आवश्यक्ता महसुस भएको हुनाले र सरकारी तथा गैर सरकारी निकायको बिशेष भूमिका बहन गराउने अभिप्रायले विपद पूर्वतयारी योजना प्रकाशन गरिएको हो । मानवीय र प्राकृतिक प्रकोपबाट जोखिममा परेका नेपालका विभिन्न जिल्लाहरूमध्ये कञ्चनपुर जिल्ला पनि एक हो । समय, परिस्थिति र भौगोलिक विविधताको आधारमा यस जिल्लामा बाढी, आगलागी, र महामारी प्रमुख प्रकोप हुन् भने यसका अतिरिक्त सडक दुर्घटना, शीतलहर, लू-लाग्नु, आधीवेरी र जगंली जनावरको आक्रमण सहायक प्रकोप हुन् । भूकम्पको जोखिमलाई भने कहिल्यै पनि नकार्न मिल्दैन ।

आगलागी प्रकोपका मुख्य कारण जनचेतना वा सूचना जानकारीको कमी, लापरवाही, एकआपसमा जोडिएर फुसका घरहरू बनाउनु, खाना पकाउने कोठाको भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउदा मट्टीतेलको प्रयोग गर्नु सलाई लाइटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेका छन् ।

त्यस्तै यस जिल्लाको उत्तर तर्फको भूभाग भावर र चुरे पर्वत श्रृखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । भिरालो भएको तथा चुरे क्षेत्रको जंगल दिनादिन बिनास हुदैं गएका कारणले वर्षातमा खहरे खोलाले एकतिर यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्यानहरू समथर क्षेत्रको भूमिमा नदीनालामा ल्याई थुपारी दिने गर्दछन् जसले गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुदै गएका छन् । यसका अतिरिक्त उत्तर चुरे पहाडबाट दक्षिणतिर वग्ने नदीहरु र कयौं वर्षे खोलाहरूबाट बाढी प्रकोप हुने गरेका गा.वि.स.हरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी आई डुवान र कटानबाट धेरै धनजनको क्षति हुने गरेकोछ । पछिल्लो समयमा आएर कञ्चनपुर जिल्लामा ८ नगरपालिका र ४ गा.वि.स.हरु कायम रहेकाछन् । जिल्लामा बढ्दैगरेको बसाईसराई, जनसंख्या बृद्धि र सवारी साधनको चापले गर्दा सडक दुर्घटना दिनप्रतिदिन बढदै गरेको छ । फलस्वरुप मानिस दुर्घटनामा परि आपाङ्ग हुनुका साथै मृत्यु समेत हुने गरेको पाइन्छ । यस जिल्लामा मौसम अनुसार पनि विपद पर्ने गरेको छ । चिसो मौसममा शीतलहर हुने र यसबाट ठूलो क्षति नभएपनि मानवीय पीडा, कृषि उपजमा कमि र पशु चौपाई मर्ने गरेका छन् भने अत्यधिक गर्मीका कारण लु-लाग्नु, सरुवा रोगहरु फैलिनु र आधीबेरिबाट घरहरूको छाना नष्ट भई समुदायको बासस्थानमा नै असर पर्ने गरेको यथार्थ छ । यस्ता प्रकोपहरूको उचित व्यवस्थापनको अभावमा जिल्ला भित्रका प्रकोप पीडितहरूले वर्षेनी ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ ।

विपद व्यवस्थापनका प्रायः तीन वटा चरण हुन्छन् । पहिलो चरण विपद आउनु अघि गरिने व्यवस्थापन हो भने दोश्रो चरणमा प्रकोपका बखत मानविय क्षति हुनु बाट बचाउने र तेस्रो चरणमा विपद पछिको उद्धार तथा राहत, पुर्नस्थापना र पुननिर्माण कार्य हो । विपद पछि पुर्नस्थापना र पुनर्निमाण गर्न गरिने लगानी र प्रतिफल भन्दा विपद पूर्व गरिने न्यूनीकरण र पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुन्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन् । यद्यपि विपदलाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ तर पनि विपद पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ ।

## २. अध्ययन प्रक्रियाहरू /प्रकाशनका लागि अबलम्बन गरिएका प्रकृयाहरू

विपदको क्षेत्रमा काम गर्ने निकायहरूका लागि तयार भएको मानवीय घोषणा (स्पेयर) पत्रले निर्दिष्ट गरेको मार्ग निर्देशन र न्यूनतम मापदण्ड अनुसारको प्रक्रियालाई समेटी योजना तयार गर्ने गरिएको छ साथै यसमा अरु

समावेश गर्नु पर्ने विषय बस्तुलाई पनि समेट्ने प्रयास भएको छ । खासगरी यो दस्तावेज तयार गर्दा देहायको प्रक्रिया अपनाइएको र बिभिन्न प्रकाशन, सन्दर्भ/सामाग्रीहरुको अध्ययन अबलम्बन गरीएकोछ ।

- बि.सं. २०६६ मा तयार भएको प्रकोप पूर्वतयारी योजनाको बिश्लेषण र क्रमिक अध्यावधिक गरीएका दस्तावेजको अध्ययन
- जिल्ला दैवीप्रकोप उद्धार समितिका सबै बिषयगत सदस्यहरुको बीच छलफल, गोष्ठि
- विपदको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट सूचना संकलन
- जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठकमा पटक-पटक छलफल गरिएकोबिषयबस्तु तथा निर्णयहरु ।
- अन्य जिल्लाहरुले तयार गरेका विपद पूर्वतयारी कार्ययोजनाहरुलाई पनि References का रुपमा लिईएको छ
- जिल्ला परिषदमा पेश भई मिति २०७३ आषाढ ६ गते तदनुसार जून २०, २०१६ मा जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठक बसि यस विपद पूर्वतयारी योजना २०७३।२०७४ लाई अध्यावधिक गरी स्विकृती गरिएको।

## ३. सिकाई/असल अभ्यासहरु

जिल्लास्तरमा यो आठौ पटक विपद पूर्वतयारी कार्ययोजना तयार गरिएकोहो । यस अघिका कार्ययोजनाहरु लाई समेत सिकाइको माध्यम बनाईएको छ भने यस योजनामा समावेश गरीएका विषयबस्तु समय-समयमा परिमार्जन गरीनेछ । यसमा कतिपय त्रुटी र कमी कमजोरी हुन सक्दछन् । कतिपय क्षेत्रका तथ्याङ्कहरू आउदा दिनमा समेत प्राप्त हुन सक्ने भएको र जरुरी तथ्यांकलाई मध्यावधि मूल्यांकनको वेलामा समेत समावेश गरी यो कार्ययोजना दस्तावेजलाई पूर्णता दिने प्रयास गरिएकोछ ।

**तालिका नं.१: सन्दर्भ सामाग्रीहरुको विवरण**

| क्र.स. | अध्ययन प्रकृया/प्रकाशन | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७२-०७३ | जिल्लास्तरको विपद् जोखिम स्तरिकरण, विषयगत अभ्यासहरु |
| ३ | जिल्ला दैवि प्रकोप उद्धार समितिका वार्षिक प्रतिबेदनहरु | जिल्लामा हुने गरेको विपद्का घटनाहरु र समाधानका उपायहरु बारे जानकारी भएको |
| ४ | नेपाल रेडक्रस सोसाइटी तथा अन्य निकायहरुको विपद कृयाकलाप सम्बन्धी प्रतिवेदनहरु | जिल्लामा भए गरेका विपद्मा प्रतिकार्य गर्दाका प्रयास र राहत वितरणको अवस्था |
| ५ | जिल्ला प्रशिसक्षक प्रशिक्षण अबधारणा मार्फत कंचनपुर जिल्लामा परिक्षण गरिएकोसमुदयमा आधारित समावेसि बिपद् पूर्व तयारी मोडल प्रतिवेदन | समुदाय तह देखि जिल्ला तह सम्मका बिपद् संरचनाहरुको प्रभाबकारी समन्वय, यसबाट आएका उपलब्धि र पहिचान गरीएका खाडलहरु |
| ६ | विभिन्न गाविस र न.पा. का स्थानिय विपद जोखिम व्यवस्थापन कार्य योजनाहरु | स्थानीय निकायले गरेको प्रयास र सफलताका कथाहरु एवं गाउस्तर र न.पा.स्तरमा योजना निर्माण गर्ने प्रक्रिया स्थानिय समुदायको प्राथमिकताहरु बारे जानकारी भएको विपद्को स्थिति र स्थानियस्तरबाट गर्न सक्ने सम्भावित उपायहरुको बारेमा जानकारी |
| ७ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ | राष्ट्रिय स्तरमा तयार भएको नीतिबारे जानकारी र जिल्ला स्तरमा समायोजन गर्ने प्रक्रिया बारे स्पष्टता |
| ८ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | ऐनले व्यवस्था गरेको मापदण्ड र सरकारी संरचना बारे बुझाई |
| ९ | स्थानिय स्वायत्त शासन ऐन, २०५५ | विपद् जोखिम न्यूनीकरणमा स्थानीय निकायको भुमिकाबारे स्पष्टता |
| १० | स्फेयर परियोजना | राहत मापदण्ड र न्यूनतम आवश्यक्ता बारे जानकारी भएको |

| क्र.स. | अध्ययन प्रकृया/प्रकाशन | सिकाई/असल अभ्यासहरु |
|---|---|---|
| ११ | सेड्नाई कार्य संरचना सन २०१५ देखि २०३० | विपद लाई प्राथमिकता क्षेत्र अन्तर्गत समावेश गर्न |
| १३ | प्रकोप पीडितलाई राहत प्रदान गर्ने मापडण्द २०४५, तेश्रो संशोधन २०६९ | राहत सम्बन्धी मापदण्ड निर्धारण गरिएको। |
| १४ | राष्टिय विपद् प्रतिकार्य कार्य ढाचा २०७० | तत्कालको प्रतिफल सम्बन्धी |
| १५ | गाविस का स्थानिय स्तरको अनुकुलन योजना तथा स्थानिय विपद् योजना (LAPA/LDRMP) | जिल्लामा देखिरहेका जलवायु उत्पन्न प्रकोप र विपद्को सन्दर्भ आकलन गर्न |

## जिल्ला परिचय

### १. भौगोलिक अवस्थिति

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत महाकाली अञ्चलमा पर्ने कञ्चनपुर जिल्ला नेपालको एकीकरण हुन भन्दा पहिले बाइसे-चौबिसे राज्य रहेका वखत डोटी राज्यको सीमा क्षेत्रमा पर्दथ्यो । त्यतिवेलासम्म यस जिल्लाको नामाकरण भइसकेको थिएन । मल्ली माल र तल्ली मालको नामबाट चिनिने यस जिल्लाको भूभाग पनि कैलाली जिल्लाकै भूभागमा समावेश रहेको थियो ।

सन् १८१४ देखि १८१५ सम्म अंग्रेजसाग भएको युद्धपछि सन् १८१६ मा गरिएकोसुगौली सन्धिबाट काली नदी पश्चिमको सम्पूर्ण भू-भागसागै तराईको कञ्चनपुर पनि इस्ट इण्डियामा गाभिएको थियो । सन् १८६० को प्रत्यावर्तन सन्धि भएपछि कैलाली, कञ्चनपुर, बााके र बर्दियासम्मको तराई भूखण्ड नयाा मुलुकको रुपमा नेपालमा आवद्ध भएको थियो । नेपालमा आवद्ध भइसकेपछि मात्र कैलाली र कञ्चनपुर छुट्टाछुट्टै जिल्ला बन्न पुगेका हुन् । कञ्चनपुर नयाा जिल्लाको रुपमा स्थापित हुादा यसको सदरमुकाम हालको बेलौरी नगरपालिकाको बेलौरी बजारमा रहेको र सोही बेलौरी नजिकको कञ्ज नामक ग्रामबाट कञ्चनपुर जिल्लाको नामाकरण हुन गएको भन्ने तथ्य केही इतिहासका अध्येताहरुको भनाई रहेको पनि पाइन्छ । वि. सं. २०१९ सालपछि कञ्चनपुरको सदरमुकाम महेन्द्रनगरमा सरेको देखिन्छ । कञ्चनपुर जिल्ला सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने तराईका दुई जिल्लाहरु मध्येको पश्चिम मा अवस्थित जिल्ला हो ।

**सिमानाः**

| | |
|---|---|
| पूर्व | : कैलाली जिल्ला |
| पश्चिम | : भारत उत्तराखण्ड |
| उत्तर | : डडेलधुरा जिल्ला |
| दक्षिण | : भारत उत्तर प्रदेश |
| अक्षांश | : २८ं ३५" ( २९ं ८" उत्तर |
| देशान्तर | : ८०.२५" ( ८०ं ३३" पूर्व |

**राजनैतिक विभाजनः**

| | |
|---|---|
| विकास क्षेत्र | : सुदर पश्चिामाञ्चल |
| अञ्चल | : महाकाली |
| सदरमुकाम | : महेन्द्रनगर बजार |
| निर्वाचन क्षेत्र | : ४ |
| नगरपालिका | : ८ |
| गा वि स | : ४ |
| ईलाका | : ११ |

**भू-धरातलः**

अधिकतम उचाईः १,५२८ मिटर (झलारी)
न्युनतम उचाई : १६० मीटर (परासन)
धरातल : चुरे, भावर र तराई मैदान (९०% तराई र १०% चुरे)

**जिल्लाको लम्वाईः**

| | |
|---|---|
| औषत लम्वाई पूर्व-पश्चिम | : ४४ कि.मि. |
| औषत लम्वाई उत्तर-दक्षिण | : ३४ कि.मि. |

**जलवायूः**

| | |
|---|---|
| जलवायु | : उपोष्ण, उष्ण |
| औषत वर्षा वार्षिक | : १७७१ मि.लि. |

**वायुको गतिः**

| | |
|---|---|
| न्यूनतम | : १.५ कि.मि. ⁄ प्रतिसेकेन्ड (मंसिर) |
| अधिकतम् | : ३.४ कि.मि. ⁄ प्रतिसेकेन्ड (चैत्र) |

**तापक्रमः**

| | |
|---|---|
| अधिकतम | : ४३ डिग्री सेल्सियस |
| न्युनतम | : ६.९ डिग्री सेल्सियस |
| औसत | : ३०.५ डिग्री सेल्सियस |

## २ जिल्लाको निर्वाचन क्षेत्र विभाजन

| निर्वाचन क्षेत्र | गाविस/नपा |
|---|---|
| १ | पुर्नवास न.पा. वार्ड १ देखी १० सम्म, वेलौरी न.पा., र वेल्डाडी नगरपालिका |
| २ | पुर्नवास न.पा. वार्ड ११ देखी १५, कृष्णपुर नगरपालिका, झलारीपिपलाडी न.पा. वार्ड नं. ६ देखि ११ र देखतभुली, शंकरपुर, रैकबारबिचवा, बाईसेबिचवा गा.वि.स. हरु |
| ३ | भिनपा वडा १,२, ३, १८, १९, वेदकोट नगरपालिका र झलारीपिलाडी न.पा. वार्ड नं. १ देखि ५ |
| ४ | भिनपा वडा नं. ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७ र दोधाराचाादनी न.पा. |

## ३ भू-उपयोग तथा कृषि उत्पादनः

| | | |
|---|---|---|
| कुल क्षेत्रफल | : १,६१,७४१ हेक्टर | |
| कृषि जग्गा | : ४१६९०.३ (९४%) | |
| खेती योग्य भुमि | : ४१४६५.३ हे. (९४.४९%) | |
| महाकाली नदीको पानीवाट सिंचित | : ११,६०० हेक्टर/अन्यखोला समेत गरी १३,०६५ हे. | |
| जग्गाको औसत स्वामित्व | : ०.९३ हे. | |
| वन जंगल खोलानाला | : ८८,२०० हेक्टर | (४९.८१%) |
| वंजर मैदान | : ०.८ वर्ग कि.मि. | (०.०६%) |
| झाडी | : ३०.३२ वर्ग कि.मि. | (१.८७%) |
| क्लिफ (भिर) | : ०.८ वर्ग कि.मि. | (०.०६%) |
| घासे मैदान | : ६८.४२ वर्ग कि.मि. | (४.२३%) |
| नर्सरी | : ०.९९ वर्ग कि.मि. | (०.०६%) |
| बगैचा | : १८.२३ वर्ग कि.मि. | (१.१३%) |
| ताल | : ०.७९ वर्ग कि.मि. | (०.०५%) |
| नदी क्षेत्र | : १८.४९ वर्ग कि.मि. | (०.७१%) |
| बलौटे क्षेत्र | : ८०.८५ वर्ग कि.मि. | (४.९७%) |
| सिमसार क्षेत्र | : १.३४ वर्ग कि.मि. | (०.०८%) |

## ४ जनसंख्या (२०६८ सालको जनसंख्या):

| | | |
|---|---|---|
| कुल जनसंख्या | : ४,५१,२४८ | |
| महिला | : २,३५,२०६ | (५२.१२%) |
| पूरुष | : २,१६,०४२ | (४७.८८%) |
| ५ वर्ष मूनी | : ४३,९६५ | |
| ७५ वर्ष भन्दा माथि | : ३,०२४ | |
| औषत परिवार संख्या | : ५.४९ | |
| जम्मा धरधुरी संख्या | : ८२,१५२ | |
| जनघनत्व | : २८० प्रति वर्ग कि.मी. | |
| बार्षिक जनसंख्या बृद्धिदर | : ३.८२ % | |
| शहरी जनसंख्या | : २१.३९% | |
| विदेशमा गएको संख्या | : ०.४३% (जस मध्ये ९०% भारतमा) | |
| अपाङ्गताको आधारमा जनसंख्या | : शारिरिक अपाङ्गता ३४३८ (म.१४९९, पू.१९३९)<br>दृष्टिविहीनः १८९० जना (म. ९८६, पू.९०४) | |

बहिराः १२८५ (म. ६१५, पु. ६७०)
दृष्टिविहिन बहिराः १८१ (म.९८, पु. ९३)
बोल्न नसक्नेः ९५० (म. ४३५, पु. ५१५)
मानसिक अपाङ्गताः ५०६ (म. २३६, पु. २७०)
बौद्धिक अपाङ्गताः १५२ (म. ६५, पु. ८७०
बहुअपाङ्गताः ६७० (म. ३०८, पु. ३६२)

**५ धर्म, जात जाती :**

| | |
|---|---|
| हिन्दु धर्म | : ९५% |
| वौद्ध | : १.१४% |
| क्रिश्चियन | : २.६५% |
| ईस्लाम | : ०.१०% |
| किरात | : ०.००५ |
| अन्य धर्म | : ०.९१% |
| नखुलेका | : ०.१९५ |

**जात जातीः**

| | |
|---|---|
| क्षेत्री | २८.९% |
| थारु | २५.७% |
| ब्राहमण | १६.०% |
| कामी | ७.०% |
| ठकुरी | ५.६% |
| मगर | २.८% |
| दमाई | २.३% |
| अन्य | ११% |

**भाषाभाषीः**

| | |
|---|---|
| डोटेली भाषा | : ३९.७% |
| थारु भाषा | : २५.४% |
| नेपाली | : १६.१% |
| वैतडेली भाषा | : ५.२% |
| वझाङ्गी | : ४.०% |
| अछामी | : २.३% |
| वाजुरेली | : १.५६% |
| तामाङ्ग | : १.३९% |
| दार्चुलेली | : १.०५% |
| अन्य भाषा | : ३.३% |

**६ बसाई सराईः**

| समय | अवस्था (स्थान, कारण .. आदि) |
|---|---|
| वि.सं. २०१९ | कञ्चनपुर जिल्लाको बसाइ-सराई |
| सदरमुकाम सरेको | वि. सं. २०१९ पछि जिल्ला सदरमुकाम बेलौरी बजारबाट महेन्द्रनगर वजार |
| वि.सं. २०१८ सालमा जनगणना | अनुमानित कुल जनसंख्या ३७,७३० रहेको |
| वि.सं. २०२८ सालमा | कुल ६८,८६३ (बार्षिक ६.०२ प्रतिशतले बृद्धि) |
| वि.सं. २०२२ सालमा | मलेरिया उन्मूलनको व्यापक अभियान थालिएपछि भारत लगायत बर्मा प्रवासबाट समेत नेपालमा फर्किएका |
| वि.सं. २०२६ सालमा | जिल्लाको दक्षिण-पूर्वी भाग पुनर्वास क्षेत्रमा १०,००० बिघा सालको जङ्गल फडान गरी झापा, भोजपुर, धादिङ्ग, चितवन र नवलपरासी लगायत देशका विभिन्न भागबाट आएका, बाढी पहिरोबाट पीडित एवं अन्य विभिन्न कारणबाट सुकुम्वासी बन्न पुगेका हजारौं परिवारहरुलाई सरकारले कञ्चनपुरमा बसाइ-सराई गराएको । |

| समय | अवस्था (स्थान, कारण .. आदि) |
|---|---|
| | यसै गरी भारतको सिमा नजिक यस जिल्लाको मध्यदक्षिणी भागमा जङ्गल कटाई ५४० बिघामा १३५ परिबार भूतपूर्व सैनिकहरुलाई बसोबास गराईएको |
| वि.सं. २०२८ सालमा | वेलडाडी, रामपुर विलासिपुर क्षेत्रको ४,००० हेक्टर वन संरक्षण गरी आरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाहरुलाई महाकाली देखि पश्चिम दोधारा र चादनी क्षेत्रमा सिसौ र जामुनका जंगल कटानी गरी बसोबास गराईएको । |
| वि.सं. २०५८ पछि | मुक्तकमैयाहरुको लागि समेत ६८६ बिगाहा वन-बुट्यान क्षेत्र वितरण गरी बसोबास व्यवस्थापन गरेको पाइन्छ |
| | यसका साथै सरकारको तर्फबाट नै क्षेत्रीय बसोबास समिति, पुनर्बास कम्पनी, बनक्षेत्र सुदृढीकरण आयोग, ग्रामीण आवास कम्पनी र सुकुम्बासी आयोग जस्ता आयोगहरु बनाएर एवं शुक्लाफाटा आरक्ष क्षेत्र विस्तार गर्न जग्गाको मुआब्जा दिने क्रममा समेत जिल्लाको हजारौं हेक्टर जग्गा सरकारी निर्णयबाटै फंडानी गरी वितरण गरिएको। |
| | बसाइ-सराईको हिसावले कञ्चनपुर जिल्ला देशमै चौथो स्थानमा |
| बि.सं. २०६८ जनगणना | कंचनपुर जिल्लाको कूल जनसंख्या ४५१,२४८ (पुरुष २१६,०४२ र महिला २३५,२०६) रहेकोछ । |

## ७ शिक्षा, सञ्चार :

### ७.१ शिक्षाः

प्रा.वि. संख्या (सा.९६,नि.१०९) : २०५ वटा
नि.मा. संख्या (सा.६१,नि.५८) : ११९ वटा
मा. वि.संख्या (सा.५४,नि.५१) : १०५ वटा
उ.मा.वि.संख्या(सा.५०,नि.२२) : ७२ वटा
क्याम्पस (स्नातक तह)(सा.१२,नि.४) : १६ वटा
क्याम्पस (स्नातकोत्तर तह) : ३ वटा
विश्व विद्यालय : १ वटा
प्राविधिक तथा तलिम केन्द्र : ५ वटा
स्रोत केन्द्र : ७ वटा
साक्षरता : ७०.६७%
महिला सा. प्रतिशत : ६१.०२%
पुरुष सा. प्रतिशत : ८१.३५%

### ७.२ सञ्चार :

| स्थान | Land Line | CDMA Prepaid | CDMA Post paid | C-Phone | ADSL | Y-Max | GSM Pre paid | GSM Postpaid |
|---|---|---|---|---|---|---|---|---|
| महेन्द्रनगर | ५२४३ | २३३३७ | ८३९ | ३८८१ | १७९२ | ७४ | ११५८६९ | १०१२ |
| बेलौरी | ३८३ | ३६३८ | ० | ० | १०३ | ० | १२९८७ | ० |
| झलारी | २०४ | ० | ० | ० | ६८ | ० | ० | ० |
| ब्रह्मदेब | ५८ | ० | ० | ० | २ | ० | ० | ० |
| त्रिभुवनबस्ती | २६९ | ० | ० | ० | ७६ | ० | ० | ० |
| चादनी | ७६ | ० | ० | ० | १५ | ० | ० | ० |
| गड्डाचौकी | १२९ | ० | ० | ० | १८ | ० | ० | ० |
| दैजी | ५६ | ० | ० | ० | ४ | ० | ० | ० |
| लालपुर | १०८ | ० | ० | ० | ० | ० | ० | ० |
| ऐरी | २६७ | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **६७९३** | **२६९७५** | **८३९** | **३८८१** | **२०७८** | **७४** | **१२८८५६** | **१०१२** |

## ८ आर्थिक अवस्थाः

कृषि पेशा : ६८.८०

गैह्र कृषि पेशा : ३१.२०

## ९ वन-वातावरणः

जिल्लाको कुल क्षेत्रफल : १,६१,७४१ हे.(१००%:चुरे १३:४%,भावर८६.६%)
कुल वनको क्षेत्रफल : ८८२०० हेक्टर (५४.५३%)
आवादी तथा खेतीयोग्य : ५९५३२ हे.(३६.८१%)
अन्य (नदी वगर चट्टान) : १४००९ (८.६६%)
वन का.हेर्ने वनको क्षेत्रफल : ५७,७०० (६५.४२.४२%)
आरक्षवाट हेर्नु पर्ने क्षेत्रफल : ३०५०० हेक्टर (३४.५८%)
राष्ट्रिय वनको क्षेत्रफल : १२८९७.७५
सामुदायिक वनको सख्या : १०२ वटा (३००२० घरधुरी)
सामुदायिक वनको क्षेत्रफल : १५५०३ हेक्टर
सा.व. भित्र कवुलीयत वन : २५ (२५६ घरधुरी)
धार्मिक वन : ५

## १० स्वास्थ्य :

अञ्चल अस्पताल १०० शैया : १ (९० वटा चालु)
जन स्वास्थ्य कार्यालय : १
प्राथमिक स्वास्थ्य केन्द्र : ३
स्वास्थ्य चौकी : १८
आयूर्वेद अस्पताल : १
आाखा उपचार केन्द्र : १
नगर स्वास्थ्य केन्द्र : १०
ग्रामिण स्वास्थ्य इकाई : ४
प्राईभेट अस्पताल : १
क्लिनिक : २

### एच. आई. भी./एड्सको अवस्थाः

HIV/AIDS पोजिटिभ :४५६ (म.२१४, पू.२४१, तेश्रो लिङ्गि १)
कूल एड्स भएको संख्या :४७ (म.२०, पु.२७)
HIV/AIDS पोजिटिभ बाट हालसम्म मृत्यु संख्या : १३१ (म .४६, पु. ८५)

## ११ प्राकृतिक श्रोत :

| | |
|---|---|
| नदी | जोगवुडा, महाकाली, चौधर, राधा, स्याली, सुनवरा, वनरा, दोदा, मछेली र मोहना, , वण्ड, वछेला, गौडी, सुतिया, |
| खोला | कामीकाटे, खन्नीया खोला, कनकट्टी, रौटेला, मुसेपानी, भासी, सुक्कानाला, गन्धानाला, झौले खोला, गोवरिया, तिलाते, भुजेला, वगुन, काली, वछेला, वनगाउ, मछेली, झरना, वालुवा, त्रिशुली, टोटीनाला, साजगाड, दैजीखोला, आदालगाड, धारापानी, जडेपानी, गताडी, मलेरीया, पथरिया |

| | |
|---|---|
| ताल तलैया | सिद्ध सरोवर, झिलमिला, बेदकोट ताल, बन्दाताल, सुन्देउ ताल, रानीताल, सोलुगौडी ताल, कालीकींच ताल, लामाताल, बन्तरिया ताल, सोभाताल, ताराताल, कोटीहोम ताल, प्याराताल, गढविजला ताल, पुरैनाताल, पुरैनी ताल |

## १२ खानेपानी तथा सरसफाई

खानेपानी पुगेको घरधुरी (६५४९८) : ७९.७२%
शौचालय भएका घरधुरी(७६४०२ ) : ९३.००%
शौचालय नभएका घरधुरी : ७.००%
सरसफाई पुगेको घरधुरी : ९३.००%

सरसफाईको क्षेत्रमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय र जिल्ला विकास समिति कञ्चनपुरको अगुवाईमा सन् २०१५ सम्म कञ्चनपुर जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणाको लागि ४ वर्षे रणनैतिक कार्ययोजना कञ्चनपुर Four year (20012-2015) Strategic Action Plan On Open Defecate Free (ODF), Kanchanpur, **"खुल्ला दिसा मुक्त जिल्ला, कञ्चनपुरको प्रतिष्ठा र पहिचान सन् २०१५ सम्ममा पूरा गर्ने हाम्रो संकल्प र अभियान"** नाराका साथ **५** औं जिल्ला परिषद् २०६८/११/१२ मा पारित भएको थियो । हाल २०७३ जेष्ठ मसान्त सम्म जिल्लाका दोधारा चादनी नगरपालिका, बेलडाडी नगरपालिका, साविक सुडा गा.वि.स. हाल बेदकोट नगरपालिका, साविक लक्ष्मीपुर गा.वि.स. हाल बेलौरी नगरपालिका, भि.न.पा. वार्ड नं. १७ तथा रैकवार बिचवा, बाईसेबिचवा, शंकरपुर र देखतभूली गरी ४ वटा गाविस खुल्ला दिसामुक्त क्षेत्र घोषणा भैसकेका छन् भने अन्य गा.वि.स. तथा नगरपालिकाहरु पनि खुल्ला दिसामुक्त क्षेत्र उन्मुखमा रहेका र २०७३ आषाढ मसान्त सम्म खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरीने संशोधित लक्ष्य रहेकोछ ।

## १३ धार्मिक स्थल:

### १३.१ मन्दिर धाम

सिद्धबाबा धाम, भि.न.पा. ४, साकेतधाम भि.न.पा. १, शिबधाम भि.न.पा. ४, बैजनाथ मन्दिर भि.न.पा. ४, निङ्गलाशैनी भगवती मन्दिर भि.न.पा. १८, सिद्धनाथ मन्दिर भि.न.पा. १८, सिद्धनाथ मन्दिर भि.न.पा. ९, त्रिपुरासुन्दरी मन्दिर भि.न.पा. ६, बिष्णुधाम भि.न.पा. ३, बैजनाथ मन्दिर रौटेला भि.न.पा. १, बनदेबी मन्दिर बेलधारी भि.न.पा. ४, कालिका मन्दिर भि.न.पा. १८, राम मन्दिर भि.न.पा. १८, भक्केनी धाम भि.न.पा. ९, शिब मन्दिर भि.न.पा. १, त्रिपुरासुन्दरी मन्दिर सुडा, भम्केश्वर मन्दिर सुडा, राधाकृष्ण मन्दिर सुडा, घटालथान दैजी, त्रिपुरासुन्दरी मन्दिर दैजी, बैजनाथ मन्दिर दैजी, बनदेबी मन्दिर कृष्णपुर, बाबाथान मन्दिर दोधारा, कोटीहोम पुनर्वास बैजनाथ धाम, सिद्धनाथ धाम, रौटेला, विष्णु मन्दिर

### १३.२ गुम्बाहरु

कंचन व्यौम कुचुमा स्वर्णदिप गुम्बा भि.न.पा., बौद्ध थार्पालिङ्ग थेक्पा सेम्वो गुम्बा वाईसेबिचवा, कंचन छोईलिङ्ग गुम्बा आई.वि.आर.डि. पुनर्वास न.पा., मन्जुश्री गुम्बा पुनर्वास न.पा., थार्चिन गुम्बा पुनर्वास न.पा., बौद्ध विहार संरक्षण केन्द्र दोधारा चादनी न.पा.

### १३.३ चर्चहरु

कंचन चर्च भि.न.पा. १८, बेसरवा भि.न.पा. १८, कनान चर्च भि.न.पा. ६, होप एण्ड ग्रेस चर्च भि.न.पा. १८, हेव्रोन चर्च भि.न.पा. १६, जयमासी चर्च भि.न.पा. निम्बुखेडा, एफजिट चर्च भि.न.पा. १८, सालुम चर्च भि.न.पा. २, गोबरिया भि.न.पा. कालिका टोल, ज्योती मण्डली धरमपुर दैजी, वलिदान चर्च बेलौरी न.पा., जैतुन चर्च पुनर्वास न.पा., सिमोन चर्च पुनर्वास न.पा., विजयगालीन चर्च पुनर्वास, एलवेथेल चर्च पुनर्वास, विलिभर चर्च दोधारा चादनी (जिल्लाका बिभिन्न स्थानहरुमा नाम नखुलेका अन्य ४१)

### १३.४ मस्जिद

भि.न.पा. ४

## १४ ऐतिहासिक पर्यटकीय स्थल :

झिलमीला ताल भि.न.पा. ९, रानी ताल, सोलगौडी ताल, जुद्ध शमशेरको शालीक। कालीकिच ताल, पार्क भि.न.पा. १८, वेदकोट ताल दैजी, गडविजला ताल कृष्णपुर, तारा ताल पिपलाडी, राना थारु ग्राम शंकरपुर, शोभा ताल बेलौरी न.पा., लामा ताल बेलौरी न.पा., बन्दा ताल बेलौरी न.पा., प्यारा ताल, पुनर्वास न.पा., काकडी ताल पुनर्वास न.पा., शुक्लाफाटा आरक्ष, मल्टीस्पान झोलुङ्गेपुल दोधारा-चाादनी

## ४.१३ बजार उन्मूख क्षेत्रः

ब्रह्मदेव र गड्डाचौकी बजार, दैजी, बाबाथान, चाँदनी हाटबजार, झलारी-कलुवापुर बजार, श्रीपुर-बेलौरी बजार, बेल्डााडी-चवन्नी बजार, आइ.बि.आर.डी. कालिका बजार र त्रिभुवनबस्ती टाउन, कलकत्ता बजार आदि ।

## ४.१४ गैरसरकारी संस्था

जिल्लामा विभिन्न उद्देश्य लिएर राष्ट्रिय र अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु कार्य गरीरहेका छन् । जिल्लामा कुल दर्ता भएका गैरसरकारी संस्था ६५० भएता पनि सक्रिय तथा वढी क्रियाशिलता गैर सरकारी संस्था ४० देखि ४५ सम्म मात्र रहेका छन् ।

## ४.१५ पत्रपत्रिका/रेडियोः

राजधानीबाट आईपुग्ने पत्रपत्रिकाः

कान्तिपुर, नागरीक दैनिक, हिमालय टाईम्स, काठमाण्डौ पोष्ट, गोरखापत्र लगायतका अन्य पत्रपत्रिकाहरु

**जिल्लाबाट प्रकाशन हुने पत्रपत्रिका**

**दैनिक** : अभियान, फारवेष्ट, अपिटुडे, पश्चिम नेपाल, बिकल्प, नयाँ जनक्रान्ती, एन्जिल टाईम्स्, शुक्लाफाँटा, जनसरोकार पोष्ट

**साप्ताहिक** : सार्थक, शिखर, नयाँ अभिमत, भिमनगर, पश्चिम सन्देश

**एफ.एम.** : शुक्लाफाटा एफएम ९९.४, बाह्रसिंघा एफएम १०२.२, महाकाली एफएम ९६.२, नागरीक एफ.एम.१०४, रेडियो पश्चिम नेपाल ९१, रेडियो कंचनपुर ९०.२, राष्ट्रिय एफ.एम.८९.८, रेडियो पहिचान १०५.३, प्रभु एफएम १०२.६ झलारी, रेडियो सुदुर संचार बेलौरी १०६.५ र रेडियो बेलौरी एफएम १०५

# परिच्छेद १
# प्रतिकार्य योजनाको उद्देश्य, नतिजा

## १. पृष्ठभूमि (Background):

कुनै पनि स्थान वा समूदायमा भएका बिकास, उन्नति तथा त्यहाँ भएका संकटहरु र तिनले निम्त्याउने विपद्मा प्रत्यक्ष रूपले सम्बन्ध राख्छन् । हाम्रो देशमा करीव ६००० नदी नालाहरु छन् । प्रत्येक बर्ष हिमालय र चुरे क्षेत्र भएर वग्ने नदीहरुले व्यापक भू-क्षयका माध्यमले माटो र वालुवा ल्याई नदीको वहा क्षेत्रको सतह उच्च हुन गई नदीका धारहरु परिवर्तन भै रहेका छन् । वाढी पहिरोको जोखिमका हिसावले नेपाल विश्वमा **३०औं** स्थानमा, भुकम्पको जोखिमका हिसावले **११ औं** स्थानमा र जलवायु परिवर्तनको असरको हिसावले **छैटौं** स्थानमा पर्दछ । समय समयमा हुने विपद्ले मानिसको जनजीवन अस्तव्यस्त पार्नुका साथै निर्माण गरिएकोभौतिक पूर्वाधारहरु पनि नष्ट गर्दछ । धेरै समय देखि निर्माण गरिएकोभौतिक संरचना होस् वा आयआर्जन गरेको धन सम्पति एकै पटकको प्रकोपले सबै नष्ट गर्न सक्छ । त्यसैले प्रकोपको क्षतिलाई न्यूनीकरण गर्न साधारणतया उद्धार र राहतका कार्यक्रमलाई मात्र नहेरी विपद् पूर्वतयारी र विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यको आवश्यता रहिरहन्छ ।

सुदर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने कञ्चनपुर जिल्लासमुद्र सतहदेखि १६० मिटर देखि १५२८ मिटर सम्मको उचाईमा रहेको छ । यस जिल्लामा ४ निर्वाचन क्षेत्र रहेका छन् भने ४ वटा गा.वि.स. र ८ नगरपालिका रहेको छ । यस जिल्लामा तराइका आदिवासी भनेर चिनिने राना थारु र डगौरा थारु समुदायका साथै सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका पहाडी जिल्लाहरु बैतडी, डडेल्धुरा, दार्चुला, बझाङ्ग, डोटी, अछाम आदि यो जिल्लामा बसाइ सराई गरी आएका र पुनर्वास कम्पनीले बसोवास गराउँदा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका सुर्खेत, दैलेख जिल्ला र पश्चिमाञ्चल विकास क्षेत्रका गोर्खा, लम्जुङ्ग, धाधिङ्ग र बर्माबाट बसाइ सराई गरी आएका मानिसहरु बासोबास गर्दछन् ।

समय, परिस्थिति र भौगोलिक विविधताको आधारमा यस जिल्लामा हुरी बतास, आगलागी, वाढी र महामारी प्रमुख प्रकोप हुन् भने यसका अतिरिक्त सडक दुर्घटना, शीतलहर, लू-लाग्नु, आँधीवेरी र जङ्गली जनावरको आक्रमण आदि जस्ता प्रकोपहरु बारम्बार दोहोरिने र ठूलो प्रभाव पार्ने प्रकोपका रुपमा रहेका छन् ।

विपद् व्यवस्थापनका तिन चरणहरु **विपद् पूर्व तयारी, विपद्का समयमा खोज उद्धार व्यवस्थापन र विपद् पछि राहत र पूर्नस्थापना** मध्ये विपद् पूर्व गरीने न्यूनीकरण र पूर्वतयारी कार्य ६ गुणा सस्तो र प्रभावकारी हुने हुन्छ त्यसकारण दिगो विकासको प्रयासलाई सघाउन र विपद्को प्रभाव घटाएर सुरक्षित समाजको विकासको लागि विपद्को जोखिममा रहेका समुदायको विपद् सामना क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ । नेपाल सरकारले २०६६ असोजमा स्वीकृत गरेको 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति' र 'ह्योगो कार्यसंरचना २००५-२०१५' ले मार्गदर्शन गरेअनुरुप स्थानीय स्वायत्त शासन ऐनलाई समेत आधार मानेर विपद् व्यवस्थापनका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने यो एक प्रयास हो । विपद् व्यवस्थापनको यही प्रयासस्वरुप जिल्लामा विपद् पूर्वतायरी तथा प्रतिकार्य योजना अध्यावधिक हुदै आईरहेको छ । यस योजना भित्र मूलभूत रूपमा क्षेत्रगत अवधारणा (Cluster Approach) लाई आत्मसात गरिएको छ ।

यसर्थ प्रकोपको कारणले प्रत्येक वर्षमा हुने व्यापक जनधनको क्षति र विस्थापित र प्रभावितहरूको लागि एउटा सहभागितामूलक योजना बनाएमा मात्र उनीहरूले न्यायपूर्ण राहत पाउन सक्ने र बाढी लगायतका अन्य प्रकोपवाट हुने क्षतिलाई न्यूनीकरण गर्न जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना सरोकारवाला सवैको सहभागीतामा जिल्ला दैवीप्रकोप उद्धार समिति कंचनपुरले तयार गरी लागु गरिएकोछ ।

## १.१ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्यः

- विपद पूर्व, विपद परिरहेको समयमा र विपद पछि गर्नु पर्ने कार्यहरुको पूर्वतयारी गर्नु ।
- विपद प्रभावितहरू लाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउन सरल पार्नु ।
- कार्ययोजनामा जिम्मेवारी बोकेका विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा गर्नु ।
- विभिन्न निकाय तथा संघसस्थाहरू बीच समन्वय गरी कार्यक्रमलाई एकीकृत रूपमा अगाडि लैजानु ।
- कार्य योजना प्रकाशन गरी सम्बन्धित निकायहरूलाई वितरण गर्नु ।

**क) समष्टिगत उद्देश्य** :

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको **समष्टिगत** उद्देश्य निम्न रहेका छन् :

⇒ मानवीय प्रतिकार्यका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा प्रतिकार्य योजनाको तर्जूमागर्नु ।

⇒ मानवीय असरहरूलाई कम गर्नका लागि प्रकोपबाट प्रभावित मानिसहरूका आवश्यक्ताहरू परिपूर्ति गर्नका निमित्त समयमा नै एकैनासको तथा समन्वयात्मक प्रतिकार्य उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु ।

**ख) सहायक उद्देश्य** :

जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको सहायक उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

➢ विगतका वर्षका विपद्बाट भएको क्षति र मानविय सहयोगको अनुभव लेखाजोखा गरी सिकाईको आदान प्रदान गर्ने ।

➢ प्रकोपबाट उत्पन्न विपद् व्यवस्थापनको लागि उपलब्ध स्रोत, साधन, शीप र ज्ञानको अधिकतम उपयोग गर्ने।

➢ विपद्बाट प्रभावित मानिसहरुको आवश्यक्ता पहिचान गरेर मानवीय असरलाई न्यूनीकरण गर्ने ।

➢ जोखिममा रहेका समुदायको सुरक्षित भविष्यको प्रत्याभूतिको लागी विपद्को सामना गर्न जिल्लाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने ।

## १.२ **विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजाः**

➢ विपद् पूर्व, विपद्का समयमा र विपद् पछि गर्नुपर्ने कार्यहरुको पूर्वतयारी भएको हुनेछ ।

➢ विपद् प्रभावितहरूलाई तत्काल उद्धार तथा राहत सेवा पुऱ्याउने कार्यमा सहजता आएको हुनेछ ।

➢ कार्ययोजनामा जिम्मेवारी वहन गरेको विभिन्न सघंसस्थाहरूको कार्य प्रगतिको समीक्षा भएको हुनेछ ।

➢ सरोकारवाला विच समन्वय भई मानविय सहयोग कार्य एकीकृत रूपमा अगाडि वढेको हुनेछ ।

➢ मानवीय सहयोगका लागि पहिले नै उपयुक्त तथा पर्याप्त पूर्वतयारी तथा सहयोग योजनाको तर्जूमा भएको हुनेछ ।

➢ मानविय असर लाई कम गर्नका लागि प्रकोप बाट प्रभावित मानिसहरूका आवश्यक्ताहरू पूर्ति गर्नका निमित्त समयमा नै एकनासको तथा समन्वयात्मक सहयोग उपलब्ध भएको हुनेछ ।

➢ जिल्ला विपद व्यवस्थापन समिति मार्फत नेपाल सरकारले प्रकोप प्रभावित परिवारलाई उपलव्ध गराउनु पर्ने सहयोग उपलब्ध गराएको हुनेछ ।

➢ कुनै पनि मानवीय सहयोग मानवीय सिद्धान्त अर्थात् मानवता, निष्पक्षता तथा तटस्थताबमोजिम उपलब्ध भएको हुनेछ ।

➢ आपत्कालीन सहयोग तथा विपद्को रोकथाम, न्यूनीकरण, पूर्व-तयारी, सहयोग तथा पुनर्लाभ (Recovery) का लागी सबै गतिविधिहरूको समन्वय गर्ने अन्तिम निकायकारूपमा नेपाल सरकार जिम्मेवार रहेको हुनेछ

➢ जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति र जिल्लामा मानवीय सहयोगका क्षेत्रमा क्रियाशील अन्य निकायहरूको सहभागिताको माध्यमबाट आपत्कालीन प्रतिकार्य योजना अनुरुप कार्य भएको हुनेछ ।

### १.२. सामान्य पूर्वतयारी योजनाः

जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला दैवी प्रकोप उद्धार समिति क्रियाशिल रहेको छ । यो समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरु दैवी प्रकोप उद्धार ऐन, २०३९ बमोजिम हुनेछ । जिल्ला विकास समितिले यस समितिको सचिवालयको रुपमा काम गर्छ भने अन्य बिषयगत सरकारी कार्यालयहरु, सुरक्षा निकायहरु, एवं नेपाल रेडक्रस सोसाईटी आदि गरी दैवी प्रकोप उद्धार ऐन, २०३९ बमोजिमका सदस्यहरु रहेका छन् भने यस जिल्लामा विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र गैरसरकारी संस्थाहरु कार्यरत छन् जस मध्ये यस प्रतिकार्य योजना तर्जुमाको क्रममा सम्पर्क हुनसकेका मानवीय सहायतामा संलग्न साझेदारहरुको विवरण तल उल्लेख गरीएकोछ । यस जिल्लामा रहेका सम्पूर्ण संघ संस्थालाई समेट्ने क्रममा तिनीहरुलाई विषयगतक्षेत्रको अगुवा तथा सहयोगी संस्थाको शीर्षकभित्र पनि समेटिएको छ ।

**क) मानवीय सहायतामा संलग्न साझेदार निकायको सूचिः**

| सि.नं | निकाय/संस्थाको नाम | सि.नं | निकाय/संस्थाको नाम |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय कञ्चनपुर | ४२ | सि. एम. ए. संघ |
| २. | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र | ४३ | महाकाली सेती वस व्यवसायी समिति |
| ३. | जिल्ला विकास समिति कञ्चनपुर | ४४ | पवनदुत वस व्यवसायी समिति |
| ४. | भीमदत्त नगरपालिका कञ्चनपुर | ४५ | होटेल व्यवसायी संघ |
| ५. | नेपाल प्रहरी | ४६ | कंचनपुर निर्माण व्यवसायी संघ |
| ६. | नेपाली सेना | ४७ | नेपाल परिवार नियोजन संघ |
| ७. | शसस्त्र प्रहरी बल | ४८ | DRR मा कार्यरत स्थानिय गैसस |
| ८. | गा.वि.स./न.पा.हरु | ४९ | नेपाल रेडक्रस सोसाइटी NRCS |
| ९. | राजनैतिक दलहरु | ५० | NEEDS Nepal |
| १०. | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | ५१ | NNSWA |
| ११. | जनताको तटबन्ध कार्यालय | ५२ | स्वीट नेपाल |
| १२. | जिल्ला जनस्वास्थ्य कार्यालय | ५३ | OCCED |
| १३. | जिल्ला शिक्षा कार्यालय | ५४ | NEWS |
| १४. | खानेपानी तथा.सरसफाई डि.कार्यालय | ५५ | आदर्श नेपाल कञ्चनपुर |
| १५. | महिला तथा बालबालिका कार्यालय | ५६ | सामाजिक समानता अभियान |
| १६. | महाकाली अञ्चल अस्पताल कञ्चनपुर | ५७ | रुडुक कंचनपुर |
| १७. | सडक डिभिजन कार्यालय | ५८ | ह्युपेक कंचनपुर |
| १८. | जिल्ला प्राबिधिक कार्यालय | ५९ | CIWIN |
| १९. | जिल्ला बाल कल्याण समिति | | **INGOs** |
| २०. | जिल्ला वन कार्यालय कञ्चनपुर | ५९ | OXFAM |
| २१. | जिल्ला कृषि बिकास कार्यालय | ६० | LWF Nepal |
| २२. | जिल्ला पशु सेवा कार्यालय | ६१ | CARE Nepal |
| २३. | नेपाल विद्युत प्राधिकरण | ६२ | Mercy Corps |
| २४. | महाकाली सिचाई डिभिजन कार्यालय | ६३ | Save the Children |
| २५. | जल तथा मौसम बिज्ञान बिभाग, फिल्ड कार्यालय, अत्तरिया | ६४ | Handicap International |
| २६. | नेपाल टेलिकम कञ्चनपुर | ६५ | CARITAS –Nepal |
| २७. | जिल्ला भूसंरक्षण कार्यालय | ६६ | DANCHURCHAID |
| २८. | महाकाली सिचाई आयोजना कार्यालय | ६७ | Hellen Keller |
| २९. | डिभिजन सहकारी कार्यालय | ६९ | UN |

| सि.नं | निकाय/संस्थाको नाम | सि.नं | निकाय/संस्थाको नाम |
|---|---|---|---|
| ३०. | खानेपानी संस्थान | ७० | USAID |
| ३१. | नेपाल खाद्य संस्थान | ७१ | IDE Nepal |
| ३२. | जिल्ला खेलकुद विकास समिति | ७२ | UN HIBITAT |
| | **संघ महासंघ तथा संजालहरुः** | ७३ | UNICEF |
| ३३. | कञ्चनपुर उद्योग बाणिज्य संघ | ७४ | HELVATAS |
| ३४. | जिल्ला अपांग महासंघ | ७५ | PACT Nepal |
| ३५. | सामुदायिक विपद् व्यवस्थापन जिल्ला संजाल | ७६ | Plan Nepal |
| ३६. | नेपाल पत्रकार महासंघ | ७७ | World Food Program |
| ३७. | गैरसरकारी संस्था महासंघ नेपाल | | **जिल्ला न.पा. तथा समुदाय स्तरिय समिति** |
| ३८. | नागरीक समाज, कंचनपुर | ७८ | गाविसमा वस्ती स्तरिय CDMC, LDMC |
| ३९. | सामुदायीक वन उपभोक्ता महासंघ | ७९ | न.पा. वडा स्तरिय WDMC |
| ४०. | सामुदायिक विपद् व्यवस्थापन जिल्ला संजाल | ८० | आमा समुहहरु |
| ४१. | औषधी व्यवसायी संघ | ८१ | सहकारि र बचत संस्थाहरु |
| | | ८२ | जिल्ला विपद प्रतिकार्य समुह (DDRT) |

**ख) मानवीय सहायतामा संलग्न साझेदार निकायको सम्पर्क विवरणः**

| क. स. | संस्था वा कार्यालय | प्रमूख/सम्पर्क व्यक्ति नाम | मोवाईल नम्बर | कार्यालयको टेलिफोन |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमूख जिल्ला अधिकारी श्री मनोहर प्रसाद खनाल | ९८५८७३७७७७ | ०९९-५२११०९ |
| २ | जि.वि.स. कञ्चनपुर | स्थानिय विकाास.अधिकारी श्री मोहन पौडेल | ९८५८७५००१६ | ०९९-५२३७७८ |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरिक्षक श्री तुलसी प्रसाद अधिकारी | ९८५८७३५५५५ | ०९९ -५२१२०० |
| ४ | भवानी बक्स गण मझगाउ | प्र.सेनानी श्री उत्तम थापा | ९८५७०३६३४४ | ०९९४१४१५० |
| ५ | श्री सिंह शार्दुल गुल्म भगतपुर | सेनानी श्री सुजन शाक्य | ९८५२६७१३३८ | ०९९५२१६४० |
| ६ | श्री नं. २५ नं. वाहिनी अड्डा भगतपुर | स.र. श्री पदम कुमार आङवो | ९८५१०१९८१५ | ०९९५२५४४४, |
| ७ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय | श्री तारादत्त पन्त | ९८५१२७२१२० | ०९९५२११०१, |
| ८ | जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र | जनक पन्त | ९८५८७९००८४ | ०९९५२५२४५ |
| ९ | जल तथा मौसम बिज्ञान बिभाग, फिल्ड कार्यालय अत्तरिया | राममणी मिश्र | ९८४८३१८७७७ | ०९१५५०६२२ |
| १० | नेपाल रेडक्रस सोसााईटी, | टेकराज उप्रेती | ९८४८७२२३६१ | ०९९-५२१२५८ |
| ११ | भिमदत्त नगरपालीका | गेहेन्द्र बहादुर डांगी | ९८५८७५०२५२ | ०९९५२१३२२ |
| १२ | वेलौरी नगरपालिका | अर्जुन बहादुर कार्की | ९८४८७१६१५१ | ०९९५८०२१५ |
| १३ | पूर्नवास नगरपालिका | शेर बहादुर बुढा | ९८५८७५१२३७ | ०९९५६०२५४ |
| १४ | झलारीपिपलाडी न.पा. | रघुनाथ अवस्थी | ९४४८८५७३३१ | ०९९५४००१० |
| १५ | दोधाराचादनी न.पा. | महेश बहादुर बम | ९८५८७५१७१२ | ०९९४०००३० |
| १६ | कृष्णपुर न.पा. | गणेश सिंह ऐरी | ९८५१२२३०२८ | |
| १७ | बेदकोट न.पा. | हेम राज जोशी | ९८४९०९३३३४ | ०९९४१३१२१ |

| क.स. | संस्था वा कार्यालय | प्रमूख/सम्पर्क व्यक्ति नाम | मोवाईल नम्बर | कार्यालयको टेलिफोन |
|---|---|---|---|---|
| १८ | बेलडाडी न.पा. | गणेश दत्त भट्ट | ९८०९४३६९३५ | |
| १९ | जिल्ला प्राविधिक कार्यालय | कमल कुमार अधिकारी | ९८४६२६१८५३ | ०९९५२४२७८ |
| २० | जिल्ला बन कार्यालय | शिव प्रसाद शर्मा | ९८५८७५०९८१ | ०९९५२११२८ |
| २१ | खानेपानी तथा सरसफाई डिभिजन | पूर्ण व. ज्वारचन | ९८४१२९४७५८ | ०९९-५२११३४ |
| २२ | जिल्ला जनस्वास्थ्य कार्यालय | शिव दत्त भट्ट | ९८४८७२२३६१ | ०९९-५२१२९० |
| २३ | जिल्ला पशु सेवा कार्यालय | मदन सिंह धामी | ९८५८०५०४५१ | ०९९५२५६५७ |
| २४ | जिल्ला शिक्षा कार्यालय | श्याम सिंह धामी | ९८५८७५२८८८ | ०९९ ५२१२२४ |
| २५ | जिल्ला कृषि विकास कार्यालय | टिकाराम थापा | ९८५८७५००५२ | ०९९५२१२५२ |
| २६ | महाकाली सिंचाई व्यबस्थापन डि. | अजय अधिकारी | ९८५८७५००३५ | ०९९२११९० |
| २७ | डिभिजन सडक कार्यालय | बिनोद कुमार मौवार | ९८४१२३४०५६ | ०९९५२१३२६ |
| २८ | जनताको तटबन्ध कार्यालय | करवीर सिंह साउद | ९८४८४०१४१६ | ०९९५२०५५९ |
| २९ | जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय | रण बहादुर बम | ९८५८४२२५१६ | |
| ३० | महिला बालवालिका कार्यालय | जयन्ती गिरी | ९८५८७५१८६६ | ०९९ -५२३८४३ |
| ३१ | नेपाल खाद्य संस्थान | केशवदत्त कलौनी | ९८४८७२५३३४ | ०९९-५२१३१० |
| ३२ | नेपाल विधुत प्राधिकरण | गणेश प्रसाद पाण्डे | ९८४८७२४३७७ | ०९९५२११९९ |
| ३३ | नेपाल टेलिकम | रुप बहादुर रावल | ९८५८७५०३६९ | ०९९५२३८८८ |
| ३४ | जिल्ला बाल कल्याण समिति | भुवनराज चटौत | ९८५८७५०६१६ | ०९९५२०४३६ |
| ३५ | जिल्ला भूसंरक्षण कार्यालय | गंगा दत्त जोशी | ९८४८८८८४८० | ०९९५२५३४ |
| ३६ | कञ्चनपुर उद्योग बाणिज्य संघ | सुरेश रावल | ९८५८७५१०८६ | ०९९५२२०५९ |
| ३७ | बनउपभोक्ता महासंघ, कंचनपुर | लक्ष्मी साउद | ९८४८७२५२९९ | |
| ३८ | नागरीक समाज कंचनपुर | भवराज रेग्मी | ९८५८७५०१२८ | ०९९५२५१५० |
| ३९ | नेपाल पत्रकार महासंघ | लक्ष्मण तिवारी | ९८४८७२१३९० | ०९९५२५६२५ |
| ४० | गैर सरकारी महासंघ कंचनपुर | धर्म सिह कुंवर | ९८४८७२४२३८ | |
| ४१ | महाकाली सेती वस व्यवसायी समिति | नवीन भट्ट | ९८५८७५०२६३ | |
| ४२ | NEEDS | भवराज रेग्मी | ९८५८७५०१२८ | ०९९-५२५१५० |
| ४३ | NNSWA | अशोक बिक्रम जैरु | ९८५८७५००३८ | ०९९-९५२२१८२ |
| ४४ | OCCED नेपाल | गुण देब पन्त | ९७४१०२१७१७ | |
| ४५ | NEWS | शक्ति बिष्ट | ९७४९५०४७११ | |
| ४६ | Sweet Nepal | कृष्ण सिह देउपा | ९८४८७२३८८२ | ०९९-५२४१२० |
| ४७ | आदर्श नेपाल | बाबुराम शर्मा | ९८५८७५०९५० | ०९९५२३७९० |
| ४८ | नारी उत्थान केन्द्र | भुवन कुवर | ९८४८७२१९९९ | |
| ४९ | ह्यूपेक | प्रविन वोगटी | ९८४८७२१४६९ | ०९९-५२२४३२ |
| ५० | BASE कंचनपुर | लाल व. वम | ९८४८४२७५७५ | |
| ५१ | सेबक नेपाल | राम के.सी. | ९८६८०१७०१२ | |
| ५२ | नेपाल परिवार नियोजन संघ | गोरख बहादुर सिंह | ९८४८७२३९९० | ०९९५२१२७२ |
| ५३ | जिल्ला खेलकुद विकास समिति | गोपालदत्त भट्ट | ९८४८७२००२७ | ०९९५२२२१७ |
| ५४ | CIWIN | माधब लोहनी | ९८५८४२०१०० | Help line १०९८ |

**ग) गाविस सम्पर्क विवरण:**

| सि.न | निकाय | सम्पर्क व्यक्तिको नाम | सम्पर्क विवरण |
|---|---|---|---|
| १ | रैकवारविचुवा | श्री राम प्रसाद बोहरा | ९८४८७३१८०८ |
| २ | देखतभुली | श्री आनन्द प्रसाद ढुंगाना | ९८४८८०९०९४ |
| ३ | शंकरपुर | श्री सुरेन्द्र बहादुर चन्द | ९७४९५०४२०६ |
| ४ | बाईसेविचुवा | श्री दल व. नेगी | ९८४८८४१४९८ का. ०९१६९१५६७ |

**घ) आपतकालिन अवस्थामा:** (एम्वुलेन्स, ब्लड वैक, दमकल, शव वाहन)

| क्र. सं. | आकस्मिक सेवा प्रदायक | सम्पर्क व्यक्ति | सम्पर्क नम्बर | |
|---|---|---|---|---|
| | | | मोवाइल नम्बर | कार्यालय |
| १. | नेपाल रडक्रस.सोसाइटी जि.शा. कञ्चनपुर | मनीराम राना | ९८६८७३७८२१ | ०९९-५२३९८३ |
| २. | नेपाल रेडक्रस उपशाखा सुडा | प्रकाश थापा | ९८६८७२९५५५ | |
| ४. | महाकाली अञ्चल अस्पताल | रण बहादुर विष्ट | ९८४८८३३३१७ | ०९९-५२११११ |
| ५ | श्रीपुर प्रा. स्वा. केन्द्र वेलौरी | छोटु राना | ९८०९४८४४१० | ०९९-५८०२१३ |
| ६ | त्रिभूवनवस्ती स्वास्थ्य चौकी | बालिक राम राना | ९८०९४८१०६२ | ०९९-५६०००४ |
| ७ | हाडासैन परोपकार सेवा समिति | टेक कुँवर | ९८५८७५००७४ | ०९९-५२११११ |
| ८ | ने.रे.सो. बेदकोट उपशाखा | राम ब. बोहरा | ९८०५७९२०३८ | |
| ९ | ने.रे.सो. बाणी उपशाखा | बिर सिंह रावल | ९८०५७७३४९१ | |
| १० | ने.रे.सो. बांसखेडा उपशाखा | दिपक बिष्ट | ९८६८७२७३७४ | |
| ११ | कंचनपुर उद्योग बाणिज्य संघ | देब महता | ९८०६४४८४१९ | |
| १२ | नेपाल परिवार नियोजन संघ | रवी थापा | ९८४८७८९७०० | ०९९५२१२७५ |
| १३ | ब्लड बैंक- ने. रे. सो. | नरेन्द्र देव जोशी | ९८४८७५५८५१ | ०९९-५२५५८८ |
| १४ | बारुण यन्त्र- भी.न.पा. | हरि सिह धामी | ९८४८७२३३३२ | ०९९-५२१३२२ |
| १५ | शव वाहन - भी.न.पा. | हरि सिंह धामी | ९८४८७२३३३२ | ०९९-५२१३२२ |

**ङ) अत्यन्त जरुरी फोन नम्वर:**

| निकाय | फोन | निकाय | फोन |
|---|---|---|---|
| प्रहरी कन्टोल | १०० | अंचल अस्पताल | ०९९-५२११११ |
| जिल्ला प्रहरी कार्याल | ०९९-५२१२०० | वस पार्क दिवा सेवा | ०९९-५२१२८९ |
| वडा प्रहरी कार्यालय | ०९९-५२१२२२ | वस पार्क रात्री सेवा | ०९९-५२२४९१ |
| जिल्ला प्रशासन कार्यालय | ०९९-५२११०९ | पवनदुत यातायात | ०९९-५२४९७५ |
| ट्राफिक प्रहरी कार्यालय | ०९९-५२२०१७ | भन्सार गेट | ०९९-५२१२३६ |
| दमकल वारुण यन्त्र | ०९९-५२१३२२ | मोवाईल सोधपुछ | ०९९-५२२४७ |
| विद्युत फ्युज सेवा | ०९९-५२११९९ | टेलीफोन सोधपुछ | १९७ |
| जिल्ला आपतकालिन सेवा कार्य संचालन केन्द्र | ०९९-५२५२४५ | जिल्ला अगुवा सहयोगी संस्था (DLSA) NNSWA | ०९९५२२१८२ ९८५८७५००३८ ९८५८७५०४४० |

## १.३ विभिन्न वैठकका निर्णयहरुः

यस कंचनपुर जिल्लामा ०६६/६७ देखी जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानिय गैससहरुको सहकार्य एबं प्राविधिक र आर्थिक सहयोगमा "**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना**" तयार गर्दै आईरहेको छ । जिल्ला दैवी प्रकोप तथा उद्धार समितिको वैठकमा DPRP पनुरावलोकन वारे छलफल हुनुका साथै क्षेत्रगत वैठक गरी आवश्यक सूचनाहरु संकलन गर्दै पुनरावलोकन कार्यशालाको आयोजना समेत गरी तयार भएको DPRP लाई DDRC वैठकवाट स्विकृत भई जि.वि.स. बाट अनुमोदन भएकोछ ।

क) विगतका सिकाई, समस्या र चुनौतिलाई आधार मान्दै आगामी आर्थिक वर्ष **२०७३/७४** का लागि **आठौ** DPRP पुनरावलोकन तथा निर्माणका लागि निर्णय गरिएको ।
ख) आ.व.**२०७३/७४ का लागि** DPRP पुनरावलोकनको अध्यावधिक गर्न NNSWA लाई जिम्मेवारी प्रदान गरिएको ।
ग) जिल्लामा हाल सम्म प्रकोपबाट वढी प्रभावित हुने वाढी, महामारी र नेपाल सरकारले प्राथमिकतामा राखेको भुकम्पको प्रकोपलाई समेत क्षेत्रगत रुपमा (Cluster wise) प्रतिकार्य योजनामा एकिकृत गरिएकोछ ।
घ) जिल्लाका संकटासन्नता अवस्थामा रहेका सर्वे वस्तीहरुको विश्लेषण गरी प्रभावित हुन सक्ने संख्या अनुमान गरी सो को प्रतिकार्य गर्न सक्ने योजना तय गरिएकोछ ।
ङ) DPRP जिल्ला विकास परिषदबाट मिति २०७२।११।१४ मा अनुमोदन भई आबश्यक परिमार्जन कार्य भएको ।
च) जिल्ला प्रशासन कार्यालयको पत्रानुसार ९ वटै कलष्टरहरुको बिभिन्न मितिमा बैठक बसि क्षेत्रगत बिषयबस्तु माथि छलफल गरी DPRP का लागी सूचना पुनरावलोकन गरिएको।
च)मिति २०७३।२।२८ गते को आयोजनामा जिल्लाको पूर्व सूचना प्रणाली प्रभावकारि योजना सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गरी सम्बन्धित निकायहरु लाई जिम्मेबारी तोकिएको ।
छ) मिति २०७३ आषाढ ६ गते जि.दै.प्र. उद्धार समितिको बैठकले परिमार्जित विपद पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत गरेको छ ।

## १.४ विपद्का समयमा राहत सहयोग प्रदान गर्ने मापदण्डः

विपद्का समयमा प्रभावित क्षेत्रमा आपतकालिन राहत सहयोग पुर्‍याउनका लागि **नेपाल सरकारले तोकेको निर्देशन** वमोजिम राहत सहयोग प्रदान गरीनेछ  र जिल्ला दैवी प्रकोप उद्धार समितिले जिल्लाको श्रोतको अवस्था र स्फेयर मापदण्डलाई समेत मध्यनजर गरी DDRC को वैठको निर्णयवाट पनि आवश्यक राहत सहयोगको मापदण्ड समेत तोक्नेछ ।

**क) तत्काल अवस्थाको राहत**

विपद्का समयमा घरछोडी अन्यन्त्र गई बसेको अबस्था वा आफ्नै घरमा पनि खाद्य तथा गैरखाद्य बस्तुको क्षति भई तत्काल खान र बासको कुनै ब्यबस्था नभएको अबस्थामा वा आफ्नो घरमा फर्कि नसक्दा सम्मका लागि मानबिय राहत उपलब्ध गराईने छ ।

**ख) क्षति पुर्ति राहत**

क्षति पुर्ति राहात  विपद को समयमा भएको समपुर्ण क्षतिको  विवरण सर्वेक्षण पश्चातको आधारमा गरीने राहत सहयोगलाई जनाउने छ । जसलाई ५ भागमा  वर्गिकरण गरिएकोछ ।

**ख१) आंशिक क्षति**

१. घरभित्र ३ फिट उचाई सम्म वाढी पसेर  खाद्यान्न तथा गैर खाद्यान्न सवै वगेको र घरमा तत्काल अवस्थामा बस्न योग्य नरहेको अवस्था र पछि फर्कि बस्नसक्ने ।
२. घर तथा गोठ लाई  २५ प्रतिशत मर्मत गर्नु पर्ने देखिएको ।
३. खेति गरिएकोजग्गा का २५ प्रतिसत सम्म  कटान, पटान वा वाली नष्ट देखिएको ।

**ख२) पूर्ण क्षति**

१. घरमा वाढी पसेर घर तथा गोठ पुर्ण रुपले नष्ट भएको ।

२  कटान वा पटान ले गर्दा ५ कट्टा सम्म मात्र जग्गा वांकी रहेको अवस्था ।

**ख३) विस्थापित तथा पुर्नस्थापना स्तरको क्षति**

१. जग्गा घर सवै वगाएको वा पूर्ण रुपमा वगर वा नदी मा परिणत भएको अवस्था ।

**ख४) मानविय क्षति**

१. विपद्का कारण मानव को अवस्था वेपता वा पत्ता नलागेको तथा मानविय क्षति भएको

२. विपद्का कारण मानबको अंगभंग भएको वा अपाङ्गता भएको वा क्षतिका कारण मानसिक अपाङ्गता भएको

# परिच्छेद २
# परिस्थिति तथा जोखिम विश्लेषण

## २. कञ्चनपुर जिल्लाको प्रकोप जोखिम विश्लेषण:

यस जिल्लाको उत्तर तर्फको भूभाग भावर र चुरे पर्वत श्रृखलामा पर्ने भएको कारणले दक्षिण तर्फको समथर भूमि भन्दा फरक अर्थात भिरालो किसिमको छ । भिरालो भएको तथा चुरे क्षेत्रको जंगल दिनानुदिन बिनास हुदैं गएका कारणले एकातिर वर्षातमा खहरे खोलाले यस क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर चुरे पहाडबाट बगाई ल्याएको वालुवा, गेग्ग्रानहरू समथर क्षेत्रको भूमिमा नदीनालामा ल्याई थुपारी दिने गर्दछन् । जसले गर्दा उव्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुंदै गएका छन् । यसका अतिरिक्त उत्तर चुरे पहाडबाट दक्षिणतिर वग्ने नदीहरु र वर्षे खोलाहरूमा बाढी जन्य प्रकोप वाट जिल्लाको नगरपालिका तथा गा.वि.स.हरूमा ठूलो मात्रामा हुने डुवान र कटानले धेरै धनजनको क्षति हुने गरेको छ ।

जिल्लामा बढदै गरेको बसाईसराई, जनसंख्या बृद्धि र सवारी साधनको चापले गर्दा सडक दुर्घटना दिनप्रतिदिन बढदै गरेको छ । फलस्वरुप मानिस दुर्घटनामा परि आपाङ्ग हुनुका साथै मृत्यु समेत हुने गरेको पाइन्छ । यस जिल्लामा मौसम अनुसार पनि प्रकोप पर्ने गरेको छ । चिसो मौसममा शीतलहर हुने र यसबाट ठूलो क्षति नभएपनि मानवीय पीडा, कृषि उपजमा कमि र पशु चौपाया मर्ने गरेका छन् भने अत्यधिक गर्मीका कारण लु-लाग्नु, सरुवा रोगहरु फैलिनु र आँधीबेरिबाट घरहरूको छाना नष्ट भई समुदायको बासस्थानमा नै असर पर्ने गरेको यथार्थ छ । यस्ता प्रकोपहरूको उचित व्यवस्थापनको अभावमा जिल्ला भित्रका नागरीकहरूले वर्षेनी ठूलो जनधनको क्षति व्यहोर्नु परेको छ ।

### २.१ जिल्लामा हुन सक्ने संभावीत प्रकोपका प्रकारहरु:

| क्र.सं | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | प्राकृतिक रुपले नेपाल ११ स्थानमा रहेको र जिल्लामा भूकम्प प्रतिरोधात्मक भवन नभएको, भि.न.पा. ले भवन आचार संहिता लागु गरेको । | जुनसुकै समयमा |
| २ | वाढी | जिल्लाको उत्तरीभागमा चुरे क्षेत्र भएर साना ठुला गरी करिव १२ भन्दा वढि नदी वग्ने गरेको र जस मध्यमा महाकाली, दोदा, वनारा, चौधर, मोहना, सुनवरा र जोगवुडा जस्ता ७ भन्दा वढी ठुला नदीले जिल्लाका ९ गा.वि.स. र ५ न.पा.का भूभागहरु वर्षेनी डुवान र कटान गरी क्षति पूर्याईरहेको छ । वर्षेनी हजार भन्दा वढी परिवारहरु प्रभावित भैरहेको । | जेष्ठ -असोज |
| ३ | आगलागी | जिल्लामा धेरै जसो भू-भागमा घनावस्ती रहेका (सुकुम्वासी, आरक्ष विस्थापित, मुक्त कमैया, वाढी विस्थापित) लगायत अति विपन्न समुदायमा कच्ची तथा फुसका घर संख्या वढी, सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाइटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको । | चैत्र -जेष्ठ |
| ४ | महामारी | वाढी पश्चात प्रकोपका रुपमा झाडापखाला लगायतका पानीजन्य रोग वढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकुनल क्षमताको अभाव, | विपद् पछि , अन्य समयमा |

| क्र.सं | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| ५ | बर्डफ्लु | भारतीय खुल्ला सिमाना, अव्यवस्थित कुखुरा पालन | जुनसुकै समयमा |
| ६ | शितलहर | चिसोको मात्र वढ्दै गएको विपन्न वस्ती वढी प्रभावित | पूष -माघ |
| ७ | जंगली जनावर आतङ्क | शुक्लाफाटा वन्यजन्तु आरक्ष क्षेत्र कंचनपुर जिल्लामा नै भएको साथै भारतिय सिमा क्षेत्रमा पनि आरक्ष रहेको, चुरेक्षेत्र मा पनि जनावर रहेको | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | नहरको सिचाई नपुगेका र चुरे क्षेत्रका गाविस र नपा को उत्तर भेगमा पानी नपरेमा सुख्खा खडेरी पर्ने गरेको | असार-भदौ |
| ९ | किट आतङ्क | जलवायु परिवर्तन, वढी विषादी प्रयोगका कारण लाभकारी चरा, किरा लोप । | खेती मौसम |
| १० | चट्याङ्ग, असिना | वढी जसो वर्षायाम र पानी परेका समयमा | जुनसुकै समयमा |

## २.२ वाढी प्रभावित क्षेत्र विश्लेषणः

### क) नदीवाट प्रभावित क्षेत्रः

| क्र. सं. | नदी | प्रभावित नपा/गाविस | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | जोगवुडा | साविक चादनी | वार्ड ३, ९, | ●अत्यधिक रुपमा कटान<br>●आंशिक डुवान |
| | | साविक दोधारा | वार्ड २ पूरानो वस्ती, वार्ड १ कंजभोज, वार्ड ६ दानुटोल, वार्ड ५ जरखा टोल, धामीटो, सुन्दरनगर, टिपीनटोल वासघाडी, वार्ड ८ खड्काटोल आमभोज, गिरीटोल, वार्ड ९ कुतियाकवर, सुर्खेतिटोल , | |
| २ | महाकाली | साविक चादनी | वार्ड ७ स्याउलेवजार, वार्ड ६ झोलुगे पुल, वार्ड ४ मायापुरी | ●अत्यधिक रुपमा कटान<br>●डुवान |
| | | साविक दोधारा | वार्ड ३ गुरुगटोल वादीटोल, वार्ड ४ जंगलाट, संसारीमाईटोल, वार्ड ७ ढकनाघाट, माताटोल, वार्ड ९ कुतियाकवर | |
| | | भि.न.पा. | वार्ड ११ भुजेला, वार्ड १२ ऐरी, ओदाली, वार्ड १३ वडैपुर, पिपरैया, वार्ड १० जिमुवा श्रीलंकाटोल, वार्ड ९ व्रहमदेव | |
| | | दक्षिण क्षेत्रका गाविस | रौ.वि.,वेल्डाडी, रा.वि., श्रीपुर, लक्ष्मीपुर र परासनको दक्षिणी क्षेत्रमा भारतिय सिमा क्षेत्रवाट पानी भरिएर आउने र अन्य नदीको पानीको वहाव अवरुद्ध भई डुवान हुने । | ●डुवान |
| ३ | चौधर | साविक दैजी | १,२,९,३, ४,५ | ●अत्यधिक कटान |

| क्र. सं. | नदी | प्रभावित नपा/गाविस | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| | | साविक सुडा | ३,४,६,७ | • अत्यधिक कटान |
| | | साविक वेल्डाडी | वार्ड १ वैवाह, वार्ड २ वैवाह, वार्ड ३ खैरीघाट, वार्ड ४ रतनपुर, वार्ड ५ ढकनीया, वार्ड ६ चवन्नी खल्ला | • डुवान |
| | | रौतेलीबिचुवा | वार्ड १ वाह्जाला, भुडा, वार्ड ५ कानपुर, वार्ड ६ विचपुरी, वार्ड २ भट्टेघाट, वार्ड ४ गौडी, वार्ड ७ ईमिलिया, वार्ड ८ झिलमिला, वार्ड ९ झिलमिला | • डुवान |
| ४ | राधा | साविक दैजी | ७,८ | • अत्यधिक कटान |
| ५ | स्याली | साविक झलारी | ४,५ सिमलफाटा, कसरौल, जुडा, सिसैया | • अत्यधिक कटान |
| | | साविक पिपलाडी | वार्ड ९ | • अत्यधिक कटान |
| ६ | गौडी | साविक झलारी | वार्ड ४ र ५ | • अत्यधिक कटान |
| ७ | सुनवरा | साविक झलारी | टोटी फुलेली, पारीफाटा, नौखुरी, अमरपुर, कलुवापुर, झलारीवजार, | • अत्यधिक कटान |
| | | साविक पिपलाडी | गुलरपट्टी, वैशाखा शिविर, जोनापुर, ढकनीया, आसापुर | • अत्यधिक कटान र आंशिक डुवान |
| | | देखतभूली | कालागौडी, जाईजाला,जाई (दोदामा मिसीने) | • अत्यधिक कटान र आंशिक डुवान |
| ८ | वनारा | कृष्णपुर न.पा. | खल्लागोठ, गुन्यालफाटा, वनारा मुक्त कमैया शिविर | • अत्यधिक कटान |
| | | देखतभूली | कटान, तिल्कीपट्‌टी | • अत्यधिक कटान |
| ९ | वण्ड | कृष्णपुर न.पा. | दोमिल्ला | • अत्यधिक कटान |
| १० | दोदा | देखतभूली | कटान, तिल्कीपट्‌टी, चित्रपुर, जाईजाला | • अत्यधिक कटान र डुवान |
| | | शंकरपुर | १ देखी ९ वार्ड | • अत्यधिक कटान-डुवान |
| | | साविक श्रीपुर | वार्ड १ उदयपुर, सोभाता, रामनगर, सुर्दशनपुर, वार्ड २ भकुण्डा, वार्ड ६,७,३ | • अत्यधिक डुवान-कटान |
| | | साविक लक्ष्मीपुर | श्रीपुर भएर गाविस क्षेत्रमा पस्ने | • अत्यधिक डुवान |
| | | साविक कालीका | वार्ड २,९,८ | • अत्यधिक कटान, आंशिक डुवान |
| | | वाईसे विचवा | सबै वडाहरु | • अत्यधिक कटान,आंशिक डुवान |
| | | साविक त्रिभूवनवस्ती | वार्ड ९ सिमरी, रातोखल्ला | • अत्यधिक रुपमा डुवान,आंशिक कटान |
| | | साविक परासन | वार्ड ७,८,९ | • अत्यधिक रुपमा डुवान,आंशिक कटान |
| ११ | मछेली | कृष्णपुर न.पा. | वेलकुण्डी, वाणी शिविर, | • अत्यधिक कटान,आंशिक डुवान |

| क्र. सं. | नदी | प्रभावित नपा/गाविस | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| | | देखतभूली | | ● अत्यधिक कटान,आंशिक डुवान |
| १२ | मोहना | कृष्णपुर न.पा | दयाअमरपुर, मौरीफाटा | ● कटान, डुवान |
| | | रैकवार विचवा | वार्ड ३,४,५,७,८ | ● कटान, डुवान |

**ख) खोलाहरुवाट प्रभावित क्षेत्रः**

| क्र.सं. | नदी | प्रभावित क्षेत्र | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| १ | कामीकाटे | भि.न.पा. | वार्ड ९, १० | ●अत्यधिक रुपमा कटान |
| २ | खनीया | भि.न.पा. | वार्ड ६, ७, ८, ९, १० ,१८ | ●अत्यधिक कटान र आंशिक डुवान |
| ३ | कनकट्टी | भि.न.पा. | वार्ड २,४,५र १९ | ●अध्यधिक कटान |
| ४ | रौटेला | भि.न.पा. | वार्ड १ | ●अध्यधिक कटान |
| ५ | मुसेपानी | साविक सुडा | सुडा ६, ७ (चौधरमा मिसीने) | ●अत्यधिक कटान |
| ६ | भासी | भि.न.पा. | वार्ड ३ | ● अत्यधिक कटान |
| ७ | सुक्खानाला | भि.न.पा. | वार्ड २ र १८ | ● अत्यधिक कटान र आंशिक डुवान |
| ८ | गन्धानाला | भि.न.पा. | वार्ड ४ र १३, १५ (३वटा) | ● डुवान |
| ९ | झलेखोला | साविक दैजी | वार्ड ३,४ | ● अध्यधिक कटान |
| १० | गोवरीया | भि.न.पा. | वार्ड १५,१८ र १९ | ● डुवान |
| ११ | तिताले र गताडी | भि.न.पा. | वार्ड ९ | ● अध्यधिक कटान पटानी |
| १२ | भुजेला | भि.न.पा. | वर्ड १० र ११ | ● डुवान |
| १३ | वगुन | साविक दैजी | वार्ड ४ | ● अध्यधिक कटान |
| १४ | काली | भि.न.पा. | वार्ड १९ | ● अध्यधिक कटान |
| १५ | वछेला | साविक सुडा | वार्ड ७ | ● अध्यधिक कटान |
| १६ | वनगाउ | भिनपा | वार्ड ५ र ६ | ● कटान र डुवान |
| १७ | मछेली | कृष्णपुर न.पा. | वार्ड ३ | ● अध्यधिक कटान |
| १८ | झरना | साविक वेल्डाडी | वार्ड ९ | ● अध्यधिक कटान र डुवान |
| १९ | वालुवा | कृष्णपुर न.पा. | वार्ड ३ र ८ | डुवान |
| | | रैकवार वि. | वार्ड ४ | डुवान |
| २० | त्रिशुली | साविक सुडा | वार्ड ६ | अध्यधिक कटान |
| २१ | टोटीनाला | साविक झलारी | वार्ड २,३ र ७ | अध्यधिक कटान |
| २२ | साजगाड | साविक दैजी | वार्ड ५ | अध्यधिक कटान |
| २३ | दैजीखोला | साविकसुडा | वार्ड ७ | अध्यधिक कटान |
| २४ | ओदालगाड | कृष्णपुर न.पा. | वार्ड १ | अध्यधिक कटान |
| २५ | खारखोला | कृष्णपुर न.पा. | वार्ड १ | अध्यधिक कटान |
| २६ | धारापानी | कृष्णपुर न.पा. | वार्ड १ | अध्यधिक कटान |
| २७ | वछेला | कृष्णपुर न.पा. | वार्ड १ | अध्यधिक कटान |
| ३० | जडेपानी, पथरैया | साविक दैजी | वार्ड ५ र ६ | अध्यधिक कटान |

| क्र.सं. | नदी | प्रभावित क्षेत्र | वस्ती | असर क्षेत्र |
|---|---|---|---|---|
| ३१ | मलेरीया | साविक चादनी | वार्ड १ र ५ | डुवान |
| ३२ | पथरिया | साविक रौतेलीबिचुवा. | वार्ड ८, ५,६ | डुवान |

*(श्रोतः जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय)*

## २.३ गाविस/न.पा.को जोखिम तथा संकटासन्नता विश्लेषणः

समुन्द्री सतह देखि १६० मिटर र १५२८ मिटर सम्मको उचाईमा रहेको यस कंचनपुर जिल्लाको पूर्वमा कैलाली, उत्तरमा डडेल्धुरा जिल्ला र पश्चिम तथा दक्षिणमा भारत रहेको यस जिल्लामा आदिवासी जनजाती राना थारु, डगौरा थारु साथै अन्य जनजातीहरु, अल्पसंख्यक समुदाय, दलित, ब्राहमण, क्षेत्री, ठकुरी लगायतका समुदायको मिश्रित रुपमा बसोबास रहेको पाईन्छ । समय परिस्थिति र भौगौलिक विविधताको आधारमा यस जिल्लामा वाढी, महामारी, हुरीबतास, आगलागी आदि प्रमुख प्रकोपहरु हुन भने यसका अतिरिक्त सडक दुर्घटना, शितलहर, लु-लाग्नु र जंगली जनावरको आतंक जस्ता प्रकोपहरु बारम्बार दोहरिने गर्दछन । कन्चनपुर जिल्ला बाढीको दृष्टिले उच्च जोखिममा रहेको छ । महाकाली, चौधर, सुनवरा, मोहना, स्याली, जोगबुढा र दोदा नदी यसको प्रमुख कारक तत्व हो जसले गर्दा बर्षेनी करोडौको क्षेती वेहोर्नु परेको छ ।

यस जिल्लामा २०६४ साल देखी २०७० साल सम्मको संकलित तथ्याङ्कलाई आधार मान्ने हो भने वाढी, आगलागी, जंगली जनवार आतंक, चट्याङ्ग आदिवाट २९ जनाको मृत्यु, करिव ६२७ घर पूर्ण क्षति, ८,०४२ घर पूर्ण प्रभावित र वार्षिक रुपमा १० हजार घरपरिवार प्रभावित भैरहेको अवस्था छ । यस्तै सामुदायिक प्रकोप व्यवस्थापन समितिको जिल्ला संजाल (NCDMC) का अनुसार करिव ४०० परिवार वाढीवाट विस्थापित भएको जनाउदै आएको छ । यसै अवस्थालाई मध्येनजर गर्दै २०६५ साल देखी विपद् व्यवस्थापनका लागि ३ वटै चरणहरुमा पुर्वतयारी, प्रतिकार्य र पुर्नस्थापना तथा पुर्ननिर्माणमा सरकारी र गैरसरकारी निकायहरुले कामहरु गर्दैआएका छन । जिल्लास्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना वमोजिम पूर्वतयारी तथा प्रतिकार्य भैरहेको छ । जसमा जिल्ला प्रशासन कार्यालयमा जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC) स्थापना भै सकेको छ ।

विगतका वर्षहरुमा प्रकोपबाट भएको मानवीय क्षति, प्रभावित परिवारको सङ्ख्या, घरको क्षति, बालीनाली तथा पशुधनमा पुगेको आर्थिक क्षति र नदी कटानबाट भएका क्षतिमा आधारित रही जिल्लाका गाविस तथा न.पा.हरूको सङ्टासन्नता वर्गीकरण गरिएकोछ । संकटासन्नता वर्गिकरणका लागि अझै धेरै कार्य गर्नु पर्ने अवस्था रहेको भए पनि विगतको अनुभव, सिकाई र अवस्थालाई आधार मानी आपतकालीन योजना तयार गर्ने प्रयोजनका लागि भए पनि विगतको क्षति र संकटासन्तालाई हेरी स्तरीकृत गरिएकोछ । जसअनुसार ४ गाविस र ८ नगरपालिका लाई प्रकोपका प्रकारका आधारमा अति उच्च, उच्च, मध्यम र न्यून जोखिम वर्गिकरण गरी नेपाल सरकारवाट उपलव्ध गराएको ढाचामा तयार गरिएकोछ ।

**क) प्रकोपबाट प्रभावित गाविस/न.पा.को सङ्टासन्नता वर्गिकरण विवरण :**
**(बाढी नदीकटानका आधारमा)**

| क्र.सं. | अति उच्च जोखिम | क्र.सं. | उच्च जोखिम | क्र.सं. | मध्यम जोखिम | क्र.सं | न्यून जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | देखतभूली | १ | झलारी पिपलाडी न.पा. | १ | रैकवार विचवा | १ | वेल्डाडी |
| २ | शंकरपुर | २ | दोधारा चादनी न.पा. | २ | पूर्नवास न.पा. | २ | रौतेलीविचवा |
| ३ | कृष्णपुर | ३ | वेलौरी न.पा. | | | | |
| ४ | भि.न.पा. | | | | | | |
| ५ | दैजी | | | | | | |

**ख) प्रकोपबाट प्रभावित गाविस /न.पा.को सङ्कटासन्नता वर्गिकरण विवरण :**

**(बाढी डुवानका आधारमा)**

| क्र. सं. | अति उच्च जोखिम | क्र. सं. | उच्च जोखिम | क्र. सं. | मध्यम जोखिम | क्र.सं | न्यून जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | शंकरपुर | १ | झलारी पिपलाडी न.पा. | १ | कृष्णपुर | १ | सुडा |
| २ | देखतभूली गाविस | २ | भी.न.पा. | २ | रैकवार विचवा | २ | दैजी |
| ३ | रौतेली विचवा | ३ | वेल्डाडी | ३ | वाईसे विचवा | | |
| ४ | बेलौरी न.पा. | | | | | | |
| ५ | पूर्नवास न.पा. | | | | | | |
| ६ | दोधारा चादनी न.पा. | | | | | | |

**ग) वाढिवाट प्रभावित हुन सक्ने पूर्वानुमान गरिएकोपरिवार संख्याः**

| क्र.सं. | गा.वि.स. न.पा. | प्रभावित हुन सक्ने उच्च जोखिम रहेका वस्ती तथा समुदाय | प्रभावित हुन सक्ने परिवार संख्या |
|---|---|---|---|
| १ | पूर्नवास न.पा. | सिमरी, रातोखल्ला | ५६६ |
| | | विचफाँटा, | १२४ |
| | | पुरैनी | ३० |
| २ | वेलौरी न.पा. | दिनापूर , रेछ्वा ,वैजूडाडा कटान | ३८६ |
| | | मोतीपूर , बूतावारी, सोमाताल , उदयपूर, सूर्दसनपूर, भकूण्डा, वैशाखा, रामनगर र पौलाहा | ८५५ |
| | | कानपूर, वारगाला र कलकत्ता | ४०० |
| ३ | रैकवार विचवा | घोडाघाट | ९० |
| ४ | वाईसे विचवा | | ५० |
| ५ | देखतभूली | खल्ला जोड, तिल्ली कटान, कालागौडी, जाईजाला, जाई, आन्द्राजाला | १००० |
| ६ | शंकरपूर | नन्दगाउँ, डूगा वडा नं. १ र २, वल्मी | ६९३ |
| ७ | बेलडाडी | गड्डा, कमरी, रतनपूरर झरनासागर | ४८२ |
| ८ | रौतेला विचवा | होरी मोहना इन्द्रटोल, गौरी | ४६६ |
| ९ | कृष्णपूर | वेलकून्डी, बनहरा र दयाअमरपूर | ५०० |
| १० | झलारी पिपलाडी न.पा. | वैशखा, ढकनिया,जोमापूर | ५०० |
| | | | ३०० |
| ११ | दैजी | सामादैजी, शान्तिपूर र धरमपूर | ५०० |
| १२ | सूडा | | १०० |
| १३ | भि.न.पा. | भुजेला, ऐरी, वडैपुर, वागफाटा, | १५०० |
| १४ | दोधारा चादनी न.पा. | मूसको टापू५०,वार्ड ४/३०,राप्तीटोल १०,कूतीयाकवर ३२ | १२२ |
| | | नयावस्ती,जामनूधाडि,मायापूरी | ५० |
| **जम्मा परिवार संख्या** | | | **९,६५०** |
| **जम्मा जनसंख्या *(प्रति परिवार ६ जना)*** | | | **६०,०००** |

उपरोक्त तथ्यांकमा जनसंख्या बृद्धि दरको आधारमा केही बृद्धि हुन सक्ने (परिवार संख्या १०८३० र जनसंख्या ६५००० पुग्ने अनुमान)

## परिच्छेद ३
## परिस्थिति तथा योजना तर्जूमासम्बन्धी पूर्वानुमान

### ३. विपद्को अवस्था र मान्यता योजनाः

जिल्ला स्थित विभिन्न सरकारी एवम गैर सरकारी निकायहरुवीच विभिन्न समयमा भएका औपचारिक तथा अनौपचारिक छलफल पश्चात्  जिल्लामा हालसम्म देखिँदै आएका प्रकोपहरु मध्ये बाढी, आगलागी, महामारी, र झाडापखाला आदि परिस्थितिलाई मध्यनजर गरी जिल्ला दैवी प्रकोप उद्धार समिति कंचनपुरको आयोजनामा **जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना** पूनरावलोकन गरिएकोछ । योजना निर्माण प्रक्रियामा जिल्ला दैवी प्रकोप उद्धार समिति, जिल्ला स्थित विभिन्न्न सरकारी एवं गैर सरकारी संघ संस्था, सुरक्षा निकाय, राजनैतिक दल, नेपाल रेडक्रस सोसाईटी, समुदायका प्रतिनिधिहरु र पत्रकारहरुको प्रत्यक्ष सहभागितामा स्फेयर मापदण्डलाई समेत मध्यनजर गरी विभिन्न चरणहरु पूरा गरी एकिकृत तथा सामुहिक रुपमा सम्पन्न गरिएकोछ ।

विपद्को अवस्था र मान्यता योजना निम्न अनुरुप रहेको छ ।

- बाढिले वगाउने, मानिसको मृत्यु हुन सक्ने, चोटपटक लाग्न सक्ने, घाईते हुन सक्ने ।
- उच्च जोखिममा रहेका (नदि आसपासका) न.पा. ⁄ गा.वि.स.का नदी किनारका वस्तीमा बाढीबाट कटान भई घर खेत वगेर विस्थापित हुने ।
- नदि कटानका साथै डुवान हुदा मानवीय क्षेती हुन सक्ने र बाढी पश्चात महामारीजन्य रोगहरु जस्तै झाडापखाला, टाईफइड, हैजा, भाईरल फिबर आदि फैलिने सक्ने अवस्था । पानीजन्य रोग लाग्ने अवस्था ।
- खेतवारीको खेती वाली, अन्न तथा भण्डारण गरिएकोवीउ नस्ट भई अर्को वाली उत्पादनमा वीउको अभाव, लगानीका लागि पुँजिको अभाव भई खाद्य संकट हुन सक्ने । भुमिहिन, साना कृषक र विपन्न समुदाय बढी प्रभावित हुन सक्ने ।
- उर्वरा जमिन पटानीबाट अनुत्पादक हुन सक्ने । पशु, चौपाया र ग्रामिण जिविकोपार्जनमा नोक्सानी हुन सक्ने
- बाढिबाट शहरी तथा ग्रामिण पुर्वाधार संरचना भत्कीन गई तत्कालिन सेवाबाट समुदाय बञ्चित हुन सक्ने । आवातजावतमा अवरुद्ध हुने, सँचार, पुल, सिंचाई, र खानेपानी सरसफाई को अवस्था विग्रन सक्ने ।
- मूख्य सडक, वाटा, पुल क्षति भई आवतजावत गर्न नसक्नु र संचारमा समेत विच्छेद हुनु ।
- गाविस ⁄ नपा स्रतावाट पूर्वतायरीका कार्य हुन नसक्नु र सूरक्षित आश्रयस्थलको अभाव ।
- बाढिका समयमा जिल्लाको टोली प्रभावित स्थानमा पुग्न २ देखी ३ दिन लाग्नु ।
- महिला, बृद्ध, फरक क्षमता भएका, विपन्न, उपेक्षित, गरीव, भुमिहिन, मुक्त कमैया, हलिया परीवार असरबाट बढी प्रभावित हुने ।
- जलवायु परीवर्तनको कारणले श्रृजित विपदहरु वारे स्थानिय निकाय, समुदायलाई कम जानकारी र चेतना नहुनु ।
- विपदको समयमा जिल्ला विपद व्यवस्थापन समिति र सरकारी, स्थानिय निकायहरु सँग पुर्वतयारी, प्रतिकार्य र मानविय सहायताको लागि पर्याप्त श्रोत र साधन नहुनु ।
- गाविस ⁄ नपा र समुदाय स्तरमा पर्याप्त पुर्वतयारी, प्रतिकार्य र मानविय सहायताको लागि पर्याप्त श्रोत र साधन नहुनु ।  क्षमता र ज्ञानको कमि हुनु ।

### ३.१ निकायगत भूमीका र जिम्मेवारीः

#### क) जिल्ला विपद् व्यवस्थापन समितिका कार्य–जिम्मेवारीः

**विपद्का समयमा प्रतिकार्य गतिविधि :**

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी (अध्यक्ष जि.दै.प्र.उ.स.) | जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वय बैठक आयोजना गर्ने<br>▪ जानकारीको सङकलन र परिस्थितिको अद्यावधिक गर्ने<br>▪ DEOC/DDRT को प्रभावकारी संचालन एबं परिचालन गर्ने<br>▪ सवै क्षेत्रगत कार्य समूह (Cluster) लाई सक्रिय पार्ने<br>▪ कार्यविभाजन गरी सवै क्षेत्रगत कार्यसमूह (Cluster) लाई जिम्मेवारी सुम्पने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने ।<br>▪ आवश्यक्ता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक को लागि समन्वय) |
| २ | जिल्ला विकास समिति | स्थानीय विकास अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ आवास तथा पुनःस्थापना कार्य गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत ) परिचालन तथा समन्वय गर्ने |
| ३ | सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल ) | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रहि सहयोग गर्ने |
| ४ | राजनैतिक दलहरू (जिल्ला स्थित सम्पूर्ण राजनैतिक दलहरु) | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ जनपरिचालन गर्ने |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने<br>▪ खाद्य गैर खाद्यसामागी्र तथा अस्थायी आवास को ब्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सर्भेक्षण कार्यमा स्वयंसेवक परिचालन गर्ने<br>▪ प्रकोपको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |
| ६ | विषयगत सरकारी कार्यालयहरु | कार्यालय प्रमुखहरु | ▪ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा को भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने |
| ७ | उद्योग वाणिज्य सङ्घ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना RTE जस्तै, चिउरा, भुजा, विस्कुट आदि, |

| क.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | खाद्यसामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ८ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जनशक्ति उपलब्ध गराउने । |
| ९ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ▪ सहि सूचना संकलन तथा सम्प्रेषण |
| १० | नागरीक समाज | संयोजक | ▪ राहत तथा उद्धार कार्यमा सहयोग तथा समन्वय<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| ११ | पेशागत व्यवसायी (निर्माण व्यवसायी, काष्ठ व्यवसायी तथा जल उपभोक्ता महासंघ, समितिहरु, सामुदायीक वन उपभोत्ता महासंघ र समितिहरु) | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १२ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. वीच समन्वय<br>▪ क्षमता विकास तथा सहजिकरण कार्य गर्ने |
| १३ | जिल्ला अगुवाई सहयोगी सस्था | प्रमुख तथा प्रतिनिधि | ▪ सवै निकायहरुको सहकार्यमा जिल्ला विपद पुर्व तयारी योजना तर्जूमागर्न सहयोग गर्ने<br>▪ प्रभावकारी प्रतिकार्य पुर्व तयारीका लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारेमा समन्वय गर्ने ।<br>▪ विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तर्जूमाप्रक्रियमा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य सस्था लगायत अन्य सरोकारवालहरुको सहभागिता सुनिचित गर्ने ।<br>▪ DEOC/DDRC संग समन्वय गरी विपदका सबै चरणका बेला सूचना प्राप्त गर्ने निकायको रुपमा कार्य गर्ने र प्राप्त सूचनाहरु DDRC मा समयमै जानकारि गराउने ।<br>▪ जिल्लामा कार्यरत मानवीय सहायतामा कार्यरत निकायहरु मा सुचना प्रवाह गर्ने ।<br>▪ जिल्लास्तरमा DDMP, DPRP, DRR Policy & Strategy बनाउने कार्यमा DDRC लाई सहयोग पुराउने । |

## ३.२ आपत्कालीन परिस्थितिको पूर्वतयारी गतिविधि :

| क्र.स. | पूर्वतयारी सम्बन्धी गतिविधि | जिम्मेवार निकाय | समयावधी |
|---|---|---|---|
| १ | **समन्वय बैठकको** आयोजना गर्ने (सवै क्षेत्रको सहभागितामा पूर्वतयारी सम्बन्धी छलफल गर्ने) | जि.दै.प्र.उ.स. | वाढीः बैशाखको पहिलो हप्ता<br>शितलहरः मंशिर<br>आगलागीः फागुन पहिलो हप्ता<br>भुकम्पः जुनसुकै समयमा |
| २ | समग्र सूचना सहित **DPRP अध्यावधिक** | जि.दै.प्र.उ.स. | माघ देखी फागुन भित्र  वार्षिक |
| ३ | अध्यावधिक भएको **DPRP जिल्ला परिषदमा स्विकृत** | जि.दै.प्र.उ.स.<br>जि.वि.स. | फागुन |
| ४ | जिल्ला **आपतकालिन सूचना केन्द्र** स्थापना र परिचालन | जि.दै.प्र.उ.स. (जिल्ला प्रशासन) | नियमित |
| ५ | **समीक्षा बैठकको** आयोजना गरी सिकाई आदान प्रदान र नया योजनामा सुधार । | जि.दै.प्र.उ.स. | वाढीः असोज पहिलो हप्ता<br>शितलहरः फागुन पहिलो हप्ता<br>आगलागीः असार पहिला हप्ता |
| ६ | बहुविषयगत प्रारम्भिक द्रुत लेखाजोखा **(MIRA)** वारे कार्यसमुह सम्मिलित DDRT समुह गठन र तालिम दिई क्षमता विकास | जि.दै.प्र.उ.स.DLSA | जेठ |
| ७ | सवै कार्यालयमा विपद् व्यवस्थापन सम्पर्क व्यक्ति **(फोकल पर्सन) तोक्न** र अध्यावधिक गर्न लगाउने | जि.दै.प्र.उ.स. | DPRP अध्यावधिक हुनु अगावै |
| ८ | वाढी जान सक्ने गा.वि.स. सँग सम्बन्धित **क्षेत्रगत जानकारी/ तथ्याङ्क सङ्कलन** गर्ने र **सङ्टासन्न** क्षेत्रको **नक्सा** तयार गर्ने | जि.दै.प्र.उ.स. (कलस्टर मार्फत) | DPRP  अध्यावधिकका समयमा |
| ९ | सवै कार्यालयमा **आपतकालिन कोष स्थापना** गर्न लगाउन | जि.दै.प्र.उ.स. | योजना तर्जूमाअवधि |
| १० | विपद् सम्बन्धी **जनचेतना अभिवृद्धि** गर्न पोष्टर  पम्प्लेट आदि तयार गरी वितरण गर्ने र स्थानीय एफ.एम. र पत्रपत्रिकाबाट प्रकोप सम्बन्धी जनचेतना अभिवृद्धिका सूचना तथा जानकारी प्रशारण गराउने | जि.दै.प्र.उ.स.<br>DEOC सूचना कार्य समुह मार्फत | आवश्यक्ता अनुसार निरन्तर |

### ३.२. सूचना व्यवस्थापनः

आपतकालिन पूर्वतयारीका लागि यस जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तरगत ९ वटा कार्य समुह कलस्टर रहेका छन् । जस अन्तर्गत पहिलो प्राथमिकतामा समन्वय तथा सूचना कार्य समुह अर्थात सूचना कलस्टर रहेको छ । यस कलस्टरले सूचना समन्वयको कार्य गर्ने छ र यसको नेतृत्व जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्तिले गर्नेछ । यस समितिले निकायगत स्रोत साधनको आकंलन, उक्त निकायको पहिचान र आवश्यक सामाग्रीहरुको भण्डार भए नभएको सूनिश्चित गर्ने छ । साथै तत्कालका विपद्का घटनाको सूचना संकलनमा जिल्ला प्रहरी, नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु, जिल्ला अगुवा सहयोगी संस्था र यथार्थ/आधिकारिक सूचना अध्यावधिकका लागी जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहेको आपत्कालिन कार्य संचालन केन्द्र (DEOC) बाट उपलब्ध सूचनाहरु रहने छन् भने दिगो रुपमा थपकार्यका लागी यीनै सूचनालाई अभिलेखीकरण गरी  थप श्रोत, क्षमता,

संकटासंन्नताका सूचना विपद् व्यवस्थापन श्रोत केन्दमा राखिने छन् । आवश्यक सूचना संकलन फारामका नमूना ***अनुसूची ४ मा*** रहेकोछ ।

### ३.३ आवश्यक्ताको लेखा जोखा र खाडल पहिचानः

जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन कार्यशालाका सहभागीहरु विच समुह निर्माण गरी २०७२।७३ का लागी तयार भएको DPRP माथि अघिल्ला वर्षको प्रयोग बाट प्राप्त अनुभवका आधारमा आवश्यक्ताको लेखाजोखा, कमिकमजोरी अर्थात खाडल पहिचान निम्न अनुसार गरिएकोथियो ।

**क) आवश्यक्ता लेखाजोखा**

- सूचना संकलन र प्रवाह विषयमा आवश्यक अभिमूखिकरण/तालिम
- DPRP प्रयोग वारे वार्षिकरुपमा कृतिम पूर्व अभ्यास (Simulation)
- वार्षिक रुपमा वाढीका कारण वाटो घाटो लगायत भौतिक संरचना क्षेती हुने गरेको विपद्का समयमा तत्काल कार्य संचालन गराउन आवश्यक वजेटको पूर्वानुमान गर्ने ।
- विपद्का समयमा तत्कालीन यातायात सुचारु गर्न जेसीपी/स्काभेटर लगायतका साधनको व्यवस्था हुनु पर्ने
- पुन निमार्ण र पुनस्थापनका लागि क्षेत्रगत जिम्मेवारी वाडफाड
- जिल्लाको भौगोलिक ईलाका वा क्षेत्रगत (Cluster) रुपमा सामाग्री भण्डारण
- जिल्लाको विपद् व्यवस्थापन योजना (DDMP) को निर्माण सो अनुरुप सवै कार्यालयले DRR लाई मुल प्रवाहीकरण ।
- सवै निकाय र समुदाय स्तरमा आपतकालिन कोष स्थापना र परिचालन

**ख) खाडल पहिचान**

- विपद्को प्रतिकार्य पछि समीक्षा गर्ने कार्य ।
- संस्थागत जिम्मेवारी तथा कार्य अझै Specific गर्दै लैजानु पर्ने ।
- विपद्का समयमा प्रतिकार्यकालागि आवश्यक सामग्री भण्डारणको व्यवस्था
- स्थानीय निकायले आपतकालिन कोष परिचालन गाईडलाईनको व्यवस्था
- सवै कलस्टरको नियमित वैठक वस्ने र प्रगति पेश गर्ने व्यवस्था
- सवै कार्यालयमा विपद् जोखिम न्यूनीकरण सर्म्पक व्यक्ति (DRR Focal Person)को व्यवस्था
- गाविस र नगर स्तरिय विपद् व्यवस्थापन समितिलाई प्रतिकार्य वारे अभिमूखिकरणको व्यवस्था
- समुदाय स्तरिय र वडास्तरिय सामुदायिक विपद् व्यवस्थापन समितिहरुको नक्शांकन

# परिच्छेद ४
# विषय क्षेत्रको परिचय र क्षेत्रगत अवधारणा

## ४. विषय विषयगत विपद्को प्रकृतिमा आधारित

### ४.१ विषय क्षेत्रको परिचय (क्षेत्रगत अवधारणा)

जिल्लामा आपत्कालीन कार्ययोजनाको प्रभावकारीताकालागि राष्ट्रिय र जिल्ला स्तरमा विकास भएका क्षेत्रगत समुह (Cluster) हरूलाई आधार मानेर कार्य विभाजन गर्नु उपयुक्त हुने देखिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न नपा/गाविसका लागि वर्तमान समयमा चुनौती देखिए पनि कार्यविभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारीबोध हुने भएकोले क्षेत्रगत अवधारणाअनुरुप योजना तर्जूमागरिएकोछ । अतः विपद्का समयमा प्रभावित तथा पीडितहरुलाई मानवीय सहायता उपलब्ध गराउने विशेषज्ञता अनुरुप कार्यविभाजनको स्वरुपलाई क्षेत्रगत समुह (Cluster) भन्नु उपयुक्त हुनेछ । अर्न्तराष्ट्रिय/राष्ट्रिय स्तरबाट समेत मान्यता प्राप्त क्षेत्रगत अवधारणाका विशेषता निम्नअनुसार रहेका छन् :

- विशेषगरी ठूलो विपद्को अवस्थमा सक्रिय रहने भए पनि क्षेत्रगत अवधारणाले समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- विपद् प्रतिकार्य (खोज, उद्धार र राहत) प्रक्रियामा विशेषज्ञताको उपयोग गर्ने भूमिका निर्वाह गर्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यस अनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीको निराकरण गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यक्ताअनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

| क्र.सं | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (Cluster Lead) | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|
| १ | **समन्वय तथा सूचना ब्यवस्थापन** (Coordination and Information Management) | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाल पत्रकार महासंघ, एफ.एम. रेडियो, गा.वि.स., जि.वि.स., न.पा., नागरीक समाज, गैसस महासंघ नेपाल, NNSWA र N-CDMC जिल्ला सञ्जाल |
| २ | **खोज उद्धार तथा प्राथमीक उपचार** (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय | नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी वल, एफ.एम. रेडियो, नेपाल पत्रकार महासंघ, नेपाल रेडक्रस सोसाइटी, DDRT, नेपाल स्काउट, गा.वि.स.न.पा.का तालिम प्राप्त कार्यदलहरु, समुदाय र वार्ड स्तरिय विपद् व्यवस्थापन समिति र कार्यदलहरु |
| ३ | **खाद्य** (Food) | जिल्ला कृषि विकास कार्यालय | जि.वि.स., गाविस, न.पा., उद्योग वाणिज्य संघ, नेपाल खाद्य संस्थान, जिल्ला पशु सेवा कार्यालय, नेपाल रेडक्रस सोसाईटी, निड्स नेपाल, NNSWA, सपोर्ट फाउण्डेशन, रुडुक र N-CDMC जिल्ला सञ्जाल |
| ४ | **आवास तथा गैर खाद्यान्न** (Shelter/ Non food item) | नेपाल रेडक्रस सोसाइटी | जिल्ला प्रशासन कार्यालय, जिविस, नेपाली सेना, नेपाल प्रहरी, रेडक्रस, उद्योग वाणिज्य संघ र अन्य सहयोगी गैससहरु NRCS, NNSWA/DLSA, NEEDS etc |
| ५ | **खानेपानी तथा सरसफाई** (WASH) | जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | जि.वि.स., नगरपालिका तथा गाविस, नेपाल रेडक्रस सोसाईटी, निड्स नेपाल, न्यूज, NNSWA, Suhaara, सेवक नेपाल, हेल्प नेपाल |

| क.सं | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (Cluster Lead) | क्षेत्र सदस्यहरु (Cluster Member) |
|---|---|---|---|
| ६ | **स्वास्थ्य र पोषण** (Health and Nutrition) | जिल्ला स्वास्थ्य कार्यालय | जिल्ला खानेपानी तथा सरसफाई डि. कार्यालय, रुडुक, निड्स नेपाल, ने.प.नि.संघ र NNSW, सूआहारा, HC3, अञ्चल आयुर्वेद, सेवक मित्र, गेरुवा, अञ्चल अस्पताल, रेडक्रस |
| ७ | **संरक्षण** (Protection) | महिला विकास कार्यालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला बाल कल्याण समिति र अन्य सम्बद्ध निकायहरु |
| ८ | **शिक्षा** (Education) | जिल्ला शिक्षा कार्यालय | पत्रकार महासंघ, निड्स नेपाल र NNSWA . |
| ९ | **पूर्नस्थापन तथा पूर्ननिर्माण** (Rehabiliation and Reconstruction) | जिल्ला विकास समिति | जिल्ला प्रशासन कार्यालय, सडक डिभिजन कार्यालय, जनताको तटबन्ध, नेपाल विद्युत प्राधिकरण, जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय, भू-संरक्षण कार्यालय, नगरपालिका/ गा.वि.स., उद्योग बाणिज्य संघ, नेपाल टेलीकम, महाकाली सिंचाई व्यवस्थापन डिभिजन र सम्वद्ध गैसस |

**४.२ विषय क्षेत्रको अगुवा तथा सहयोगी संस्थाको सूचिः**

| क. सं. | विषयगत क्षेत्र (Cluster) | क्षेत्रगत अगुवा (Cluster Lead) | सर्म्पक व्यक्ति (DRR Focal Person) | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | **समन्वय तथा सूचना ब्यवस्थापन** (Coordination and Information Management) | जिल्ला प्रशासन कार्यालय | प्रेम सिंह कुवर | का.०९९-५२१११७८ मो.९७४९००२१५९ |
| २ | **खोज उद्धार तथा प्राथमीक उपचार** (Search and Rescue) | जिल्ला प्रशासन कार्यालय | प्रेम सिंह कुवर | का.०९९-५२१११७८ मो.९७४९००२१५९ |
| ३ | **खाद्य** (Food) | जिल्ला कृषि विकास कार्यालय | टिकाराम थापा | का.०९९-५२१२२५२ मो.९८५८७५००५२ |
| ४ | **आवास तथा गैर खाद्यान्न** (Shelter/ Non food item) | नेपाल रेडक्रस सोसाइटी | टेकराज उप्रेती | का.०९९-५२३९८३ मो.९८४८७२२३६१ |
| ५ | **खानेपानी तथा सरसफाई** (WASH) | जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | गौराज ब. लिम्बु | का.०९९-५२११३४ मो.९८५८७५०८११ |
| ६ | **स्वास्थ्य र पोषण** (Health and Nutrition) | जिल्ला जनस्वास्थ्य कार्यालय | शिवदत्त भट्ट | का.०९९-५२१२९०, मो. ९८४८०१४९३ |
| ७ | **संरक्षण** (Protection) | महिला विकास कार्यालय | जयन्ती गिरी | का. ०९९ -५२३८४३ मो. ९८५८७५१८६६ |
| ८ | **शिक्षा** (Education) | जिल्ला शिक्षा कार्यालय | श्याम सिंह धामी | का. ०९९ ५२१२२४ मो. ९८५८७५२८८८ |
| ९ | **पूर्नस्थापन तथा पूर्ननिर्माण** (Rehabiliation and Reconstruction) | जिल्ला विकास समिति | सिद्धराज पन्त | का.०९९-५२१३२७ मो.९८४८७३१७१४ |

**४.३ जिल्ला स्थित सरोकारवालाको स्रोत एवम् क्षमता विश्लेषण :**

विपद्का घटनाबाट हुन सक्ने क्षतिलाई कम गर्न वा सामना गर्न क्षमता अभिवृद्धि गरी जिल्लाभित्र उपलब्ध स्रोत तथा साधनको उचित विश्लेषणको साथै बन्देबस्त गर्नु आवश्यक हुन्छ । त्यसकारण स्थानीय स्रोतको अधिकतम उपयोग गरी विपद् व्यवस्थापनलाई विकास प्रक्रियामा समायोजन गरेर जोखिम कम गर्नु र आपतकालिन समयमा स्रोतसाधनको उचित उपयोग गरी प्रभावित समुदायलाई सुरक्षा तथा राहतको न्यायोचित वितरण गर्न मा राज्यको प्रमुख दायित्व हुन्छ ।

जिल्लामा उपलब्ध स्रोत र क्षमताबाट स-साना विपद्को सामना गर्न र जोखिमलाई न्यूनीकरण गर्न सकिएमा ठुलाखालका घटनाको सामना गर्न मात्र राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोगको आवश्यक्ता पर्दछ । तसर्थ, जोखिम न्यूनीकरण र घटना पूर्व र पश्चात् उपलब्ध गराईने सहयोगका लागि जिल्लाको आन्तरिक क्षमता नै महत्वपूर्ण रहने हुँदा यसको अवस्थाको विश्लेषण गर्नु जरुरी छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पूनरावलोकन गर्ने क्रममा भएका छलफल, सूचनाको आधारमा जिल्लाको अवस्था निम्नअनुसार रहेकोछ ।

- जिल्ला स्थित विभिन्न सरकारी निकायहरुमा आपतकालिन अवस्थाको लागि पूर्व तयारी रुपमा खाद्य सामाग्रीको संञ्चिती तथा भण्डारण गर्न सकिएको छैन ।
- गैर खाद्य तथा अन्य खोज उद्धारको सामाग्रीहरु सरकारी तथा केही गैर सरकारी संघ संस्थासँग भएको अवस्था देखिन्छ ।
- कलस्टर लिड कार्यालयहरुले आपकालिन योजना (Emergency Plan) छुट्टै वनाउन सकेको देखीदैन र केही गैससहरुले तयार गरेको देखिन्छ ।
- आकस्मिक तथा विपद् व्यवस्थापन कोषको व्यवस्था जिविस, जिल्ला प्रशासन कार्यालय, नगरपालिका र गाविसहरुमा तर्जूमागरिएकोछ र धेरैजसो नगरपालिकाले उक्त कोष परिचालन गाईडलाईन समेत तयार गरेको देखिन्छ ।
- आपतकालिन अवस्थामा कार्यालयमा रहेका सवारी साधन उपलब्ध गराउन सकिने अवस्था छ ।
- खोज उद्धार (Search and Rescue) को लागि जनशक्ति पर्याप्त मात्रामा भएको (नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी)
- प्राविधिक तथा सहयोगी जनशक्ति सम्पुर्ण कार्यालयबाट र गैससहरुवाट उपलब्ध हुन सक्ने अवस्था छ ।
- आवश्यक्ता पहिचान, परामर्श र तालिम, निर्माण कार्य, अनुगमन र राहत वितरण कार्यमा समेत धेरैजसो कार्यालयमा अनुभव भएको ।
- जिल्ला दैवी प्रकोप उद्धार समिति अन्तर्गत सूचना व्यवस्थापनकोलागि दक्ष तथा प्रतिबद्ध जनशक्ति र भौतिक सामाग्रीको आवश्यक्ता देखिएको छ ।
- योजना तर्जूमागर्दा उच्च जोखिममा रहेको जनसंख्याको पूर्वानुमान गरिएकोछ ।
- विपद पूर्वको तथा विपद पश्चातका घटना सम्बन्धी सूचनालाई एकिकृत रुपमा संप्रेक्षण गर्न तथा खोज र उद्धार कार्यमा सहजीकरण गर्न जिल्ला प्रशासन कार्यालय अन्तरगत जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र (DEOC) को स्थापना र संचालन भएकोछ ।

# परिच्छेद ५
# पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी योजना

**५.१ समन्वय तथा सूचना ब्यवस्थापन कार्य समुह** (Coordination and Information Management Cluster)

विपद् प्रभावित समुदायलाई आई पर्ने विपद्को बारेमा अगावै सचेत गराउन अपनाइने सूचना माध्यम नै विपद् पूर्वसूचना प्रणाली हो । यसका लागि जिल्ला तहमा जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रले जल तथा मौसम बिज्ञान बिभाग ले स्थापना गरेका जल मौसम मापनका बिभिन्न स्टेसनहरुबाट, सुरक्षा निकाय, नेपाल रेडक्रसमा स्थापना भएको विपद् श्रोत केन्द्र र स्थानिय तहमा गठन भएका पुर्व सुचना प्रणालि कार्यदलहरुवाट सुचना लिई प्रभाबित समुदायमा समयमै सुचना प्रबाहका लागि सुचना प्रवाह र आबश्यक परेमा जिल्ला स्थानिय तहमा रहेका खोज तथा उद्धार र प्राथामिक उपचार टिमलाई समयमै परिचालन गरी उद्धार तथा राहतको कार्य गर्ने छ । प्रभाबकारी प्रतिकार्यका लागि सुचना व्यवस्थापन, कार्यदलहरुको परिचालनका लागि जिल्ला दैबि प्रकोप उद्धार समिति र जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र लाई सहयोग पुर्याउन जिल्ला बिपद् प्रतिकार्य समुह (DDRT) गठन गरी तालिम प्रदान गरिएकोछ उक्त समितिले जिल्ला तहमा प्रतिकार्यको पुर्ब तयारीका लागि समन्वय सहकार्य र विपद्को समयमा कार्यदलहरुको परिचालन गर्ने छन् ।

विपद्का अवस्थामा संकलित सूचनाहरू (क्षति, आवश्यक्ता, उपलब्ध सहयोग, ग्याप र त्यसको प्रभाव तथा आवश्यक सेवाहरू) भरपर्दो माध्यमबाट सरोकारवालाहरू माझ व्यापक सूचना वितरण गरेर थप सहयोग जुटाउन आवश्यक हुन्छ । विपद्वाट प्रभावितहरुलाई सहयोग गर्नु सबै सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको साझा जिम्मेवारी हो । यसका लागि यर्थात तथा विश्वसनीय  सूचनाहरु समयमा नै सवै कलस्टर र DDRC लाई उपलब्ध गराउनु पर्ने मूख्य जिम्मेवारी समन्वय तथा सूचना व्यवस्थापन  कार्यसमुह (Cluster) को हुन आउदछ र यसले महत्पूर्ण भूमीका खेल्दछ ।

**(क) समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरणः**

| क्र.सं. | नाम | निकाय/संस्था | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | श्री प्रेम सिह कुवर | जिल्ला प्रशासन कार्यालय | ०९९-५२१११७८, ९७४९००२१५९ |
| २ | श्री सिद्धराज पन्त | जिल्ला विकास समिति | ०९९-५२१३२७, ९८४८७३१७१४ |
| ३ | श्री टेकराज उप्रेती | नेपाल रेडक्रस सोसाईटी | ०९९-५२५५८८, ९८४८७२२३६१ |
| ४ | प्रहरी उपरिक्षक श्री तुलसी प्रसाद अधिकारी | जिल्ला प्रहरी कार्यालय | ०९९५२१२०० मो. ९८५८७३५५५५ |
| ५ | सेनानी श्री सुजन शाक्य | सिहं शार्दुल गुल्म, भगतपुर | ०९९-५२१२४०, ९८५२६७१३३८ |
| ६ | स.प्र.उ. श्री तारा दत्त पन्त | स.प्र.बल सिमा सुरक्षा मझगाउं | ०९९५२११०१, ९८५१२७२१२० |
| **५** | श्री लक्ष्मण तिवारी | पत्रकार महासंघ | ०९९-५२५६२५, ९८४८७२१३९० |
| **६.** | श्री भवराज रेग्मी | नागरीक समाज कंचनपुर | ९८५८७५०१२८ |
| ७. | श्री हिमालय थापा | NNSWA | ०९९५२२१८२, ९८५८७५०४४० |
| ८. | श्री जनक पन्त | DEOC | ०९९५२५२४५, मो. ९८५८७९००८४ |
| ९ | श्री भीम ब. बुढाथोकी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९८४७८९७९२२, ०९९५२१३४२ |
| १० | श्री राममणि मिश्र | जलतथा मौसम विज्ञान विभाग, अत्तरिया | ०९१-५५०६२२/९८४८३१८७७७ |
| ११ | सबै राजनैतिक दलहरु | | |

**विपद् अवस्था तथा मान्यता योजनाः**

- यातायात (आवतजावत) र पहुचमा कठीनाई
- विपद् वाट  प्रभावितहरुको प्रारम्भीक विवरण  प्राप्तीमा कठीनाई

- स्रोत साधन  पहिचान, परिचालन र व्यवस्थापनको समस्या
- संस्थागत समन्वयको अभाव
- सही तथ्याङ्क संकलनमा  कठिनाई
- राहत वितरणमा समस्या (जनशक्ति, ढुवानी र व्यवस्थापन खर्च)

**क्षेत्रगत योजनाको उद्देश्यः**
सूचना संकलन एवं ब्यवस्थापनकालागि उचित ढाँचा सहितको ठोस संयन्त्र निर्माण गरी सुचना प्रवाहकालागि वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सुचनाहरूलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- **समन्वय वैठक** विपद्को समयमा **२४ घण्टा** भित्र र पहिलो हप्तामा  १ दिन विराएर र दोश्रो हप्तावाट हप्तामा १ पटक वस्ने ।
- विपद्को अवस्था, क्षति तथा प्रभावित विवरण सहितको प्रारम्भीक सूचना विपद्को **२४ घण्टा** भित्र उपलब्ध गराउने र निरन्तर अध्यवाधिक गर्दै सरोकारवाला निकाय र संचार माध्यमा सम्प्रेण गर्दै जाने ।
- जिल्ला र गाविस एवं नपा तहमा सूचना संकलन टिम तयार गरी सूचना संकलन र संप्रेषण गर्ने ।
- विपद्को अवस्थामा प्रतिकार्य सहयोग गर्न **४८–७२ घण्टा** भित्र **द्रुत लेखाजोखा** गरी सूचना उपलब्ध गराउने ।
- विपद्को स्तर मूल्याकंन गरी **३–५ दिन** भित्र बहुविषयगत प्रारम्भिक द्रूत लेखाजोखा (Multisectoral Initial Rapid Assessment, MIRA) गरी क्षति र पीडितहरूको विवरण तयार गर्न समुह परिचालन गर्ने  ।
- विपद्वाट विस्थापीतहरुको अवस्था, शिविर व्यवस्थापनको अनुगमन गरी प्रतिवेदन मार्फत जानकारी गराउने
- सूचना प्रवाहको वैकल्पिक उपायहरू पहिचान गरी सूचना प्रवाह सुनिश्चित गर्ने
- प्राप्त सूचनालाई विश्लेषण गरी सम्बन्धित क्षेत्र र आवश्यक्तानसुार क्षेत्रीय र केन्द्रीय निकायमा संप्रेषण गर्ने ।

जिल्ला तह देखि समुदाय तह सम्म प्रभावकारी र समन्वयात्मक प्रतिकार्यका लागि तल तालिका मा उल्लेख गरिएकोचार्ट अनुरुप बिभिन्न तहका संरचनाहरु कार्यरत रहनेछन् ।

## प्रारम्भिक द्रुत खोज तथा उद्धार टोली



# समन्वय र सुचना व्यवस्थापन संरचना



## (ख) सुचना तथा समन्वय क्षेत्रको तयारि योजना

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | बिभिन्न श्रोतबाट प्राप्त (जल तथा मौसम बिभागका गेज स्टेसन, सुरक्षा निकाय र समुदाय स्तरबाट) सुचनाको आधिकारिक सुचना प्र.जि.अ. लाई दिने | स्थानिय तहमा पूर्ब सुचना कार्यदलको गठन, तालिम अन्तर समुदायमा आधारित सञ्चार च्यानेल अनुरुप ति कार्यदलको माथिल्लो भेकका गेज स्टेसन, जल तथा मौसम बिभागका फिल्ड कार्यालय र जिल्ला आपतकालिन सञ्चालन केन्द्र संग समयमै सुचना प्राप्ति र प्रबाहका हुने गरी प्रभाबकारि सम्बन्ध स्थापना को व्यबस्था भएको | जिल्ला तहका MT बाट स्थानिय प्रभावित गा.वि.स.तह सम्म का स्वयं सेबकलाई मात्र भए पनि तालिम हुनु पर्ने सो नभएको । | जिल्ला आपतकालिन केन्द्रको समन्वयमा सबै सम्बन्धित निकायहरु | रु.. १ लाख |
| | DDRC को समन्वय बैठक आयोजना, जानकारी संकलन र परिस्थितिको अध्यावधिक गर्ने | DEOC, माथिल्लो भेकका गेज स्टेसन, DHM का फिल्ड कार्यालय र स्थानिय तहमा पूर्ब सुचना कार्यदलका सम्पर्क ब्याक्तिहरुको समय समयमा बैठक र पूर्ब सुचनाका लागि स्थापना भएका स्टेसन सम्पर्क व्यक्ति र नम्बरहरु सबैको सहज पहुका लागि प्रकासन गर्ने । | नियमित बैठ गर्ने तथा अझै केही स्थानको सम्पर्क नं. हरु समाबेस हुन नसकेको । | DDRC को सूचना तथा समन्वय Cluster को समन्वयमा सबै निकाय | रु..५,००० |
| | सबै क्षेत्रगत समुह (Cluster) लाई सक्रिय पार्ने कार्य विभाजन गरी सबै Cluster लाई जिम्मेवारी सुम्पने । | NEOC तथा जिल्लास्तरमा स्थापित DEOC सँग निरन्तर सञ्चार सम्पर्कको व्यवस्था र भरपर्दो सञ्जालको स्थापना, ग्रामीण टेलिफोन सेवा समेतलाई आपतकालीन अवस्थामा प्रयोग गर्न आवश्यक प्रणाली तथा संयन्त्रको विकास गरीनेछ । | स्थानिय तहमा भएका गेज रिडरहरु र सम्पर्क ब्याक्तिहरु बिचको स्थायी सयन्त्र नभएको यसका लागि मोबाईल सेट, रिचार्ज सुबिधा । | प्र.जि.अ., DDRC को सूचना तथा समन्वय Cluster को समन्वयमा सबै निकाय | रु. २५,००० |
| | रेडियो टेलिभिजन, छोटकरि सुचना सेवा (SMS) का माध्यमबाट तथ्यगत पुर्ब चेतावनी, भए गरेका उद्धार प्रयासहरु अर्थात् सार्बजनिक आव्हान बिषयक सुचनाहरु प्रबाह गर्ने । | विपद् सम्बद्ध निकाय तथा प्राधिकरणका कार्यालयहरू तथा आपतकालीन कार्य सञ्चालन केन्द्रहरूलाई क्रमिक रूपमा स्याटेलाइट फोन, रेडियो सञ्चार प्रणाली तथा सञ्चारका अन्य आधुनिक प्रणालीद्वारा सुसज्जित गरिएकोहुनेछ । | DEOC मा कम्प्युटर शिप सहितको स्थायी कर्मचारिको अभाब । | प्र.जि.अ., DDRC को सूचना तथा समन्वय Cluster को समन्वयमा सबै निकाय | ५,००००० |
| | महामारि र अन्य प्रकोप का सम्बन्धमा जानकारि प्रबाह र उद्धार गर्ने । REOC तथा NEOC मा जानकारि गराउने । | तथ्यांक तयारि, विपद् सम्बन्धी सूचना प्रणालीको (Diaster Information System) विकास र तथ्यांक प्रणालीमा काम गर्ने सरोकारवाला हरू लाई यसको प्रयोग गर्न अभिप्रेरित गरिएकोहुनेछ । | स्थानिय तह (D/S), माथिल्लो भेगका स्टेसनहरु (U/S) को DEOC संग सबै समुदायको लिंक हुन नसकेको तर केही प्रयास भैरहेको | | |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला संग संभाब्य सहयोगका लागि समन्वय गर्ने । | संभाव्य प्रकोपहरूको अनुगमन गर्न आवश्यक प्रणालीको तर्जूमातथा विकास गरिएकोहुनेछ । नियमित रूपमा विपद्का घटना, प्रभाव तथा क्षतिका सम्बन्धमा तथ्याङ्गगत अभिलेख राख्ने, विश्लेषण गर्ने, सार- सङ्क्षेप तयार पार्ने | सबै कलस्टरलाई तालिम दिनुपर्ने । बिपद्मा पत्रकारहरुको भुमिका सुचना संप्रेषण र समन्वयका | | |

| विपद् पश्चात को अबधि | बिपद्को अवस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | DEOC⁄लाई बिपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रुपमा परिचालन गर्ने । | तथा प्रचार-प्रसार गरिएकोहुनेछ ।<br>सबै नदिहरुमा साईरन युक्त यन्त्रका लागि दाताहरूका बीचमा संस्थागत समन्वय विकास गरी पूर्व-चेतावनीलाई सुदृढ पार्न सहकार्य र सहयोग पुऱ्याइएको हुनेछ ।<br><br>विशेष रूपमा खतरामा रहेका समुदाय तथा संस्थाहरूका बीचमा व्यापक मात्रामा प्रचार-प्रसार गर्न सकियोस् भनी पूर्व-चेतावनी दिने प्रणालीको स्थापना गरिएकोहुनेछ । संभाव्य प्रकोपहरूका लागि पूर्व-चेतावनी दिने प्रणालीको उपयोग गर्न स्थानीय समुदायलाई अभिप्रेरित गरिएकोहुनेछ<br><br>बिपद्का क्षेत्रमा काम गर्ने बिभिन्न निकायको नामावलि र सम्पर्क ब्याक्तिहरुको लिष्ट तयारि गर्नुका साथै उनिहरु संग भएको श्रोत साधनको नक्सांकन गर्ने । सबैलाई आपतकालिन अवश्थाको बेला के कति समयमा कहा बैठक बस्ने बारे जानकारि (विपद्का समयमा तत्कालै, पहिलो १ हप्ता सम्म १ दिन विराएर र दोश्रो हप्तावाट हप्तामा १ पटक )<br><br>सबै बिषयगत अगुवा कार्यालय तथा सदस्यहरुलाई जिम्वेवारिको जानकारि गराउने र बिषयगत बिपद् प्रतिकार्य तथा आकस्मिक योजना तयारि अवस्थामा राख्न लगाउने । आकस्मिक योजना कार्यान्वयनमा अन्य बिषयगत कार्यालयको पनि सहयोग लिने ।<br><br>सूचनाको प्रचार-प्रसार, सञ्चार माध्यम तथा सञ्चार प्रविधिहरूको विवेकपूर्ण प्रयोग गर्ने प्रणाली विकसित गर्ने र त्यसको लागि क्षमता सदृढीकरण गरिएकोहुनेछ ।<br><br>विपद् जोखिम व्यवस्थापन तथा समुदायको पूर्व-तयारीको प्रवर्द्धन गर्ने कार्यमा सञ्चार माध्यमको भूमिकालाई प्रणालीगत रूपमा स्थापित गरी आमसञ्चार माध्यमहरूलाई अभिमुखीकरण गरिएकोहुनेछ ।<br><br>नगरपालिकाहरुमा आपत्कालीन कार्यसंचालन केन्द्रहरुको स्थापना गर्नुका साथै | सम्बन्धमा पत्रकारहरु लाई, DEOC, DHM का फिल्ड कर्मचारिलाइ तालिम दिनु पर्ने ।<br><br>DEOC को कार्यबिधिलाई प्रभाबकारि रुपमा कार्यान्वयन नभएको यसका लागि सबै सरोकारवालालाइ जिम्वेवार बनाई कार्यान्वयन गर्ने ।<br><br>निश्चित फारामहरु नभएको, समन्वयको अभाब<br><br>सरोकारवालाहरुको सुचना तथा गरेका कार्यहरु को सूचना भरपर्दो रुपमा आउन नसकेको | | |

| विपद् पश्चात को अवधि | बिपद्को अवस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | | विपद् प्रतिकार्यका लागि जिल्ला, नगरपालिका तथा गाविसस्तरमा समन्वयको विधि तयार गर्ने बिपद् सम्बन्धि सूचनाहरु आदान प्रदान गर्ने प्रभाबकारि संयन्त्रको बिकास गरिएकोहुनेछ ।<br><br>बिपद् पुर्ब सम्भाबित बिपद्को क्षतिको अनुममान गरी त्यसका लागि आबश्यक पर्ने स्रोत साधन भएका निकायहरुको पहिचान गरी जिल्ला दैबि प्रकोप उद्धार समितिलाई जानकारि गरीने छ । | | | |
| **दोश्रो दिन** | विषयगत अगुवा सस्था तथा सहयोगीसस्थाहरुको बैठक -आबश्यक्ता अनुरुप निरन्तर बस्ने)<br><br>स्रोत साधनको आंकलन गर्ने (आबश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने )<br><br>प्रभावित परिवारको दर्ता गर्ने, पीडितको लागि परिचयपत्र उपलब्ध गराउने र तथ्याङ्कको उचित प्रबन्ध र व्यवस्था गने<br><br>आकस्मिक संचारको प्रवन्ध गर्ने तथा यथाशीघ्र छिटो दूरसञ्चारको पुनःस्थापन गरी सेवा सञ्चालन गर्ने।<br><br>विपद् प्रतिकार्य पश्चात शीघ्र अवधिमा पुनर्स्थापना गर्नका लागि कार्य योजना वनाउने | विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापन कार्यका लागि स्रोतको सूची तयार गर्ने र संस्थागत क्षमताको विश्लेषण गर्ने यसमा विशेषतः विज्ञहरूको सूची, खोज तथा उद्धार औजार, अस्पताल र तिनको क्षमताको सूची, एम्बुलेन्स, आकस्मिक संचार सेवाको अवस्था वारुण यन्त्रको अवस्था आदिको विश्लेषण गर्ने ।<br><br>जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति, नगरपालिका तथा गाउँ विकास समितिमा स्थानीय विपद् व्यवस्थापन समितिको साथै कार्य दलको गठन, क्षमता अभिबृद्धि ।<br><br>सबै प्रकारका प्रकोपहरूका लागि प्रकोप, सङ्कटासन्नता तथा जोखिमहरूका राष्ट्रिय नक्साहरू (संरचनागत, गैर-संरचनागत, सामाजिक, आर्थिक तथा सांस्कृतिक सङ्कटासन्नता) तयार पारिएको हुनेछ ।<br><br>विपद्सम्बन्धी जोखिम तथा सङ्कटासन्नताका सूचक सम्बन्धी प्रणालीको विकास गरिएकोहुनेछ ।<br><br>जोखिमको लेखाजोखाको लागि आवश्यक विधिहरूको विकास गर्ने र त्यस्तो विधिलाई आत्मसात् गरीनेछ । स्वीकृत विधि तथा मापदण्डहरू कायम गर्ने र समभ्रुदारी अभिवृद्धि गर्ने तथा निर्देशिकाहरू प्रकाशित गरिएकोहुनेछ ।<br><br>विपदसँग जुध्न सक्ने साधन तथा स्रोत र उपलब्ध क्षमताको आँकलन गर्ने । | नक्सांकन नभएको यसको निरन्तर गरी रहनुपर्ने यसका लागि रेडक्रसमा भएको स्रोत केन्द्रलाई आधिकारिक जिम्वेवारि दिनुपर्ने र स्रोत केन्द्रले DEOC लाई समय समयमा अपडेट गर्ने संयन्त्र निर्माण गर्नु पर्ने सो नभएको ।<br><br>जिल्ला तहमा बिपद्को पुर्ब तयारिका लागि सबै सरोकारवालालाई जिम्मेवार बनाई बिभिन्न कार्यमा सहकार्य र समन्वयको वाताबरण सृजना गर्नका लागि जिल्ला तहमा बिपद् जोखिम व्यवस्थापन नीति को आबश्यक्ता<br><br>यो प्रक्रियामा कस्को भुमिका रहने भन्ने जिम्वेवारि तोक्ने र तालिम दिन नसकिएको ।<br><br>बैकल्पिक योजना नभएको | DEOC र कलष्टर सदस्यहरु | रु.. |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | | बिपद्को समयमा अति आबश्यक सञ्चारका सामग्रिहरु के के क्षति हुन सक्छ त्यसको आकलन र त्यसको तत्कालै सुबिधा प्राप्तिका लागि बैकल्पिक तथा पुनस्थापना योजना का साथै बजेटको ब्याबश्था गरिएकोहुने छ । जस्तै पुर्ब सुचना दिने सामग्रिहरु | | | |
| **पहिलो हप्ता** | **द्रुत लेखाजोखा** (Rapid Assessment ) गरी संकलित तथ्याक विश्लेषण र सम्प्रेषण गर्ने<br>विषयगत समितिका सवै सदस्य र सरोकारवाला निकायललाई जानकारी गराई प्रतिवेदनका आधारमा **कार्ययोजना** तयार गरी कार्यान्वयन गर्ने<br><br>बिषयगत बैठक र घटनाको बिबरण संकलन गर्ने कार्य निरन्तर गर्ने (कार्य क्षेत्र पहिचान गरी कार्य गर्ने ) | सुचना तथा समन्वय कलष्टर सदस्यहरुलाई तालिम दिईने छ र यि कलष्टरका सदस्यहरुले स्थानिय तहमा पनि सुचना संकलनका लागि संकटासन्न समुदायमा स्वयं सेबकहरु बिकास गरी क्षमता बिकास गरीने छ ।<br><br>बिस्तृत रुपमा सुचनाको संकलन गरी योजना बनाउने र समयमै सबै सरोकारवालालाई सेयरिं गर्ने संयन्त्र बिकास गरीने । यो कार्यलाई निरन्तरता दिईने छ । | जिल्ला तहका कलस्टरका सदस्यहरुले तालिम नपाएको र स्थानिय तहमा लिंकेज प्रभाबकारि रुपमा नभएकाले समयमै सुचना प्राप्त हुन नसकेको र आबश्यक कार्य बिकास नभएको । | जिल्ला आपतकालिन केन्द्र र कलष्टर सदस्यहरु | ३००००० |
| **पहिलो महिना** | क्षेत्रगत कार्य समुहका कार्यप्रगति विवरण, सूचना संकलन, अध्यावधिक र समीक्षा । | DEOC ⁄को सहयोगिका रुपमा रेडक्रसमा रहेका बिपद् सुचना केन्द्रलाई जिम्मेवार बनाईनेछ र यसले स्थानिय तहमा भएका प्रगतिका बारेमा समुदायमा रहेका बिपद् सम्बन्धि समिति र प्रतिकार्य कार्यमा संलग्न निकायहरुको सहयोगमा सुचना संकलन गरी DEOC⁄लाई अपडेट गराउने छ । DEOC को बैठकमा निरन्तर छलफल र सम्बन्धित निकायलाई सल्लाह सुझाब तथा सुचना उपलब्ध गराईने छ । | उपयुक्त र प्रभाबकारि संयन्त्र नभएकाले समयमै सुचना उपलब्ध हुन नसकेको र समुदायको आबश्यकतालाई समयमै सम्बोधन गर्न नसकिएको । | जिल्ला आपतकालिन केन्द्र र कलष्टर सदस्यहरु, सहयोगी संघ संस्थाहरु | आबश्यक नरहेको |
| दोस्रो महिना | विपद्को चेतानवी दिने केन्द्र तथा व्यवस्थापन गर्ने केन्द्रहरू (eg.: EOC) आबश्यक ठानिएका तथा भत्किएका तथा महत्वपूर्ण पुर्ब सुचनाका पूर्वाधारहरूको पूर्व लेखाजोखा गरी मर्मत तथा पुन निर्माण गरीनेछ । | बिपद् पछि पुर्ब सुचना प्रणालि का लागि आबश्यक संरचनाहरुको प्रभाबकारिताको मापन गरीने छ । बिगतको सिकाईका आधारमा संरचनामा सुधार ल्याईने छ र भत्किएका तथा बिग्रिएका संरचनाको मर्मत संभारका साथै थप्नु पर्ने आंकलन गरी आबश्यक बजेटको बिनियोजन गरिएकोहुनेछ । | नदिमा भएको स्टेसनको मर्मतका लागि सरोकारवाला संग समन्वय गरीने छ । अन्तर समुदाय सुचना आदान प्रदानको तौर तरिकालाई पनि पुर्ब चेतावनि प्रणालिमा समाहित गरीने छ । | जिल्ला आपतकालिन केन्द्र र कलष्टर सदस्यहरु | ५००००० |
| तेश्रो महिना | जिल्ला बिपद् पूर्ब तयारि तथा प्रतिकार्य योजना समयसापेक्ष परिमार्जन गर्ने । | नेपाल सरकारबाट जारि भएका निति, रणनिति, निर्देशिका बमोजिम कंचनपुर जिल्लाको परिबेस अनरुप नियमित रुपमा जिल्ला बिपद् पर्ब तयारि तथा | संचालन प्रक्रिया का लागि जिल्लाको सरोकारवालालाई | DEOC⁄ र कलष्टर सदस्यहरु, सहयोगी संघ | १००००० |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | | प्रतिकार्य योजना समयसाक्षेप परिमार्जन गर्ने परिपाटि बसालिएको हुनेछ ।<br>दाता, निजी क्षेत्र वा दान-दातव्यबाट आर्थिक स्रोत जुटाउने छुट्टै संयन्त्र (जस्तै बास्केट फण्ड) को स्थापना गरीने र प्रभावित क्षेत्र (sector) एवं समुदायलाई आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्थाको विकास गरिएकोहुनेछ । | योजनाहरुमा योगदान दिने बाताबरण सृजना गर्न<br>प्रयाप्त मेसिन उपकरण नभएको चेतावनि ई साईरन को खाचो । | संस्थाहरु | |

## ५.२ खोजतलास तथा उद्धार (Search and Rescue Cluster) कार्य समुह :

**(क) खोजतलास तथा उद्धार कार्यको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण:-**

| क्र.सं. | नाम | निकाय/संस्था | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | श्री प्रेम सिह कुवर | जिल्ला प्रशासन कार्यालय | ०९९-५२१११७८, ९७४९००२१५९ |
| २ | प्रहरी उपरिक्षक श्री तुलसी प्रसाद अधिकारी | जिल्ला प्रहरी कार्यालय | ०९९५२१२०० मो. ९८५८७३५५५५ |
| ३ | श्री उत्तम थापा | नेपाली सेना भवानी बक्स गण मझगाउ | ०९९५२५५५०, ९८५७०३६३४४ |
| ४ | सेनानी श्री सुजन शाक्य | सिहं शार्दुल गुल्म, भगतपुर | ०९९-५२१२४०, ९८५२६७१३३ |
| ५ | श्री पदम कुमार आङवो | ने.सेना २५ नं. वाहिनी अड्डा भगतपुर | ०९९५२५४४४, ९८४१२२०५८७ |
| ६ | स.प्र.उ. श्री तारा दत्त पन्त | स.प्र.बल सिमा सुरक्षा मझगाउं | ०९९५२११०१, ९८५१२७२१२० |
| ७ | श्री टेकराज उप्रेती | नेपाल रेडक्रस सोसाईटी | ०९९-५२३९८३, ९८४८७२२३६१ |
| ८ | श्री दिवाकर भट्ट | N-CDMC जिल्ला अध्यक्ष | ९७४९५०९६०८ |
| ९ | श्री लक्ष्मण तिवारी | नेपाल पत्रकार महासंघ | ०९९५२१९७०, ९८४८७२१३९० |
| १० | श्री भीम ब. बुढाथोकी | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९८४७८९७९२२, ०९९५२१३४२ |
| ११ | श्री हिमालय थापा | NNSWA | ०९९५२२१८२, ९८५८७५०४४० |
| १२ | श्री लोकेन्द्र भट्ट | NEEDS | ९८४९६३३४६४ |
| १३ | श्रीमति गोमती भट्ट | नेपाल स्काउट | ९८४८७२४२८१ |
| १४ | सबै राजनैतिक दलहरु | | |

### विपद् अवस्था तथा मान्यता योजना:

- भवनहरु क्षति भई व्यक्तिको अवस्था पत्ता नलाग्नु वा पुरिनु,
- गाउँबस्ती पहिरोले बगाउनु, डुवान भई प्रभावित हुनु,
- वाढी पहिरोवाट हुने प्रति हिंसा र अन्य अपराधिक गतिविधिहरु वढ्नु,
- अति आवश्यक सरसामानको आपूर्तिमा अवरोध हुनु,
- सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) क्षति
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक किसिमले सक्षम (अपाङ्ग) मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि अधिक चाप र नियमित सेवामा अवरोध
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र बाताबरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा बिकासमा समस्या
- बाढी बाट मानवीय क्षति हुने मृत्यु घाईते

### क्षेत्रगत योजनाको उद्धेश्य :

वाढी पहिरो प्रकोप प्रभावित व्यक्तिहरुलाई छिटो भन्दा छिटो उद्धार गरी सहज तरिकाले सुरक्षित स्थान सम्म पुऱ्याउने ।

## योजनाको समष्टिगत उद्देश्य :

विपद्को बेला तत्काल खोज तथा उद्धारको आवश्यक्ता परेका व्यक्ति, परिवार वा समूदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय क्षति तथा भविष्यमा हून सक्ने अन्य जोखिमहरुको न्युनिकरण गर्नु यस क्षेत्रगत समूहको समष्टिगत उदेश्य हो । यस उदेश्य सूनिश्चित गर्नका लागि न्युनतम निम्न कूराहरुको तयारी अत्यावश्यक पर्दछ ।

- तयारी अवस्थाको अनुगमन गर्नका लागि अनुगमनसम्बन्धी बैठक नियमित रुपमा विपद्को समय पूर्व बसालिनु पर्ने ।
- खोजी तथा उद्धारसम्बन्धी टोलीको गठन र आवश्यक पुर्वाभ्यास संचालन ।
- खोज तथा उद्धारका लागि चाहिने आवश्यक उपकरण तथा औजारहरुको उचित भण्डारण,व्यवस्थापन र परिचालन बिधिबारे सम्बन्धित जनशक्तिको क्षमता अभिबृद्धि तथा शिघ्र पहूंचको स्थापना ब्यबस्था ।
- प्रकोप प्रभावितहरुलाई भेदभावरहित ढंगवाट उद्धार गरी सुरक्षित राख्ने ।
- विपदमा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु, विशेष गरी महिला,वालवालिका तथा असहायलाई खोज कार्यमा प्राथमिकता दिने ।
- प्रभावितहरुको तत्काल जीवन बचाउनु र सम्भावित मानविय क्षति कम गर्ने ।
- उद्धार टोलीमा प्राथमिक उपचारका सामाग्री लैजाने सम्भव भए स्वास्थ्यकर्मी समेत समावेश गर्ने ।
- सम्भावित खोज तथा उद्धारको आवश्यक्ता पर्न सक्ने समुदायको नक्शांकन, सुरक्षित स्थानको खोजी तथा त्यस क्षेत्रमा पहुंच सम्बन्धि बैकल्पिक बाटो वा उपाय सहितको योजना र त्यस बारे सो क्षेत्रका लागि जिम्मेवार ब्यक्ति वा संस्थालाई अभिमूखिकरण ।
- कंचनपुर जिल्लाको समग्र तराई क्षेत्र विपद्वाट प्रभावित हुने हुनाले क्षेत्रगत हिसावले खोज तथा उद्धार टोलीको जिम्मेवार कार्य बिभाजन र थप सहयोगका लागि आवश्यक प्रकृयाहरुको जानकारी ।
- खोज तथा उद्धारको आवश्यक्ता भएका प्रभावितहरुको जीवन रक्षा संगै प्रभावित समुदायमा अनावश्यक तनाव सृजना नहुन दिने हेतुले विपद्को मानवीय क्षति र यसका लागि गरीएका प्रयास सम्बन्धि उपलब्ध सूचना ब्यबस्थापन र सम्प्रेषण सम्बन्धि आवश्यक ब्यबस्था

## (ख) खोज तथा उद्धार क्षेत्रको तयारि योजना ।

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | प्राप्त सूचनाको आधारमा समन्वय गरी संयुक्त उद्धार टोली परिचालन र प्राथमिक उपचार ।<br><br>ठूला विपद्हरूको सामना गर्न घटना आदेश प्रणाली (Incident Command System) को लागु । | विगतका विपद सम्वन्धि घटनाको सूचना संकलन, सम्भावित विपदको पहिचान एव अनुगमन गर्ने र उद्धार गर्नुपर्ने स्थलको एकिन गर्ने, विपद् जोखिम बारे नक्साकंन गर्ने र समन्वयात्मक छलफल गर्ने ।<br>खोजी तथा उद्धार एवं क्षतिको निर्धारण तथा आवश्यक्ताको लेखाजोखा गर्ने कार्यमा सरकारी, गैर-सरकारी संघ संस्थाहरु, स्थानीय निकाय, निजी क्षेत्र तथा समुदायमा आधारित सङ्गठनहरूको भूमिकालाई स्पष्ट गरीनेछ । सम्पर्क व्यक्ति लगायत खोजी तथा उद्धार आवश्यक्ताको निर्धारण सञ्चालन गर्ने जिम्मेवार निकायहरूको पहिचान गरी पहिचान गरीएका निकायहरूलाई औपचारिक रूपमा जिम्मेवारी प्रदान गरीनेछ ।<br><br>खोजी तथा सहज उद्धारका लागि आवश्यक पर्ने ठूला उपकरण (heavy equipment) तथा औजारहरूको परिचालन तथा उपयोग निर्देशिकाहरूको विकास गरीने र विपदको लागि आवस्यक पर्ने जनशक्तिलाई High Alert मा राख्ने ।<br>उपलब्ध हुन सक्ने स्थानीय श्रोत साधन, शिप तथा जनशक्तिको पहिचान तथा परिचालन गर्ने<br>बिभिन्न तहसम्मका जनशक्तिहरु लाई आबश्यक तालिमको व्यबस्था मिलाउने । | सयुक्त रुपमा नक्सांकनको अभाब रहेको यसका लागि SOP बनाई सबै निकायहरुलाई जिम्वेवार बनाउनु पर्ने ।<br><br>जिल्ला तहमा २ वटा मध्यम स्तरको समुह गठन र तालिम समुदाय स्तरमा संचाचन गर्ने<br>केही गाबिस तथा न.पा.मा स्थानिय तहका लागि खोज तथा उद्धारका लागि आबश्यक पर्ने सामग्रिहरु हेलिकप्टर, क्रेन र तालिम प्राप्त जनशक्ति र प्रविधि<br><br>जिल्ला तहका तालिम प्राप्त खोज तथा उद्धार सदस्यहरुले स्थानिय तहमा खोज तथा उद्धारका लागि स्वयं सेबकहरु तयार गर्ने ।<br><br>**जिल्लाका लागि आबश्यक आपतकालिन सामग्रिहरु, जस्तै** : रबरबोट, लाईफ जाकेट, प्लाष्टिक डोरि, हेल्मेट, स्याण्ड ब्याग, क्याराबिन, थ्रो ब्याग, सिट हर्नेस, फायर एक्सिटंग्युजर, बाल्टिन, भर्या□, गमबुट, माक्स, कंक्रिट वालकटर, आईरन रडकटर, पिलर तथा बिम सपोटर, साबेल, पिग, रुख कटर करौति, फरुवा, घन ठूलो, स्टेचर, फोल्डिं आल्मुनियम भर्या□, रक ड्रिल बिट सेट भर्या□, Fire Profs Suit (Jacket, Trouser), Generator Portable 3KW, Flexible Electrical Wire , Electric Tool Set, हेडलाइट, पंजा, ट्युब, | जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, सेडक्रस तथा अन्य सहयोगी संघ संस्थाहरु | रु.१०००००० |

| बिपद् पश्चात को अवधि | बिपद्को अवस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | घाईतेहरुका सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यबस्था मिलाउने र सिकिस्त घाईतेलाई अस्पताल पठाउने ।<br><br>एम्बलेन्स सेवा, आपतकालिन प्राथामिक उपचार र घाईतेको लागि यातायातको व्यबस्था तत्काल मिलाउने ।<br><br>आगो लागेको ठाउमा आगो निभाउने तथा नियन्त्रण गर्ने ।<br><br>सडक सम्पर्क न्यूनतम पुनस्थापना गर्ने | जिल्ला र स्थानीय विपद् प्रतिकार्यका लागि खोज तथा उद्धार समूहको क्षमता विकास गर्ने । जिल्ला तहमा दुइवटा मध्यम स्तरको समूह र प्रत्येक बिपद् प्रभाबित समुदायमा आबश्यकता अनुसार सामान्य स्तरको समूह गठन गरी क्षमता विकास गर्ने ।<br><br>सुरक्षा सम्वन्धि सवै निकायले खोज एव उद्धारको लागि भण्डारण गरिएकोसामग्रीहरुको अवस्थाको जाच गर्ने, उद्धार सामग्रीको थप आवश्यक्ता अनुसार तयारी गर्ने<br><br>तीनवटै सुरक्षा निकायहरुमा जिल्ला तथा स्थानिय तहमा निर्दिष्ट स्टाफ र दमकल सहितको विपद् व्यवस्थापनका पूर्ण सामाग्री सहितको एकाई टोली तयारी अवस्थामा राख्ने ।<br><br>भिड ब्याबश्थापन गरी स्थान खालि गर्ने पिडितहरु लाई नजिकको क्याम्पहरुमा पठाई भिड ब्यबस्थापन गर्ने । | बेल्चा, गैटी, त्रिपाल, पम्प हावा भर्ने, बेल्ट कटर, पिन कटर, ह्याम्बर, जुमर, चस्मा, ड्रील ढलान काट्ने, रेनसुट, बन्चरो, फस्टएड वाकस,प्लाष्टीक ग्यालीन, सादा प्लाष्टिक, साइरन, मेगाफोन, दूरविन आदि को व्यबस्थापन ।<br><br>७ दिनको अनुशिक्षण कार्यक्रम संचालन गर्ने, अभिमुखिकरण तालिम संचालन गर्ने, सयुक्त अभ्यास<br><br>अग्नि नियन्त्रणको लागि दमकलको ब्यबस्था ८ वटा नगरपालिकाहरुमा । | DDRC को पहलमा तिन वटै सुरँक्षा निकाय, रेडक्रस तथा सहयोगी संघ संस्थाहरु<br><br>सम्वन्धित न.पा.हरु, सुरक्षा निकाय<br><br>तिन वटै सुरक्षा बलहरु, सडक कार्यालय | |
| **दोश्रो दिन** | पहिलो दिनको कार्यमूल्यांकनको आधारमा थप घट गरी टोली परिचालन<br>आबस्यक्ताको पहिचान गरी समन्वयात्मक उद्धार, र बिशिष्ट ब्यक्तिहरुको सुरक्षार्थ टोली परिचालन गर्ने ।<br><br>बिषयगत क्षेत्रले घटनाको बस्तुगत बिबरण तयार पार्ने ।<br><br>खोज तथा उद्धार र राहतका सामग्रिहरुका सम्बन्धमा | प्रारम्भिक खोजी (Light Search) तथा उद्धार, बृहत खोजी तथा उद्धारका टिमहरुमा परिचालनको तौर तरिका र सिफ्टिंको ब्यबस्था प्रभाबकारि रुपमा गर्नका लागि बिगतका सिकाईहरुलाई आत्मसात गर्न अभिमुखिकरण गरीने छ ।<br><br>विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउने एकीकृत प्रणालीको विकास गर्ने । यस प्रणालीमा राष्ट्रिय, जिल्लास्तरीय, नगरपालिका /गाउँ तथा वडा तहमा क्रियाशील निकायहरूमध्ये कार्यक्षेत्र अनुरूप हरेकको भूमिका तथा जिम्मेवारी प्रष्ट निर्धारण गर्ने र अन्तरनिकाय समन्वयका लागि आवश्यक प्रतिवेदन दिने | स्थानिय तहमा रहेका स्वयं सेबकहरुको सुचिहरु जिल्लाको खोज तथा उद्धार बिषयगत कार्यालयमा उपलब्ध नभएको र जिल्ला र स्थानिय तहमा रहेका खोज तथा उद्धार कार्यदल हरु बिच खोज तथा उद्धारका लागि सयुक्त अभ्यासका लागि प्रभाबकारि संयन्त्रको बिकास नभएको ।<br><br>स्थानिय तहमा रहेका खोज तथा उद्धार कार्यदल र जिल्ला तहमा रहेका खोज तथा उद्धारका जिम्मेवार निकायहरुमा फोकल ब्याक्तिहरुको नामावलि अध्यावधिक गर्ने र नियमित रुपमा एक आपसमा सिकाई अनुभब र भाबि योजनाका बारेमा छलफल | DDRC, रेडक्रस, अन्य सहयोगी संघ संस्थाहरु | रु..५०,००० |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | यातायात तथा ढुवानि सुबिधाको प्रबन्ध गर्ने ।<br>स्थानिय तहमा रहेका स्वयं सेवकहरुको आबश्यक्ता अनुसार सहयोग लिईने । | व्यवस्था मिलाएको हुनेछ ।<br><br>आपतकालीन परिस्थितिमा सुरक्षा संयन्त्रले उपलब्ध गराउने प्रतिकार्य सहयोगमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलको मानवीय तथा संस्थागत स्रोतहरू परिचालन गर्ने संयन्त्रको विकास गरिएकोहुनेछ ।<br><br>प्राथमिक उपचार, सामान्य खोजी तथा उद्धारका (Light search and rescue) सम्बन्धमा समुदायहरूको क्षमता अभिवृद्धि गर्ने, सामान्य खोजी तथा उद्धारका लागि आवश्यक उपकरण आदिको पहिले नै भण्डारन गरीराख्ने व्यवस्था मिलाइएको हुनेछ<br><br>रेडक्रस, स्थानीय क्लब तथा उद्धारसँग सम्बन्धित अन्य संघसस्थाहरू लाई सामाजिक सेवाको क्षेत्रमा तत्काल परिचालन गर्ने व्यवस्था सुनिश्चित गरिएकोहुनेछ ।<br><br>केन्द्रदेखि स्थानीय तहसम्म वारुण यन्त्र सेवाको व्यवस्था जोखिम र संकटासन्नताको आधारमा क्रमशः विस्तार गर्ने ।<br><br>विपद् संभाव्य क्षेत्रहरूमा यातायात सेवा तथा सुविधाहरूलाई सुदृढ पारिने ।<br><br>नेपाल सरकारले आवश्यक परेको बेलामा उपयोग गर्न सकिने भनी वैकल्पिक स्थानीय तहमा उद्धार सामग्रीको व्यवस्थापन तथा वितरणका लागि समुदायमा आधारित सङ्गठन, गैर-सरकारी संस्था तथा अन्य सरोकारवालाको उपयोगका निम्ति संयन्त्रको विकास गरिएकोहुनेछ । | जिल्ला प्रशासन कार्यालय, स्थानिय तहमा कार्यरत संघ सस्थाले सहयोग गरी स्थापना भएका खोज तथा उद्धार कार्य दलको सुचि र उपलब्ध गराएका सामाग्रिहरुको लिष्ट माग्ने ।<br><br>जिल्ला देखि समुदायस्तर सम्म सूचना प्रणाली र सामाग्रीहरुको पहिचान, उपलब्धता र सामानहरु रहेका स्थानहरुको पहिचानमा अझ सुधार गर्नु पर्ने | DDRC , रेडक्रस, सहयोगी संस्थाहरु, सम्बन्धित गा.वि.स. र न.पा.हरु | |
| **पहिलो हप्ता** | उद्धार गरीएकाहरुको निरन्तर उपचार तथा पुर्नस्थापना स्थल | घाईतेहरुको प्राथमिकताक आधारमा छिटो छरितो उपचारका लागि स्थास्थ्य संस्थाहरु संग समन्वय गरी पर्न सक्ने संभाबित | प्रर्याप्त मात्रामा एम्बुलेन्स नभएको र भएकाहरुलाई समेत परिचालनमा कठिनाई (बाटो घाटो बिग्रिने) | जिल्ला प्रसासन र सुरक्षा निकाय र सम्बन्धित | |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारी कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | पठाउने | बिपद्लाई मध्यनजर गरी समन्वय समयन्त्रको बिकास गर्ने । | स्वास्थ्य सस्थाहरुमा प्रर्याप्त मात्रामा औषधि तथा जनशक्तिको कमि | क्षेत्रगत निकायहरु (सडक, जनस्वास्थ्य कार्यालय) | |
| **पहिलो महिना** | विपद् घटनाको, खोज तथा उद्धार प्रयासको, विश्लेषण सहित प्रतिवेदन तयार गर्ने र DDRC मा प्रतिवेदन पेश गर्ने । | बिषयगत क्षेत्रका सदस्यहरुलाई सुचना संकलन, बिष्लेषण र प्रतिबेदन तयारिका लागि तालिम र प्रतिबेदन का लागि जिम्बेवारि तोक्ने । | तालिम प्राप्त दक्ष जनशक्तिको अभाव (प्रभावित क्षेत्रको नक्सांकन गर्ने प्रविधीहरु, कमप्युटर अप्रेटर) आबश्यक उपकरणहरु, कमप्युर, ईमेल, फ्याक्स आदि को अभाव | जिल्ला प्रसासन र सुरक्षा निकाय, MT तथा संघ संस्थाहरु | रु, ५००००० |
| दोश्रो महिना | सिकाइका आधारमा भाबि योजना बनाउने | खोज एव उद्धारका लागि तयारीमा रहेको जनशक्तिलाई अभ्यास गराउदै रहने । | सामग्रिहरुको अभाब | जिल्ला प्रसासन र सुरक्षा निकाय तथा सबै कलष्टर | |
| सो भन्दा बढी | ठुलो खालको बिपद्को लागि बाह्य सहयोगका लागि अनुरोध गर्ने । | उद्धार सामग्री एवं उद्धार टोली पहिचानको लागि आवस्यक सवारी साधनको पूर्व तयारी एवं इन्धनको व्यवस्थापन गर्ने र श्रोत साधन व्यवस्थापनको लागि माथिललो निकायमा माग गर्ने जस्तै : हेलिकप्टरको व्यवस्था ।<br>घनावस्ती भएका क्षेत्रहरुमा उद्धार कार्यमा सहयोग पुऱ्याउनका लागि एक टोल एक खुला क्षेत्रको अवधारणा अनुरुप खुलाक्षेत्र सम्वन्धी निर्देशिका जारी गर्ने । | क्षेत्रगत समन्वयको अभाब, खुला क्षेत्रको पहिचान नभएको, बैज्ञानिक रेस्क्‍ू टिमको अभाव<br>Fire Fighting तथा Eqrthquake को लागी चाहिने आबश्यक ईक्यूपनेन्टको कमी | DDRC तथा सबै कलष्टर | |

**५.३ खाद्य (Food Cluster) कार्य समुहः**

**(क) खाद्य क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :**

| क्र.सं | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १ | श्री टिकाराम थापा | जिल्ला कृषि विकास कार्यालय | ५२१२५२, ९८५८७५००५२ |
| २ | श्री खगेन्द्र प्रसाद भट्ट | जिल्ला प्रशासन कार्यालय | ५२११७८, ९८४८७४७६०५ |
| ३ | श्री सुरेश रावल | उद्योग वाणीज्य संघ | ९८५८७५१०८६ |
| ४ | श्री टेकराज उप्रेती | नेपाल रेडक्रस सोसाईटी | ५२५५८८, ९८४८७२२३६१ |
| ५ | डा. मदनसिह धामी | जि.पशुसेवा कार्यालय | ५२५६५७,९८५८०५०४५१ |
| ६ | श्री केशवदत्त कलौनी | नेपाल खाद्य संस्थान | ५२१३१०, ९८४८७२५३३४ |
| ७ | श्री दिपेन्द्र पन्त | निड्स नेपाल | ५२५१५०, ९८४८७५८१२२ |
| ७ | श्री टेक बुढा | NNSWA | ९८५८७५०९८२ |
| ८ | सबै राजनीतिक दलहरु | | |

## विपद् अवस्था तथा मान्यता योजना:

- भण्डारण गरेको खाद्यान्न नष्ट हुने, खाद्य वाली कटान र पटानका कारण क्षति र कम उत्पादन
- वजारमा खाद्यान्न सामग्री अभाव
- खाद्य भण्डारणको व्यवस्था नहुनु, ढुवानीमा भर पर्ने ।
- भण्डारण गरिएकोवीउको क्षति र खाद्यान्न वाली नोक्सान भई वीउ उत्पादन नहुनु ।
- वीउ भण्डारणका लागि वीउ भण्डार घर तथा बीउ वैंकको अभाव ।
- वालवालिकामा कुपोषण, असक्त, दिर्घ रोगी, सुत्केरी, गर्भवती र जेष्ठ नागरीक बढी प्रभावित
- उत्पादनमुलक जमीन वगरमा परिणत हुने ।
- सम्पत्तिमा क्षति, जीविकोपार्जनमा क्षति, बालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीतिको अभाव र खाद्य असुरक्षा ।
- नदी कटान भई विस्थापीत परिवारको संख्या वृद्धि

## क्षेत्रगत योजनाको उद्देश्य :

प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।

## योजनाको समष्टिगत उद्देश्य :

- जीवन रक्षासम्बन्धी रणनीतिहरू (Survival Strategies) का लागि आवश्यक्ताको पूर्ति गर्न खाद्यसम्बन्धी प्रर्याप्त स्रोत उपलब्ध गराउने ।
- स्फेयर मापदण्ड अनुरुप प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी खाद्यान्नको व्यवस्था गर्ने ।
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा परिपूरक (Complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरू पूरक रासनको रूपमा उपलब्ध गराउने ।
- निश्चित समूहका व्यक्तिहरू (ससाना बालबच्चा, एच्आईभी एडस् भएका व्यक्ति, कुपोषित व्यक्तिहरू आदि) को आवश्यक्तालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्ने ।

| स्फेयर मापदण्ड बमोजिमको खाद्य किट (kit) | | | |
|---|---|---|---|
| क्रं. सं. | विवरण | मापदण्ड | कैफियत |
| १ | चामल | प्रतिदिन प्रतिव्यक्ति ४२० ग्राम, | विस्थापितलाई पहिलो प्राथमिकतामा राखिने छ |
| २ | दाल | प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम | |
| ३ | वनस्पति तेल | प्रतिदिन प्रतिव्यक्ति ३० मि.लि. | |
| ४ | नुन | प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम | |

**(ख) खाद्य क्षेत्रको तयारि योजना ।**

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | DDRC को बैठक मा सहभागि भई सुचना आदान प्रदान गर्ने<br><br>सम्पर्क ब्याक्तिहरुलाई सुचना संकलन का लागि निर्देशन । | जिल्ला तहमा सम्पर्क ब्याक्ति पहचान र तालिम यसका साथै सेवा केन्द्र का जनशक्ति लाई पनि तालिम दिई तयारि अबस्थामा राख्ने । सरकारी संघ संस्थाहरु उद्योग बाणिज्य संघ बाट बिस्थापित परिवारहरुलाई तत्काल खाद्यान्नको उपलब्धता गरिने । | प्रर्याप्त मात्रामा तालिम प्राप्त नभएका | जिल्ला कृषि बिकास कार्यालय र समुहगत सदस्यहरु<br><br>स्थानिय तहका लागि जिल्ला कृषि र पशु सेवा कार्यालयले तालिम दिने | ४०००० |
| **दोश्रो दिन** | विषयगत अगुवा सस्था तथा सहयोगीसस्थाहरुको बैठक -समन्वय संयन्त्रको स्थापना गर्ने<br><br>स्रोत साधनको आंकलन गर्ने (आवश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने )<br><br>बिषयगत क्षेत्रले घटनाको बस्तुगत बिबरण तयार पार्ने । राहत सामग्रीको ढुवानी र प्राप्तिको कामलाई सहज<br><br>कार्यान्वयनको लागि समन्वय | विषयगत अगुवा सस्थाले सहयोगीसस्थाहरुको फोन डायरि तथा नामावलि अध्यावधि गरिएकोहुनेछ ।<br><br>सुरक्षा निकाय, गा.वि.स, सेवा केन्द्र, रेडक्रस, स्थानिय तहमा गठन भएका बिपद् क्षति तथा आबश्यक्ता आकलन टिम बिचको सुचना आदान प्रदान संयन्त्र निर्माण गरिएकोहुने छ।<br><br>आंकलन टिम तयारि अबस्थामा राखिएको हुनेछ ।<br><br>जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति, नगरपालिका तथा गाउँ विकास समितिमा स्थानीय विपद् व्यवस्थापन समितिको साथै कार्य दलको गठन, क्षमता अभिबृद्धि भएको हुनेछ ।<br><br>महत्वपूर्ण विभिन्न स्थानहरूमा गोदामघर तथा पहिले नै सामान राख्न सक्ने ठाउँहरूको स्थापना गरीनेछ । बजार भाउ र सहज पहुचको बिष्लेषण गर्ने<br><br>खाद्य सुरक्षा (विपद् हुन सक्ने स्थानहरूमा खाद्यान्न भण्डारण गर्ने सुविधा), बीउब्याङ्क (सुक्खा/बाढीको समयमा उपयोग गर्न | अध्यावधिक गर्ने कार्य शुरु<br><br>अभिमुखिकरण र संयन्त्र निर्माण नभएको<br><br>तालिम प्राप्त नभएको ।<br><br>क्षमता अभिवृद्दिका लागि तालिम तथा स्रोत साधनको अभाव ।<br><br>गोदाम घर कति छन् कति अपुग हुने एकिन नभएको<br><br>खाद्यान्न किन्न श्रोत बजेट व्यवस्था नभएको | जिल्ला कृषि बिकास कार्यालय, सहयोगी संस्था<br><br>जिल्ला कृषि कार्यालय, गाबिस, रेडक्रस, DLSA तथा अन्य संघ संस्थाहरु<br><br>DDRC, जिल्ला कृषि कार्यालय, गाबिस, रेडक्रस, DLSA तथा अन्य संघ संस्थाहरु, MT<br><br>सम्पूर्ण सरकारी निकाय गैह्र सरकारी संघ सस्थाहरु | ५०००० <br><br>५००००० फ्रिज नहुने गरी<br><br>१०००००० आबश्यक्ता अनुसार थप गर्न |

| विपद् पश्चात को अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | क्षेत्रगत समन्वयात्मक बैठक<br><br>तयारी खाना बितरण<br>(चिउरा, चाउचाउ, चिनि, बिस्कुट) | सकिने प्रजातिका) उपलब्ध गराउन जोड दिइनेछ । सम्पूर्ण कार्यालयका सवारी साधनहरु विपद्को अवस्थामा ढुवानीका लागि तयार भएका हुनेछन ।<br><br>जिल्लाका सरकारि निकाय तथा गैह्र सरकारि निकाय संग समन्वय गरी तयारि खानाको स्टक पाईलिंग गरी राख्ने<br>क्षेत्रगत/बिषयगत समन्वयात्मक बैठक अभिमुखिकरण र सर्भेक्षणको पूर्व तयारी एक पटक (३५-४० जना)<br>विपद पूर्व कृषकलाई एफ.एम. मार्फत सूचना प्रवाह गर्ने | सम्पूर्ण विवरण अध्यावधिक नभएको<br><br>सूचना, समन्वय र वास्तविक प्रभावितको पहिचान, तत्काल सामानहरुको उपलब्धता<br><br>श्रावण देखि मंसिर सम्म बजेट निकासा नहुने<br>Emeregency Food Fund को आबश्यक्ता | DDRC तथा सबै कलष्टर तथा सहयोगी संघ संस्थाहरु | सकिने |
| **पहिलो हप्ता** | प्रभावित स्थानमा, शिविर संचालन भएका स्थानहरुमा, राहत सामाग्री वितरण<br><br>*बिस्तृत सर्भेक्षण : तत्काल संम्भावित प्रभावित १००० घरधुरिलाई स्फेयर मापदण्ड अनुरुप १ हप्ताका लागि खाद्य सामाग्री* | मौज्दात सामाग्री र अभाव (ग्याप) पत्ता लगाउने । तयारी खाना, खाद्य सामाग्री र सुत्केरी तथा बालबालिका का लागि पोषणयुक्त खाद्य सामग्रीको पहिचान एवं समन्वय बजार सर्भेक्षण ?<br>आपूर्तिकर्ता छनौट । कृषि सम्बन्धी भएको क्षतिको विवरण तयार गरी राहतको लागि बजेट व्यबस्थाका लागि मन्त्रालयमा सिफारिश गरि पठाउने ।<br>उपयुक्त प्रविधीलाई जोखिम क्षेत्रमा प्रसार गर्ने । | को संग, कहां के कति सहयोग उपलव्ध हुने<br><br>घरधुरी सर्भेक्षण एउटा निश्चित कलष्टर टीमले गर्ने । | जिल्ला कृषि विकास कार्यालय<br>नेपाल खाद्य सस्थान, उधोग बाणिज्य संघ,<br>जिल्ला दैवी प्रकोप उद्धार समिति,<br>DLSA तथा अन्य संघ संस्थाहरु | |
| **पहिलो महिना** | खाद्य सामग्री बितरण<br><br>बिस्तृत सर्भेक्षण : प्रभावित घरधुरिलाई स्फेयर मापदण्ड अनुरुप २१ दिनका खाद्यान्न ।<br>तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि | जिम्वेवारि सहित यसका लागि स्वयं सेबक तयारि अबस्थामा राख्ने<br><br>यातायात व्यवस्थापन, गोदाम व्यवस्थापन, बितरणका लागि स्वयसेवक  गोदाम ब्यवस्थापन  सामाग्री ढुवानी ब्यवस्थापन भण्डारण एवं सुरक्षा व्यवस्थापन<br><br>अनुगमन समितिको गठन तथा उनीहरुको जिम्मेवारि अभिमुखिकरण । | गोदाम घर आवश्यक्तानुसार<br><br>को संग, कहां के कति सहयोग उपलव्ध हुने एकिन नभएको ।<br>ढुवानी भाडा, गाडी को अभाव, क्षेत्रगत भण्डार अभाव (पुनर्वास, बेलौरी, बेलडाडी, शंकरपुर, देखतभूली, दोधारा चादनी आदि क्षेत्रहरु) | स्वयंसेवक, ढक व्यवसायी संघ, सम्बन्धित कलष्टर, संघ संस्थाहरु | आबश्यक्तानुसार |

| विपद् पश्चात को अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | बढाउने वातावरण तयार गर्ने<br><br>अनुगमन समितिले भईरहेको तथा भएका कार्यको अनुगमन गर्ने<br><br>विपद् घटनाको, पुनर्स्थापनाका प्रयासहरुको समग्र विश्लेषण सहित प्रतिवेदन तयार गर्ने | तालिम प्राप्त जनशक्तिको तयारि र जिम्मेवारि । | | | |
| दोस्रो महिना | आबश्यकता अनुरुप जिबिकोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने<br>(कृषि र पशुपालन) | बिपद् प्रभाबित क्षेत्रहरुमा कृषिसमुह, सहकारि, सामुदायिक बन, महिला समुह, लगाएतका बिभिन्न समुह हरुलाई बिपद् प्रभाबितहरुको पुनर्लाभका कार्यमा सहयोग पुर्‍याउने बाताबरण सृजना गर्ने | सबै समुहहरु लाई एकिकृत रुपमा परिचालन गर्न नसकिएको यसका लागि जिल्लाका सम्बन्धित कार्यालयले स्थानिय तहलाई बिपद्लाई प्राथिमकतामा राख्न सहजिकरण गर्ने | जिल्ला कृषि कार्यालय र जिल्ला पशु सेवा कार्यालय<br>सहकारि डिभिजन कार्यालय ।<br>महिला बिकास कार्यालय, बन कार्यालय तथा अन्य सहयोगी संघ संस्थाहरु | सर्भेको आधारमा |

## ५.४ आवास तथा गैर खाद्यान्न (Shelter/ Non Food Items)

**(क) आवास तथा गैरखाद्य क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :**

| क्र.सं. | नाम | निकाय/संस्था | टेलीफोन |
|---|---|---|---|
| १ | श्री टेक राज उप्रेती | नेपाल रेडक्रस सोसाईटी | ०९९-५२१२५८, ९८४८७२२३६१ |
| २ | श्री खगेन्द्र प्रसाद भट्ट | जिल्ला प्रशासन कार्यालय | ०९९-५२०७०८, ९८४८७४७६०५ |
| ३ | श्री सिद्धराज पन्त | जि.वि.स./गाविस/नपा | ९८४८७३१७१४ |
| ४ | श्री सुजन शाक्य | नेपाली सेना, सेनानी | ९८५२६७१३३८ |
| ५ | श्री पदम राज थापा | नेपाल प्रहरी (प्र.नि) | १००, ९८५१२८१५५८ |
| ६ | श्री दिपकराज भट्ट | स.प्र.वल सिमा सु. का. | ९८५१२५९८३६ |
| ७ | श्री बीर बहादुर ठगुन्ना | जिल्ला वन कार्यालय | ०९९५२११२८, ९८४८८९२०३८ |
| ८ | श्री गौराज बहादुर लिम्बु | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ०९९५२११३४, ९८५८७५०८११ |
| ९ | श्री दिपक राज कलौनी | जिल्ला शिक्षा कार्यालय | ९८४८७८२४७३ |
| १० | श्री हिमालय थापा | NNSWA | ०९९५२२१८२, ९८५८७५०४४० |
| ११ | श्री भवराज रेग्मी | NEEDS | ९८५८७५०१२८ |
| १२ | श्री दिवाकर भट्ट | CDM जिल्ला अध्यक्ष | ९७४९५०९६ए०८ |

### विपद् अवस्था तथा मान्यता योजना: :

- विस्थापित परिवारलाई कम्तीमा १ महिनाको लागि आवास तथा गैरखाद्य सामाग्रीको व्यवस्था गर्नु पर्ने ।
- विस्थापितहरु तत्काल आवासको वैकल्पीक रुपमा स्थानीय विद्यालय, मन्दिर लगायतका सार्वजनीक स्थानमा हुने र उनीहरूलाई गैर खाद्य सामाग्रीको आवश्यक्ता ।
- सार्वजनिक पूर्वाधारको क्षति (सडक, पुल, विद्युत आपूर्ति, सञ्चार)
- आवासको अस्थायी क्षति तथा मुख्य रूपमा केटाकेटी, महिला, वृद्ध-वृद्धा र विभिन्न किसिमले असहाय मानिस (अपाङ्ग) हरूको विस्थापनसहित व्यक्तिगत सामानहरूको क्षति)
- विद्यालयका कक्षा कोठा, प्रहरी चौकी तथा स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना

### क्षेत्रगत योजनाको उद्देश्य :

- **आवास:** सुरक्षित तथा न्यूनतम मानवीयस्तरको बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं प्राथमिक सामाजिक आवश्यक्ताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्ने । यथासम्भव यस प्रक्रियामा बढीभन्दा बढी आत्मनिर्भरता तथा आफै व्यवस्थापन (Self-management) प्रक्रिया अपनाउन जोड दिईनेछ ।
- **शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM):** प्राकृतिक विपद्का कारणले घरवारविहिन बनेका मानिसहरूका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापित व्यक्तिहरूलाई मानव अधिकारको उपभोग गर्न सक्षम पार्नका निमित्त जीवनस्तर उठाई शिविरहरूमा जीवनस्तरमा सुधार ल्याउने ।

**योजनाको समष्टिगत उद्देश्य :**

- जलवायुका प्रतिकूल असरहरूबाट संरक्षण प्रदान गर्नका लागि मानिसहरूसँग छाना भएका पर्याप्त ठाउँ तयार गर्ने ।
- जल-वायुबाट संरक्षण प्रदान गर्नका लागि र तिनको मर्यादा, सुरक्षा तथा कल्याण सुनिश्चित गर्नका लागि प्रभावित व्यक्तिहरूसँग पर्याप्त कम्बल एवं लुगा व्यवस्था गर्ने ।
- घरायसी भाँडा कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि आवश्यक सामाग्रीहरु जस्तै साबुन आदिको व्यवस्था गरी मानवीय मर्यादा तथा कल्याणका लागि न्यूनतम औजारहरूमा पीडित परिवारहरूको पहुँच पुर्‍याउने ।

| **स्फेयर मापदण्ड बमोजिमको किट (kit)** | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | मापदण्ड | कैफियत |
| १ | आपतकालीन आवास | ☞ औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र<br>☞ औसतमा ५ सदस्यहरूको एक परिवारका लागि कम्तीमा पनि ४x५ मिटरको डोरीसहितको प्लाष्टिक सिट र सहायता सामग्री | |
| २ | कम्वल | परिवारका सवै सदस्यहरुलाई पुग्ने गरी | |
| ३ | लुगा कपडा | दुई वर्षसम्मका केटाकेटीहरूका लागि कम्तीमा पनि एक पूरा सेट कपडा । | |
| | | महिला, केटी, पुरूष तथा केटाहरूको लागि कम्तीमा पनि एक पूरा सेट कपडा छ । | |

एक घरपरिवालाई (६ जना) निम्न गैरखाद्य सामग्रीहरू उपलब्ध गराइने छ ।

| **क्र.स.** | **सामग्रीका नाम** | **थान/मिटर** | **विवरण** |
|---|---|---|---|
| १ | कम्बल | २ थान | ५० प्रतिशत उनी -उलन) |
| २ | त्रिपाल | १ थान | १२ फिट चौडाई १८ फिट लम्बाई/५ केजी |
| ३ | भाडाकुँडा | १ सेट | १. ठूलो डेक्ची १ वटा   २. सानो डेक्ची १<br>३. कराई १   ४. थाली ३<br>५. कप २   ६. डाडू १<br>७. पनियो १   ८. गिलास २ |
| ४ | प्लाष्टिक बाल्टी | १ | १५ लिटरको ढक्कन सहित वा जर्किन |
| ५ | म्ग | १ | १ लिटरको |
| ६ | प्याक गर्ने व्याग (बोरी) | १ | प्लास्टिक |
| ७ | जिन कपडा | ५ मीटर | कालो वा निलो |
| ८ | छिट कपडा | ५ मीटर | कालो वा निलो |
| ९ | पाप्लीन कपडा | ६ मीटर | कुनै पनि रंग |
| १० | पिन्ट भएको जनाना धोती | २ | कुनै पनि रंग |
| ११ | मर्दाना धोती वा लुंगी | १ थान | कुनै पनि रंग |
| १२ | कालो प्लास्टिक | १ थान | १० फिट चौडाई र १२ फिट लम्बाई |

वाल केन्द्रित सामाग्रीहरुको सूचि:

| **क.सं.** | **सामग्रीहरुको नाम** | **न्यूनतम परिमाण** | **क.सं.** | **सामग्रीहरुको नाम** | **न्यूनतम परिमाण** |
|---|---|---|---|---|---|
| १. | बेवी कम्मल | १ थान | ४ | डिटोल सावुन | १ वटा |
| २. | रंगीन फलाटीन कपडा | १.५ मीटर | ५. | कचौरा र चम्चा | १ सेट |
| ३. | भोटो, सुरुवाल बेवी क्याप | १ सेट | ६ | बेबी मोजा | २ जोर |

## (ख) आवास तथा गैरखाद्य क्षेत्रको तयारि योजना ।

| विपद् पश्चातको अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| पहिलो दिन | क्षेत्रगत सदस्यहरुसंग सञ्चार तथा समन्वयात्मक बैठक | विषयगत क्षेत्र अर्न्तगतका निकायहरुको सर्म्पक नं. अध्यावधिक गरिएकोहुनेछ । | अध्यावधिक गर्ने कार्यमा सुधार हुनुपर्ने | नेपाल रेडक्रस सोसाइटी, कंचनपुर जिल्ला शाखा, तथा अन्य संघ संस्थाहरु | ५,००० |
| दोश्रो दिन | क) लेखाजोखा सम्बन्धी औजारको प्रयोग गरी द्रुत लेखाजोखा संचालन गर्ने<br><br>ख) प्रारम्भिक द्रुत लेखा जोखा औजारका प्रतिहरु उपलब्ध गराउने | १०००० घरधुरीका लागि आवश्यक पर्ने लेखाजोखा सम्बन्धी औजारको व्यवस्था भएको हुनु पर्नेछ । | तालिम, उपकरण तथा जनशक्तिको अभाव | नेपाल रेडक्रस सोसाइटी, कंचनपुर जिल्ला शाखा, DLSA तथा अन्य संघ संस्थाहरु | २००००० |
| पहिलो हप्ता | विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउने | जिल्लाका विभिन्न स्थान मा अस्थायी वसोवासका लागि सुरक्षित स्थान पहिचान भएको । | समय समयमा स्थानहरु को उपलब्धता एकिन | DDRC, रेडक्रस तथा क्षेत्रगत निकायहरु | आबश्यक नभएको |
| दोश्रो हप्ता | प्रारम्भिक लेखाजोखाको प्रतिवेदन तयार पार्नका लागि आधार रेखा र तथ्याङ्कको समीक्षा गर्ने<br><br>क) प्रभावित परिवारको अनुगमन गर्नका लागि प्रभावित गा.वि.स. तथा न.पा.संग तथ्याङ्कको जानकारीको माग गर्ने ।<br><br>ख) प्रभावित क्षेत्रमा विद्यमान सेवा उपलब्ध गराउने संस्थाहरुको समीक्षा गर्ने<br><br>ग) आश्रयस्थल निर्माण | स्थानिय स्तरमा क्षमता अभिबृद्धि का लागि कार्य भएको ।<br><br>प्रतिवेदन तथा सर्वेक्षण, तथ्याङ्क सम्वन्धि तालिमहरु सञ्चलान भएका र थप तालिमका लागी पहल भएको | गाविस सचिव हरुलाई सर्वेक्षण तथा प्रतिवेदन सम्वन्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन नभएको | DDRC, रेडक्रस, क्षेत्रगत निकायहरु, DLSA तथा अन्य संघ संस्थाहरु<br><br>गा.वि.स. तथा न.पा. हरु | ५०००० |

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| पहिलो महिना | आवश्यक्ता अनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने (गैह,खाद्य सामाग्री वितरण) | मापदण्ड अनुरुप आबश्यक्ता अनुसार गैह्खाद्य सामाग्री भण्डारण | गैह्खाद्य सामग्रीको आवश्यक्ता को अनुमान गर्नु पर्ने | DDRC, रेडक्रस, क्षेत्रगत निकायहरु DLSA तथा अन्य संघ संस्थाहरु | २०००००० |
| दोश्रो महिना | आवास तथा गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समीक्षा गर्ने | आवास तथा गैह्खाद्य क्षेत्रगत निकाय लगायत सरोकार निकायविच छलफल गरी M&E समिति गठन भएको । | | M&E समिति | २५००० |
| सो भन्दा वढी | शिविर व्यवस्थापन समिति गठन गरी अन्य पुर्नलाभका काम गर्ने । | केही हद सम्म सामग्री मौज्दात रहेको । | पुर्नलाभ कार्यक्रमका लागि वजेट तथा सामग्रीको अभाव । | जिल्ला दैवि प्रकोप उद्धार समिति, जि.वि.स.तथा क्षेत्रगत निकायहरु, DLSA | आबश्यक्तानुसार |

## ५.५ खानेपानी तथा सरसफाई (WASH) क्षेत्र:

**(क) खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रवर्धन क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :**

| क्र.सं | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क फाने नं. |
|---|---|---|---|
| १ | श्री गौराज ब. लिम्बु | जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ९८५८७५०८११ |
| २ | श्री हेम राज जोशी | जिल्ला जनस्वास्थ्य कार्यालय | ९८४८७२०९९८ |
| ३ | श्री हिमालय थापा | NNSWA | ९८५८७५०४४० |
| ४ | श्री लोकेन्द्र भट्ट | NEEDS Nepal | ९८४९६३३४६४ |
| ५ | श्री राम के.सी. | सेवक नेपाल | ९८६८०१७०१२ |
| ६ | श्री मनोज प्रसाद उप्रेती | NRCS Kanchanpur | ९८५११४६९०९ |
| ७ | श्री कृष्ण सिह देउवा | SWEET Nepal | ९८४८७२३८०२ |
| ८ | श्री मदन चन्द | Help Nepal | ९८४८७२०४९३ |

### विपद् अवस्था तथा मान्यता योजना: :

- प्रकोपको कारणबाट सुरक्षित खानेपानीको मुहान अवरुद्ध हुने साथै खानेपानीका मुहान समेत नष्ट हुने ।
- प्रकोपले गर्दा शौचालय भत्किएर वातावरणमा प्रतिकुल असर पुर्‍याउने ।
- सुरक्षित पानीको अभाव तथा ढलबाट दूषित वातावरणले गर्दा झाडा तथा हैजा फैलिने जोखिम बढ्ने
- स्वच्छ खानेपानी तथा सरसफाईका सुविधाहरुमा पहुँच आवश्यक हुने पर्ने ।

### क्षेत्रगत योजनाको उद्देश्य :

प्रभावित परिवारहरु को जीवनयापन सुचारु गर्न अत्यावश्यक खानेपानी, स्वास्थ्य तथा सर-सफाईसँग सम्बन्धित न्यनूतम सेवाहरु सुनिश्चित गर्ने र यिनिहरुसगँ सम्बन्धित रोग ब्याधिहरू फैलन नदिन उपयुक्त रोकथामका उपाय समेत अपनाउने । साथै समाजमा रहेका जातीय समूहहरुबीच सद्भाव कायम हुने गरी आश्रयस्थलमा उपयुक्त व्यवस्थापन पर्ने ।

### योजनाको समष्टिगत उद्देश्य :

- विस्थापित समुदायका लागि, खास गरी शिविरमा बस्ने मानिसहरूका लागि सुरक्षित खानेपानी, स्वास्थ्य, शिक्षा तथा अस्थायी रूपमा सरसफाई एवं नुहाउने सुविधाहरू मा पहुँच उपलब्ध छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- विस्थापित मानिसहरूलाई आधारभूत स्वास्थ्यसम्बन्धी सामग्री उपलब्ध गराइएको छ र खानेपानी, सरसफाई तथा स्वास्थ्यसँग सम्बन्धित व्यवहारिक प्रचलनहरूका बारेमा उचित रूपमा जानकारी उपलब्ध गराइएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।
- सम्पूर्ण उपकरण तथा सुविधा उपलब्ध गराइएका छन् र विस्थापित मानिसहरू बस्ने शिविरहरूमा सफा-सुग्घर (Cleanliness) कायम गर्न सचेतना बढाईएको र तिनको सशक्तिकरण गरिएकोछ भन्ने कुरा सुनिश्चित गर्ने ।

| स्फेयर मापदण्ड बमोजिमको किट (kit) | |
|---|---|
| **स्वास्थ्य सरसफाई सामग्री** | **अतिरिक्त सामग्री** |
| ▪ १० - २० लीटर पानी वोक्ने भाडा प्रती घरधुरी १<br>▪ १० - २० लीटर पानी संचय गर्ने भाडा प्रती घरधुरी १<br>▪ नुहाउने साबुन प्रति व्यक्ति प्रति महिना २५० ग्राम<br>▪ लुगाधुने साबुन प्रति व्यक्ति प्रति महिना २०० ग्राम<br>▪ महिनाबारी भएको समयमा प्रयोग गर्ने कपडा | ▪ दंतमन्जन - ७५/१०० ग्राम<br>▪ दंत व्रस - १<br>▪ सेम्पु २५० मी.ली.<br>▪ जिउमा लगाउने तेल/लोसन २५० मी.ली. प्रति वच्चा २ वर्ष सम्म<br>▪ दाह्री काट्ने ब्लेट/मेसिन |

| | |
|---|---|
| | ▪ महिलाका लागी भित्री कपडा<br>▪ काइयो, नेल कटर |
| **पानीको परिमाण** | **धारा** |
| ▪ २.५ - ३ लिटर प्रति व्यक्ति प्रति दिन - खान र पिउनका लागी<br>▪ २ - ६ लिटर प्रति व्यक्ति प्रति दिन - सामान्य सरसफाईका लागी<br>▪ ३ - ६ लिटर प्रति व्यक्ति प्रति दिन - खाना पकाउनका लागी<br>▪ ७.५ - १५ लिटर प्रति व्यक्ति प्रति दिन सामान्य आवश्यक्ता | ▪ अपाङ्गता मैत्री<br>▪ वतावरण, प्रकोप मैत्री<br>▪ प्रति धारा २५० व्यक्ति<br>▪ प्रति हाते कल ५०० व्यक्ति<br>▪ प्रति इनार४०० व्यक्ति<br>▪ पानी सकलनका लागी हिड्ने दुरी ५०० मिटर<br>▪ पानी सकलनका लागी पर्खिन समय ३० मिनेट |
| **शौचालय** | |
| ▪ पानी को श्रोत भन्दा टाढा ३० मिटर<br>▪ पानी को सतह भन्दा १.५ मी. माथी<br>▪ २० जना लाई - १ शौचालय | घरभन्दा ५० मी. भन्दा टाढा हुनु हुदैन<br>महिला पुरुष लाई भिन्ना भिन्नै (३:१ ) |

## (ख) खानेपानी तथा सरसफाइ क्षेत्रको तयारि योजना ।

| विपद् पश्चात को अबधि | विपद्को अबस्थामा गरीने आपतकालिन कार्य ( विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| पहिलो दिन | १) DDRC meeting मा सहभागी र समन्वय<br>2 WASH Cluster बैठक<br><br>३) नेपाल रेडक्रस सोसाईटी, DLSA बाट MIRA सूचना प्राप्त गर्ने | सम्पूर्ण क्लस्टर हरुको फोनहरु अपडेट भएको हुनेछ । | | WSSDO/ Cluster<br><br>WSSDO/ Cluster | रु. ५,००० |
| दोस्रो दिन | १) बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा MIRA औजारका प्रतिहरु उपलब्ध गराउने र फाराम तथा निर्देशिका वितरण<br><br>२) MIRA को बारेमा प्रशिक्षण र परिचालन<br><br>३) पानी शुद्धिकरण सामग्री वितरण (Water Guard, Pius, Aqua Tab, Pure, Clorin etc) Hyegine Kit)<br>४) प्लाष्टिक बाल्टी, जग वितरण<br>५) पिउने पानी वितरण (टयांकर) प्रति परिवारु २५ लिटर | प्रारम्भिक द्रुत लेखाजोखा MIRA औजारहरुको व्यवस्था भएको हुनेछ<br><br>MIRA को बारेमा प्रशिक्षण र परिचालन सञ्चालन गरिएकोहुनेछ ।<br><br>पानी शुद्धिकरणका गर्ने सामग्री तथा प्लाष्टिक वाल्टी, जग आदी भण्डारण भएको हुनेछ । | MIRA को बारेमा प्रशिक्षण र परिचालन सञ्चालन नभएको ।<br><br>पानी वितरणका लागि टयांकरको व्यवस्था हुनु पर्ने ।<br><br>आर्थिक श्रोत व्यबस्थाका लागी खोजि गनिुपर्ने | WSSDO/ Cluster , NRCS, DLSA, NGOs<br><br>DDRC, NRCS, WSSDO, INGOs, NGOs | रु..१०,०००<br><br>रु, ५००००० |
| पहिलो हप्ता | १) शिविरमा खानेपानी धारा Handpump जडान -प्रति धारा ३०० परिवारका लागि)<br><br>२) शिविरमा अस्थाई शौचालय निर्माण - प्रति शौचालय १० परिवारका लागि )<br><br>३) ढल तथा फोहर व्यवस्थापन<br><br>४) पिउने पानी वितरण | खानेपानी तथा सरसफाईका क्षेत्रमा काम गर्ने संघ सस्थाहरु संग समन्वय तथा सहकार्य भएको हुनेछ । साथै अस्थायी शौचालय निमार्णका तथा खानेपानी धारा निर्माणका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था भएको हुनेछ । | प्रर्याप्त मात्रामा शौचालय निर्माण सामग्रीको अभाव रहेको छ ।<br><br>दिर्घकालीन योजना नभएको ढल तथा फोहर व्यवस्थापनका लागि आवश्यक पर्ने स्थानको पहिचान गर्नु पर्ने । बजेट ईष्टिमेट नभएको | DDRC, NRCS, WSSDO, INGOs, NGOs<br><br>नेपाल सरकार तथा सहयोगी संघ संस्थाहरु | रु, २००००० <br><br>आबश्यक्तानुसार |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य ( विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | ५) महिला तथा बालिकाको लागि नुहाउने स्थानको निर्माण (प्रति २० महिला) | | | | |
| पहिलो महिना | १) स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानिय स्वयंमसेवक र महिला स्वास्थ्य स्वयंमसेवकहरुलाई अभिमुखिकरण<br><br>२) स्थानिय स्वयंम सेवक र महिला स्वास्थ्य स्वयंमसेवक परिचालन (एक स्वयंम सेवकले १० परिवार)<br><br>३) स्वास्थ्य शिक्षा IEC / Media<br>४) पशु सेवा<br>५) खानेपानी तथा सरसफाई सम्बन्धि बिग्रेका पूर्वाधारहरुको सर्भेक्षण, मर्मत, सम्भार र पुर्ननिर्माण सम्बन्धि लागत योजना तयार गर्ने ।<br>६) पुर्नस्थापना र पुर्ननिर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने । | स्वास्थ्य तथा सरसफाई प्रर्वद्धनका लागि स्थानिय स्वयंमसेवक र महिला स्वास्थ्य स्वयंमसेवकहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन भएको हुनेछ । IEC सामग्री निर्माण छपाई गरेर जनसमुदायमा वितरण गरी व्यवहार परिवर्तनका लागि शिक्षा तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन भएको हुनेछ । | स्वास्थ्य, तथा खानेपानी सरसफाई सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने । रेडियो पत्र पत्रिका मार्फत जनचेतनामुलक कार्यक्रमहरु प्रचार प्रसार गर्नु पर्ने । | DDRC,WSSDO, DPHO, NRCS, all cluster member | रु.१५०००० (Need basis) का आधारमा |

**५.६.स्वास्थ्य र पोषण** (Health and Nutrition) **क्षेत्र :**

**(क) स्वास्थ्य तथा पोषण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :**

| सि.न | नाम/थर | संस्था | सम्पर्क फो.न. | |
|---|---|---|---|---|
| | | | फोन | मोबाईल |
| १ | श्री शिवदत्त भट्ट | जिल्ला जनस्वास्थ्य कार्यालय | ५२१२९० | ९८४८७३५५३६ |
| २. | डा. श्रीराम तिवारी | महाकाली अंचल अस्पताल | ०९९५२१३९३ | ९८५११६५०८७ |
| ३. | श्री गौराज ब. लिम्बु | जिल्ला खानेपानी डि. कार्यालय | ५२११३४ | ९८५८७५०८११ |
| ४. | श्री टेकराज उप्रेती | नेपाल रेडक्रस सोसाइटी | ५२५५८८ | ९८४८७२२३६१ |
| ५. | श्री शिबराज सिंह बलायर | ने.प.नि. संघ | ५२१२७२ | ९८४८७८९७७७ |
| ६. | श्री बाबुराम शर्मा | आदर्श नेपाल | ५२३७९० | ९८५८७५०९५० |
| ७. | श्री जर्नादन पाठक | NEEDS Nepal | ५२५१५० | ९८४३७१२८४६ |
| ८. | देव राज बडु | NNSWA | ५२२१८२ | ९८५८७५०३७७ |
| ९. | श्री प्रेम बहादुर खड्का | नव आशा | | ९७४९०८६००४ |
| १०. | श्री भगत सिंह वि.क. | SSA | | ९८५८७५००६३ |
| ११. | ईश्वर राज पन्त | TSDA | | ९८४८७२३९७७ |
| १२. | नवराज पाण्डे | NNSWA/PWID - CCC | ५२०८५३ | ९८४८७२४७१८ |
| १३. | हेम राज जोशी | जि.ज.स्वा.का. | ५२११७४ | ९८४८७२०९९८ |
| १४ | श्री देवेन्द्र यादव | अञ्चल आर्युवेद औषधालय | ०९९५२१३१६ | ९८४४०५८९५८ |
| १५ | गिरीराज शर्मा | लो. गै.स.स. महासंघ | | ९८४८७२१५९९ |
| १६ | कृष्ण सिहं देउपा | स्वीट नेपाल | | ९८४८४२७५७५ |
| १७ | कालीदास जोशी | HC3 | | ९८०४६९६९७१ |
| १८ | भीमा पराजुली | सूआहारा | | ९८४७१५२१०६ |
| १९ | विर्खराज उपाध्याय | गेरवा ग्रामीण जागरण संघ | | ९८४८८३८६१९ |
| २० | सन्तोष सूनाम | सेवक मित्र | | ९८४८७२२४६० |

## विपद् अवस्था तथा मान्यता योजनाः :

- ☞ **वाढी पश्चात पानीजन्य रोगहरु र महामारी जन्य रोगहरू फैल सक्ने । जस्तै** झाडापखाला, आउँ/रगतमासी, हैजा, टाईफाईड, ज्वरो, जन्डीस, आदि
- ☞ **हावाको माध्ययमबाट ठुलो माहामारीका रुपमा** स्वाईन फ्ल्यु, आपत्कालीनतल्लो स्वाश प्रस्वास प्रणाली संक्रमण, निमोनिया, आदि फैलीन सक्ने ।
- ☞ **विपद्का** समयमा स्वास्थ्य सम्वन्धि आवश्यक सेवाहरु जस्तै मातृसेवा, खोप, पोषण, क्षयरोग, कुष्ठरोग, परिवार नियोजन सेवा आदि अवरुद्ध हुन सक्ने ।
- ☞ **विपद्को असामान्य अवस्थामा** कर्मचारीको अभाव, औषधी उपकरण नष्ट हुने, उपचार केन्द्र क्षतिग्रस्त हुनु आदि ।
- ☞ ५ वर्ष मुनीका वालवालिका, असक्त, HIV संक्रमीत, वृद्ध वृद्धा, दिर्घरोगी, विरामीहरुलाई पोषिण अभाव भई विरामी संख्या वृद्धि र जोखिम वढ्न सक्ने ।

## क्षेत्रगत योजनाको उद्देश्य :

जस्तोसुकै आपतकालीन अवस्था परेतापनि मानव जीवन सुरक्षित स्वस्थ र भरपर्दो (Human survival, healthy and well-being), खासगरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यक्ताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।

**योजनाको समष्टिगत उद्देश्य (स्वास्थ्य) :**

- झाडापखाला, हैजा, औलो तथा अन्य पानीजन्य एवं कीटजन्य रोगहरूको पर्याप्त रोकथाम तथा उपचार क्षमता सुनिश्चित गरी सहयोग गर्ने ।
- अरू द्रुत लेखाजोखा (Rapid assessment) सँग एकीकृत गरी स्वास्थ्य तथा पोषण (अवस्था तथा सेवाहरुको द्रुत सर्वेक्षण क्षमतालाई सुदृढ पार्ने
- रोग फैलिन गएका खण्डमा प्रभावकारी प्रतिकार्य तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको सञ्चालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (Referral mechanism) को विकास गर्ने ।

**योजनाको समष्टिगत उद्देश्य (पोषण) :**

- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme-SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा दुध खुवाउने महिला एव ं पाँचवर्षमुनीका केटाकेटीहरूमा गम्भीर कुपोषणको वृद्धिलाई रोकथाम गर्न सहयोग गर्ने
- गम्भीर कुपोषण (Severe Acute Malnutrition- SAM) को उपचार तथा सेवामा निरन्तर पहुँच सुनिश्चित गर्ने
- निरन्तर स्तनपान सुनिश्चित गर्न र अवाञ्छित स्तनपानका विकल्पहरूको वितरणमा रोक लगाउन मद्दत गर्ने
- भिटामिन ए को वितरण, जुका मार्ने औषधी तथा प्रभावित केटाकेटीहरुका लागि खोप सम्बन्धी गतिविधिहरू सुनिश्चित गरी सहयोग गर्ने

| **स्फेयर मापदण्ड बमोजिम पोषणयुक्त खाना** | | | |
|---|---|---|---|
| **क्र.स.** | **खाद्य सामाग्री** | **ग्राम** | **कैफियत** |
| १. | अन्न | ४०० | ▪ २,१०० किलो क्यालोरि प्रति व्यक्ति प्रतिदिन<br>▪ १० % प्रोटिन वाट<br>▪ १७ % चिल्लो पदार्थ वाट<br>▪ पर्याप्त सुक्ष्म पोषण |
| २. | दाल,गेडा गुडी | ६० | |
| ३. | तेल | २५ | |
| ४ | पोषण पिठो | ५० | |
| ५. | चिनी | १५ | |
| ६. | आयो नुन | ५ | |
| ७. | हरियो ताजा तरकारी, फलफूल | - | |
| ८. | आवश्यक मसला | - | |
| | प्रतिदिन कुल तौल (**ग्राममा**) | ५५५ | |
| | शक्ति  किलो क्यालोरी | २११३ | |

## (ख) स्वास्थ्य र पोषण क्षेत्रको तयारि योजना ।

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्थामा संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | प्रकोपको जानकारी संकलनको लागी RRT को वैठक संचालन । | RRT / CRRT को गठन तथा वैठक संचालन । | RRT / CRRT गठन | जिल्ला जनस्वास्थ्य, सहयोगी संघ संस्थाहरु | १०००० |
| | जानकारीको सङ्कलन तथा परिस्थितिलाई अद्यावधिक गर्नका लागि मुख्य प्रकोपको जानकारी प्राप्त भएपछि Rapid Response Team (RRT) को वैठक गर्ने | तालिम संचालन र औषधीको बफर स्टक राख्ने । | तालिम<br><br>औषधिका लागि बजेट कम ( रु.८,००० मात्र भएकाले थप आबश्यक पर्ने | DPHO र केन्द्रबाट EDCD | १५०००० |
| | प्रकोपको रोकथाम, नियन्त्रण का लागी स्वास्थ्य क्षेत्रको ( Health cluster) वैठक गर्ने । | वैठक संचालन पुर्व स्वास्थ्य क्षेत्रको (Health cluster) सदस्यहरु लाई उनिहरुको कार्य विवरण तथा जिम्मेवारी को वारेमा जानकारी गराउन अभिमुखिकरण गर्ने ।<br>स्वास्थ्य क्षेत्रको ( Health cluster) को वैठक गर्ने । | नियमित नभएको | DPHO (Health & Nutrition cluster | १०,००० |
| | जिल्लाको प्रकोप प्रभावित क्षेत्रमा CRRT/ Rapid Response Team - RRT) को परिचालन गर्ने । | जिल्ला स्तरीय RRT तथा समुदाय स्तरमा गठन गरीएका RRT लाई ... वटा क्षेत्रमा विभाजन गरी परिचालन गर्ने । | १ वटा RRT र ४ वटा CRRT गठनमा रहेको तर परिचालनको लागि श्रोत अभाव रहेको । | DPHO , RRT | १५०००० |
| | प्रकोप प्रभावित क्षेत्रमा शिघ्र स्वास्थ्य सर्वेक्षण गर्ने । | जिल्ला स्तरमा स्वास्थ्य क्षेत्रले र गा.वि.स. स्तरमा स्वास्थ्य संस्था प्रमुखहरुको नेतृत्वमा अन्य संघ संस्थाहरुका प्रतिनिधिहरु सम्मिलीत टिम गठन गरी समयमा नै जिल्ला स्तरीय स्वास्थ्य क्षेत्रलाई सुचना उपलब्ध गराउने । | ९ गा.वि.स. र ५ न.पा. स्तरमा टिम गठन गनुपर्ने । | DPHO र सरोकारवाला संघसंस्थाहरु | ४५००० |
| | सम्वन्धीत क्षेत्रमा स्वास्थ्य कार्यकर्ता खटाई स्वास्थ्य सेवा उपलब्ध गराउने । | प्रकोप प्रभावित क्षेत्रमा एक जना चिकित्सकको नेतृत्वमा स्वास्थ्यकर्मिहरु सहितको टोलीले उपचार गर्ने । | चिकित्सकको संख्यामा कमि र वजेट नभएको । | DPHO, महाकाली अंचल अस्पताल र आयुर्वेद औषधालय, क्षेत्रीय स्वास्थ्य निर्देशनालय | १५०००० |
| | स्वास्थ्य कार्यकर्ताको टोलीलाई आवश्यक औषधीहरु आपूर्ति गर्ने । | प्रकोप तथा माहामारीको प्रकृति अनुसार आवश्यक पर्ने औषधीहरु तथा सर सामाग्रीहरुको आपुर्ति गरी टोली परिचालन गर्ने । | औषधी तथा सरसामाग्रीहरुको कमि | DPHO क्षेत्रीय स्वास्थ्य निर्देशनालय र सरोकारवाला संघसंस्थाहरु | १५०००० |
| | **बहुक्षेत्रिय प्रारम्भिक द्रुत लेखाजोखा** | जिल्ला स्तरमा स्वास्थ्य क्षेत्रले र गा.वि.स. स्तरमा स्वास्थ्य संस्था | ९ गा.वि.स. र ५ न.पा. स्तरमा | DPHO र सरोकारवाला | ३५००० |

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्थामा संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | (MIRA)<br>• अन्य क्षेत्रसँग मिलि प्रारम्भिक द्रुत लेखाजोखा संचालन गर्ने<br>• द्रुत लेखाजोखाको सूचनालाई विश्लेषण गर्ने<br>• प्रतिवेदन तयार गर्ने, वितरण गर्ने | प्रमुखहरुको नेतृत्वमा अन्य संघ संस्थाहरुका प्रतिनिधिहरु सम्मीलीत टिम गठन गरी समयमा नै जिल्ला स्तरीय स्वास्थ्य क्षेत्रलाई सुचना उपलब्ध गराउने । | टिम गठन गनुपर्ने । | संघसंस्थाहरु | |
| | घाईतेहरुको आपतकालिन व्यवस्थापन | जिल्ला जनस्वास्थ्य कार्यालयले महाकाली अंचल अस्पताल तथा नेपाल रेडक्रस सोसाईटी को समन्वय तथा सहयोगमा जिल्लामा अवस्थीत एम्बुलेन्सहरुको परिचालन गरी घाईते तथा विरामीहरुको आपतकालीन व्यवस्थापनको व्यवस्था मिलाउने । | वजेट नरहेको । | जिल्ला जनस्वास्थ्य कार्यालय, अञ्चल अस्पताल र रेडक्रस सासाईटी | २५००० |
| | मृतक शरिरको पहिचान | महाकाली अंचल अस्पताल,नेपाल प्रहरी तथा रेडक्रस वाट खटिएको टोलीले मृतकको शरीर पहिचान गर्ने । | | अञ्चल अस्पताल, जिल्ला प्रहरी कार्यालय र रेडक्रस सासाईटी | |
| | मृतक शरिरको अन्येष्ठी | नगरपालीका र गा.वि.स स्तरमा सम्बन्धीत आफन्त मिलि शवको अन्तेष्टी गर्ने । | | गा.वि.स.,नगरपालीका र आफन्त | |
| | प्रभावित क्षेत्रमा अति जोखिमपुर्ण समुहको पहिचान गर्ने र पहिचान गरीएका अति जोखिम पुर्ण समुहलाई बिशेष निगरानी तथा स्वास्थ्य सेवा उपलब्ध गराउने । | स्वास्थ्यकर्मि सहितको टोलीले जोखिम पुर्ण समुहको पहिचान गरी प्राथमिकताको आधारमा उपचार तथा प्रेषण गर्ने । | | जिल्ला जनस्वास्थ्य कार्यालय | |
| | संचार माध्यम वाट सूचना सन्देश प्रशारण गर्ने । | स्थानीय पत्र पत्रिका,एफ.एम.,रेडीयोहरु द्वारा स्वास्थ्य सन्देशहरु उत्पादन तथा प्रशारण गर्ने । | स्वास्थ्य शिक्षा कार्यक्रम रहेको तर अपर्याप्त रहेको । | जिल्ला जन स्वास्थ्य कार्यालय र सरोकारवाला निकायहरु | १००००० |
| | खोप (Immunization) सेवा कार्यक्रम संचालन गर्ने | खोप लगाउनु पर्ने समुहको पहिचान गरी खोप सेशन संचालन गर्ने । | | जिल्ला जन स्वास्थ्य कार्यालय | |
| | प्रेषण गर्नुपर्ने Case हरुको लागी एम्बुलेन्स तथा अन्य यातायात साधनको व्यवस्था गर्ने । | नेपाल रेडक्रस सोसाईटीको समन्वयमा एम्बुलेन्सहरु तथा अन्य यातायातका साधन को व्यवस्थाको लागी नेपाल रेडक्रस सोसाईटी, यातायात व्यवसायी समिति, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र जनस्वास्थ्य कार्यालयको ५ सदस्यीय समिति गठन गर्ने | हालसम्म समिति नरहेको | जिल्ला जन स्वास्थ्य कार्यालय र सरोकारवाला निकायहरु | १५००० |
| | संरक्षण क्षेत्रसँत्र समन्वय गरी | महाकाली अंचल अस्पतालमा रहेको ओसि.एम.सि. केन्द्र सित | ओसि.एम.सि. रहेको तर नियमित | महाकाली अंचल अस्पताल | १५००० |

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्थामा संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | समन्वय गरी स्वास्थ्यकर्मी द्धारा परामर्श सेवा को लागी वैठक संचालन गरी मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने । | वैठक नभएको । | | |
| | प्रभावित क्षेत्रका अस्थायी स्वास्थ्य शिविरमा शुद्ध खानेपानी, शौचालय, सरसफाईको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई क्षेत्रसँग समन्वय गरी उपलब्ध गराउने | D-wash वैठकलाई नियमित गराई प्रभावित क्षेत्रमा सुद्ध खानेपानी तथा सरसफाई को व्यवस्थापन गर्ने । | D-wash को वैठक नियमित छ छैन जानकारि हुनु पर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय, खानेपानी, जि.वि.स. र गैहसरकारी संस्थाहरु | ८००००० |
| | गर्भवती, सुत्केरी र वालवालिकाको लागि पोषण युक्त खानाको व्यवस्था गर्न खाद्य र संरक्षण क्षेत्र लगायत अन्य गैससँग समन्वय गरी उपलब्ध गराउने | Health तथा पोषण Cluster को वैठक वसाली क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा बाल स्वास्थ्य |हाशाखा सित समन्वय गरी आवश्यक पर्ने पोषीलो पिठो तथा खानाको व्यवस्था को लागी अन्य गैह् सरकारी संस्थाहरु समेतको संलग्नतामा व्यवस्था मिलाउने । | पिठो तथा अन्य खाध पदार्थहरु नरहेको । | जिल्ला जनस्वास्थ्य कार्यालय, जि.वि.स. र गैहसरकारी संस्थाहरु | ४५०००० ढुवानी समेत गरी |
| | प्रभावित क्षेत्रमा गर्भवती/प्रसुती सेवा संचालन गर्ने | अस्थायी Birthing Center को निर्माण गरी गर्भवति/प्रसुती सेवा संचालन गर्ने । | हाल स्वास्थ्य संस्थामा Birthing Center रहेको तर अस्थायी center नरहेको । | जिल्ला जनस्वास्थ्य कार्यालय र गैहसरकारी संस्थाहरु | ५५०००० |
| | स्तनपान र पुरक खानाको लागि सहयोग, संरक्षण र प्रवर्द्धन | स्फेयर मापदण्ड बमोजिमको खाद्य सामग्री आपूर्ति गर्ने | हाल कार्यालयमा यस प्रकारको खाद्य सामाग्री भण्डारको व्यवस्था नभएको | जि.ज.स्वा.का., र सहयोगी संस्थाहरु | |
| | सवैलाई थप खानेकुरा दिने कार्यक्रम (Blanket supplementary feeding programme) | मापदण्ड बमोजिम खाद्य समग्री आपूर्ति | हाल कार्यालयमा यस प्रकारको खाद्य सामग्री भण्डारको व्यवस्था नभएको | जि.ज.स्वा.का., र सहयोगी संस्थाहरु | |
| | उपचारत्मक खाना | कडा शीघ्र कुपोषित लक्षित समुहका वालवालिकालाई उपचारत्मक खाना आपुर्ति गर्ने | सिमाम कार्यक्रम ले वितरण गरीरहेको तर दातृ निकायले कार्यक्रम स्थगित गरेमा समस्या हुन सक्ने । | जि.ज.स्वा.का. र युनिसेफ | |
| | महिला तथा वालवालिकालाई सूक्ष्म पोषण तत्व वितरण | लक्षित समुहलाई आईरन, भिटामिन ए तथा फोलिक एसिड वितरण तथा र आयोडिन यूक्त नून प्रयोग गराउने | आयोडिन युक्त नून वाहेक अन्य सूक्ष्म पोषण तत्व जि.ज.स्वा.का. ले वितरण गर्दै आईरहेको | जि.ज.स्वा.का. तथा साल्ट ट्रेडिंग कर्पोरेशन | |
| | परिवार नियोजन,यौनरोग तथा एच.आई.भि.एड्स का वारेमा जनचेतना कार्यक्रम संचालन तथा अस्थायी साधन वितरण । | स्वास्थ्यकर्मि तथा महिला स्वयंसेवीका वाट परिवार नियोजन,यौन रोग तथा एच.आई.भि. एड्स वारे आमा समुह तथा किशोर किशोरी हरु सित छलफल गरी अस्थायी साधन वितरण गर्ने । | | जिल्ला जनस्वास्थ्य कार्यालय र गैहसरकारी संस्थाहरु | |

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्थामा संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | नियमित अनुगमन गर्ने | जिल्लास्तरमा ६ सदस्यीय अनुगमन समिति गठन गरी अनुगमनको व्यवस्था मिलाउने । | | DDRC, जिल्ला जनस्वास्थ्य कार्यालय | ५०००० |
| | अनुगमनबाट प्राप्त नतिजालाई जिल्ला दैवी प्रकोप उद्धार समिति र अन्य क्षेत्रका सदस्यलाई जानकारी गराउने र आवश्यक परेमा तत्काल कार्य योजना बनाई कार्य गर्ने | अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार गरी सम्बन्धीत समितिलाई जानकारी गराउने र आवश्यक परेमा कार्ययोजना बनाई कार्यक्रम संचालन गर्ने । | | जिल्ला जनस्वास्थ्य कार्यालय | १०००० |

### ५.७ संरक्षण (Protection) क्षेत्र:

(क) संरक्षण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण :

| क्र.सं | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. | |
|---|---|---|---|---|
| १ | श्री जयन्ती गिरी | महिला तथा बालबालिका कार्यालय | ५२३८४३ | ९८५८७५१८६६ |
| २ | श्री भूवन राज चटौत | बाल कल्याण समिति, | ५२०४३६ | ९८५८७५०६१६ |
| ३ | श्री कृष्ण सिह देउबा | Sweet Nepal कञ्चनपुर | | ९८४८७२३८८२ |
| ४ | श्री भगवती थापा | महिला रक्षक संजाल | | ९७४९५०६०३१ |
| ५ | श्री भुवन कुँवर | कोक्याप | ५२२०५९९ | ९८४८७२१९९९ |
| ६ | श्री अन्जु भट्ट | NEEDS Nepal | ५२५१५० | ९८४८९९४१३३ |
| ७ | श्री बिनोद बिक्रम जैरु | NNSWA, कञ्चनपुर | ५२२१८२ | ९८५८७५०२०६ |
| ८ | शारदा चन्द | महिला तथा बृद्धा सेवा केन्द्र | | ९८५८७५१२६६ |
| ९ | सीता बोहरा | द्वन्द पीडित तथा एकल महिला | | ९८४८७२०३८१ |
| १० | अनिता ढुंगाना | अपाङ्ग महिला संघ | | ९८४८७१५५६१ |
| ११ | उपेन्द्र खडायत | सु.प.राष्ट्रिय अपाङ्ग महासंघ | | ९८४८७२०३०४ |
| १२ | रनी विवस | पत्रकार | | ९८४८७४१२१२ |

### विपद् अवस्था तथा मान्यता योजना:

- जनको क्षति, घाइते बाल-बालिका, विछोडिएका तथा एकल बाल-बालिका वा बृद्धवृद्धा, अनाथहरूको सङ्ख्यामा वृद्धि
- मानिस तथा पाल्तु जनावरहरूको आन्तरिक बिस्थापन
- विद्यालय बन्द, शैक्षिक अवसरहरूमा अवरोध
- बढ्दो दुर्व्यवहार र शोषण, भेदभाव, सम्भावित मानसिक आघात (Trauma) तथा मनोवैज्ञानिक त्रास
- लिङ्गमा आधारित हिंसा (Gender–Based Violence - GBV) को बढ्दो जोखिम
- सामना गर्ने सयंन्त्र (Coping mechanism) मा अवरोध, शान्ति सुरक्षाको अभाव तथा सामान्य असुरक्षाको वातावरण
- केही समुदाय अथवा समूहहरुका लागि मानवीय प्रतिकार्यमा पहुँच नहुनु अथवा पहुँच अप्रयाप्त हुनु ।

### क्षेत्रगत योजनाको उद्देश्य :

बाल-बालिकालगायत जोखिममा रहेका विभिन्न समूहहरूले आपतकालीन परिस्थितिको कारणबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार तथा हेलाबाट संरक्षण प्राप्त गर्ने खाद्य तथा गरै खाद्य सामाग्रीको निर्दिष्ट सेवा प्राप्त गरी न्यूनतम स्तरीय मानवीय जीवपनयापनको प्रत्याभूति दिने ।

### योजनाको समष्टिगत उद्देश्य

१. प्रभावित जनसमुदायको अधिकारको उल्लङ्घन भएमा वा दुर्व्यवहार तथा शोषण अथवा भेदभावको अनुगमन गर्ने र प्रतिवेदन पेश गर्ने संयन्त्रको स्थापना गर्ने अथवा स्थापित संयन्त्रलाई परिचालन गर्ने ।

२. विभिन्न समुदायका सदस्यहरूबाट, विशेषतः अति गरीब तथा पछाडी पारिएका वा सीमान्तकृत समूहबाट मानवीय सहयोग तथा आधारभूत सेवा सुबिधामा समान पहुँच प्रतिकार्य पाए⁄ नपाएको अनुगमन गर्ने

३. बाल-मैत्री ठाउँलगायत बाल-बालिका तथा महिलाहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने ।

४. हेरचाह गर्ने व्यक्तिहरूबाट बाल-बालिकाहरू बिछोडिने कार्यको रोकथाममा सहयोग गर्ने ।

५. परिवारबाट बिछोड भएमा तथा साथमा नरहेका बाल-बालिकाहरू र अन्य जोखिममा परेका समूह जस्तैः परिवार नभएका, बृद्ध, अपांग तथा दीर्घ रोगबाट पिडीत समूहका मानिसहरूलाई हेरचाह तथा संरक्षण प्रदान गर्ने (वास तथा अन्य सेवाको व्यवस्था)

**(ख) संरक्षण क्षेत्रको तयारि योजना ।**

| विपद् पश्चातको अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| पहिलो दिन | जानकारीको संकलन तथा परिस्थीलाई अद्यावधिक गर्नका लागि आधारित विपद सुरु भएपछि सम्बन्धीत क्षेत्रका सबै सदस्यहरु सँग समन्वय बैठक | सम्पूर्ण क्षेत्रगत निकायहरुको सर्म्पक नं. अध्यावधिक भएको | नेपाल सरकार बाट आबश्यक बजेट व्यबस्था हुनु पर्ने | म.बा.का तथा क्षेत्रगत सदस्यहरु | रु .. |
| दोस्रो दिन | अन्य क्षेत्रका टोलीहरु सँग मिली बहुक्षेत्रिय लेखाजोखा संचालन गर्ने<br><br>संरक्षणको लेखाजोखा | लेखा जोखाका औजारहरु तयार भएको हुनेछ । | | म.बा.का तथा क्षेत्रगत सदस्यहरु | |
| पहिलो हप्ता | मिराबाट प्राप्त जानकारीको विश्लेषण गरी प्रारम्भिक मानविय सहयोगको योजना सहित अवस्थाको प्रतिवेदन तयार पार्ने।<br><br>तत्काल उपलब्ध गराईएका मानविय सेवाहरुमा महिला बालबालिका ,गर्भवती तथा सुत्केरी महिला अपांगता भएका व्यक्तिहरु,वृद्धवृद्धाहरुको पहुँच भए नभएको सुनिश्चितता गर्ने ।<br><br>मानविय सेवाको आवश्यक्ता देखिएको प्रभावित समुदायमा सेवा उपलब्धताको लागि पैरवि  गर्ने ।<br><br>स्रोतहरुको परिचालन गर्नका लागि क्षेत्रगत आकस्मिक योजनाको समीक्षा गर्ने।<br><br>संरक्षणका विभिन्न क्रियाकलापका लागि विभिन्न निकायहरुबाट प्राप्त सहयोगका लागि गरिएकोप्रतिवद्धताको कार्यान्वयन गर्ने ।<br>मानविय सहयोगको प्रर्याप्तताको समीक्षा, अनुगमन र सुधारका लागि पृष्ठपोषण उपलब्ध गराउने | मानविय क्षेत्रमा कार्य गर्ने संघ सस्थाहरु संग सहकार्य गरी स्रोत साधनको आकलन गरिएकोहुनेछ ,<br><br>मानव वेचविखन तथा ओसार पसार वाट रोकथाम गर्नका लागि रेडियो पत्र पत्रिकाहरुमा सन्देश मुलक कायक्रमहरु सञ्चालन गरिएकोहुनेछ | | म.बा.का तथा क्षेत्रगत सदस्यहरु<br><br>म.बा.का तथा क्षेत्रगत सदस्यहरु<br><br>म.बा.का तथा क्षेत्रगत सदस्यहरु<br>म.बा.का तथा क्षेत्रगत सदस्यहरु | |
| पहिलो महिना | १. जोखिममा रहेका समुहरुलाई पहिलो ३० दिन भित्र तत्कालिन मानविय सहयोग ।<br>२. सुत्केरी र ६महिना सम्मका बच्चाका आमाहरुका लागि | अस्थाई वास स्थानका लागि ठाउँ हरु पहिचान भएको हुनेछ | | म.बा.का तथा क्षेत्रगत सदस्यहरु | रु. |

| विपद् पश्चातको अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | आवश्यक लत्ताकपडा ।<br>३. परिवार बाट विछोडिएका बालबालिकाहरुको खोजी तथा बाल पुर्नस्थापना र पुर्नएकिकरणको व्यवस्था मिलाउने ।<br>४. लैंगिकतामा आधारित हिंसामा परेका महिला तथा बालबालिका हरुलाई आवश्यक सेवा तथा सहयोगको व्यवस्था मिलाउने ।<br>५. पिडित महिला तथा बालबालिका हरुलाइ मनोसामाजिक परामर्श उपलब्ध गराउने ।<br>६. संरक्षणको आवश्यक्ता भएका वृद्धवृद्धा ,अपांगता भएका व्यक्तिहरुलाई पुर्न स्थापना गृहमा राख्ने व्यवस्था मिलाउने । | जिल्लामा रहेका पुर्न स्थापना गृह संग सहकार्य तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएकोहुनेछ । | | | |
| दोस्रो महिना | क्षेत्रगत समन्वय बैठक<br>(क) संरक्षण क्षेत्रगत सदस्यसँग बैठक गर्ने ।<br>(ख) क्षेत्रगत प्रमुखहरु सँग बैठक गर्ने ।<br>(ग) जि.बा.क.स सँग बैठक गर्ने ।<br>(घ) जिल्ला समन्वय समिति सँग बैठक गर्ने।<br>(ङ) DDRC सँग बैठक गर्ने । | | | म.तथा बा.कार्यालय | रु |
| तेस्रो महिना | आवश्यक्ताको लेखाजोखा संचालन गर्ने ३० -९० दिन सम्म<br>(क) अन्य क्षेत्रहरु सँग समन्वय गरी विस्तृत लेखाजोखा संचालन गर्ने।<br>(ख) विस्तृत लेखाजोखा बाट प्राप्त तथ्यांकको विश्लेषण र प्रतिवेदन तयारी<br>( ग)पुर्नस्थापनाका लागि DDRC लाई सिफारिस गर्ने । | | | म.बा.का तथा क्षेत्रगत सदस्यहरु | रु |

## ५.८ शिक्षा (Education) क्षेत्र

### (क) शिक्षा क्षेत्रको सम्पर्क व्यक्ति तथा सस्थाको विवरण :

| क्र.सं | सम्पर्क व्यक्ति | निकाय | सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १ | श्री श्याम सिंह धामी | जि.शि.का. | ९८५८७५२८८८ |
| २ | श्री दिपक राज कलौनी | जि.शि.का. | ९८४८७८२४७३ |
| ३ | श्री शिद्धराज पन्त | जि.वि.स. | ९८४८७३१७१४ |
| ४ | श्री टेक राज उप्रेती | NRCS | ९८४८७२२३६१ |
| ५ | श्री बिनोद बिक्रम जैरु | NNSWA | ९८५८७५०२०६ |
| ६ | श्री लोकेन्द्र भट्ट | NEEDS Nepal | ९८४९६३३४६४ |

### विपद् अवस्था तथा मान्यता योजना:

- अति उच्च जोखिम रहेका डुवान र कटान भई विस्थापीत हुने क्षेत्रका गाविसहरुमा बढीका समयमा प्रभावित भई हप्तौसम्म विद्यालय बन्द हुने गरेको कारण विद्यार्थीहरू शिक्षाका अवसरबाट बन्चित ।
- विद्यालयका कक्षा कोठा, दराज, बेन्च, टेबल र पाठ्यपुस्तक जस्ता भौतिक सामग्रीको आंशिक रूपमा क्षति भई पठनपाठनलाई असर पर्‍याएको
- विद्यार्थीका शैक्षिक सामाग्रीहरु नष्ट हुने गरेको ।
- शिक्षकहरु स्वयं विपद्बाट प्रभावित भै विद्यालय आउन नसक्ने अवस्था ।
- शिक्षण सिकाइमा अनुपस्थिति, अनुत्तीर्ण हुने, विद्यालय छाड्ने
- विद्यार्थीको मनोवैज्ञानिक समस्या सिर्जना हुने ।

### क्षेत्रगत योजनाको उद्देश्य :

- प्रभावितहरुको जीवनयापनलाई सुचारु गरी शैक्षिक अधिकारको संरक्षण गर्न र सामान्य अवस्था एवं स्थायित्वमा फर्काउने कार्यको सहजीकरण गर्नका निमित्त विद्यालय जाने उमेरका तथा प्रभावित सम्पूर्ण बालबालिकाहरुको गुणस्तरीय शिक्षामा निरन्तर तथा तत्काल पहुँच सुनिश्चित गर्ने
- सुरक्षित सिकाइको वातावरण उपलब्ध गराएर विपद्बाट परेको मनोबैज्ञानिक असरको सामना गर्ने कार्यमा बालबालिकाहरु र शिक्षकहरूलाई मद्दत गर्न योगदान पुऱ्याउने ।

### योजनाको समष्टिगत उद्देश्य :

- विपद्बाट प्रभावित विद्यालय जाने उमेरका केटाकेटी तथा शिक्षकहरूलाई गुणस्तरीय शिक्षाको निरन्तरता सुनिश्चित गर्नका लागि र उनीहरूलाई सुरक्षित रूपमा सिकाउने एवं सिक्ने वातावरण तयार पार्ने ।
- विपद्को घटना घटेको पहिलो हप्ताभित्र शिक्षासम्बन्धी पूर्वाधार र शिक्षामा संलग्न व्यक्तिहरूका अवस्थाका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- जिल्ला शिक्षा कार्यालय र स्थानीय क्षेत्रगत सदस्यहरू (Cluster Members) सँगको समन्वयमा तथा प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावित/आन्तरिक रूपमा विस्थापित बाल-बालिकाहरूको शिक्षालाई जारी राख्नका निमित्त तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- सम्भव भएसम्म यथाशक्य चाँडो अर्थात् सिद्धान्ततः पहिलो दुई हप्ताभित्र, न्यूनतम मापदण्ड बमोजिम ६ देखि ८ हप्ताभित्र न्यूनतम पूर्वाधारसहित विद्यालय जाने बाल-बालिकाहरूका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ तथा स-साना बाल-बालिकाहरूका लागि सुरक्षित स्थान स्थापना गर्ने ।
- विद्यालयहरू पुनः खुला गराएर र शिक्षण-सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध-संरचनागत (semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरुको पुन : एकीकरण प्रारम्भ गर्ने ।
- प्रभावित बाल-बालिकाहरूका निमित्त नियमित शिक्षा प्रणालीमा क्रमश : तीनलाई समावेश गर्दै लैजाने ।

## (ख) शिक्षा क्षेत्रको तयारि योजना ।

| विपद् पश्चातको अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | DDRC को बैठक मा सहभागि भई जानकारि लिने दिने | क्लस्टर सदस्यहरुका लागि बिपद्मा शिक्षा र यसको पुर्ब तयारि तथा प्रतिकार्यका लागि अभिमुखिकरण गर्ने समन्वय बैठक विभिन्न क्लस्टरको बिरण तयार पार्ने । | तलिम दिन जरुरि | जिल्ला शिक्षा कार्यालय, सहयोगी क्षेत्रगत सदस्यहरु | ५००० |
| | Cluster समन्वय बैठक र सम्पर्क ब्यात्तिहरुलाई सुचना संकलन का लागि निर्देशन । | बिपद्को समयमा बिपद्को तथ्यांकन संकलन र सुचना ब्यबस्थापनका लागि टिम गठन र उनिहरुलाई तालिम दिई तयारि अबश्थामा राख्ने ।<br><br>शिक्षा कार्यालय र बिधालय बिचमा सूचना प्रणालीको (Diaster Information System) स्थापना गरिएकोहुनेछ र आबश्यक सुचना का लागि जिल्ला आपतकालिन केन्द लगाएतका स्थानिय तहमा भएका RC र बिधालय समन्वयको समयन्त्रको बिकास गरिएकोहुने छ । | समन्वय र सहकार्य, जिम्मेवार बनाउने, कलष्टरको मिटिंगमा सहभागि भएका सदस्यहरुले आफ्नो अफिसका अन्य कर्मचारिलाई जानकारि गराउने तलिम र प्राथामिक उपचार सामग्रिहरु<br><br>सुचना संकलनका फर्मेटमा तालिम | | ५००००० |
| | Logistics ब्यवस्थापन । | कलष्टर सदस्यहरुले आ आफ्नो अफिसबाट परिचालन खर्च व्यहोर्ने । | | | २००० |
| | घाईते भएका बिधार्थिहरु र शिक्षकहरु (यदि बिधालयमा बिपद् भएको अबश्थामा ) सम्बन्धमा तत्काल घटनास्थलमै उपचारको व्यबस्था मिलाउने र सिकिस्त घाईतेलाई अस्पताल पठाउने । | बिपद् प्रभाबित भएको क्षेत्र भएमा बिधालय स्तरमा प्राथमिक उपचार कार्यालदल वा जुनियर रेडक्रसका पदाधिकारिहरुलाई तालिमको ब्याबश्था गराउने । प्राथामिक उपचार सामग्रि । | यसका लागी आबश्यक पर्ने बजेट को अनुमान र व्यबस्था नभएको | सम्बन्धित निकाय | १००००० |
| | समयमै शिक्षा कार्यालयमा बिधालय र बिधार्थि कर्मचारिको यथार्थ सुचना उपलब्ध गराउने । | बिषयगत क्षेत्र भित्र र बाहिर समन्वय गर्ने संयन्त्र स्थापना गर्ने यसका साथै RC लाई स्थानिय तहको सूचना संकलनको जिम्बेवार बनाउने र RC लाई सुचना संकलनका लागि तालिम दिने । | तालिम नियमित र सो का लागी आबश्यक पर्ने बजेट व्यबस्था हुने नगरेको | सम्बन्धित निकाय | १००००० |

| विपद् पश्चातको अवधि | बिपद्को अवस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अवस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| **दोश्रो दिन** | स्रोत साधनको आंकलन गर्ने (आबश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने ) बिषयगत क्षेत्रले घटनाको बस्तुगत बिबरण तयार पार्ने । | बिपद् पुर्व नै तालिम प्राप्त स्वयं सेबकलाई जिम्वेवारि सहित तयारि अबस्थामा राखिएको हुनेछ र सङ्टासन्नतामा रहेका बिधालयको विवरण (संरचनागत, गैर-संरचनागत, सामाजिक, आर्थिक तथा सांस्कृतिक सङ्टासन्नता) तयार पारिएको हुनेछ । | बिपद् पुर्व नै जिम्बेवारि नतोकिनु | जिल्ला शिक्षा कार्यालय | आबश्यक नपर्ने |
| **पहिलो हप्ता** | MIRA तथ्यांक विश्लेषण र सम्वन्धित निकायहरुलाई जानकारी गराई सम्भावित श्रोत (सहयोग) आंकलन गर्ने । विस्तृत शिक्षा सर्भेक्षण र प्रतिवेदन तयारी ।<br><br>बिद्यालय सुचारुका लागि तत्कालका लागि आबश्यक पर्ने सामग्रिहरु उपलब्ध गराउने । | क्लष्टरका तालिम प्राप्त जनशक्तिलाई जिम्बेवारि सहित तयार पारिएको हुनेछ<br><br>आन्तरिक स्रोतको पहिचान र क्षमताआँकलन (who, where, what) गरिएकोहुनेछ । यसका लागि सम्भाबित प्रभाबित बिधालयहरुमा बिपद् आबस्मिक योजना बनाईएको हुनेछ यसका आधारमा जिल्ला शिक्षा कार्यालय लगाएतका जिल्ला का शिक्षा सेक्टरमा काम गर्ने निकायले योजना बनाएको हुनेछ। बिधालयको बिपद् सम्बन्धि योजना निर्माणमा सहयोग गर्नका लागि आपतकालिन अबश्थामा शिक्षा नामक तालिम जिल्लामा गठन भएको तालिम प्राप्त प्रशिक्षक प्रक्षिण समुहले दिनेछ । | नियमित रुपमा नभएको<br>आपतकालीन अबस्थामा बिद्यालयका लागि त्रिपाल, बाकस, कार्पेट, शैक्षिक सामग्री : कापि, किताव, स्कुल ड्रेस, पेन आदि तयारी अबस्थामा नभएको<br><br>बिद्यालयका आपतकालीन योजनाहरु जिल्लाको कार्य योजनामा समावेश हुने नगरेको भएमा पनि कार्यान्वियनमा कमजोरी | जिल्ला शिक्षा कार्यालय<br>शिक्षा क्लस्टर, अन्य सहयोगी संस्थाहरु<br><br>जिल्ला शिक्षा कार्यालय, अन्य संघ संस्थाहरु | <br><br>आबश्यक्तानुसार |
| **पहिलो महिना** | MIRA प्रतिबेदनबाट औल्याएका समस्याहरुको आधारमा सहयोग प्रदान गर्ने जस्तै School in a Box kits<br><br>Shelter Cluster संग समन्वय गरी अस्थायी पठनपाठन (ECD, Basic Ed.Adult Ed. Adolescent Ed.) का लागि स्थान निर्धारण गर्ने । बिद्यालय खुलाउने र सबै | पुर्ण रुपमा क्षतिग्रस्त हुन सक्ने स्कुलको पहिचान गरिएकोहुने छ बिधार्थिको जनसंख्याका आधारमा आबश्यक School in a Box kits को जोहो गरी राखिने छ<br><br>सुरक्षित स्थान निर्धारण गरिएको।आपतकालिन अवस्थाका निमित्त सामग्री भण्डारण गरीराख्ने<br>ई.सि.डी : ..... वटा<br>अस्थायी पठनपाठन केन्द्र निर्माणका लागिआवश्यक सामग्री : .... वटा | कति स्कुलकाका लागि के कति आबश्यक्ता पर्ने बारे पूर्व अनुमान तथा व्यबस्था भए नभएको एकिन<br><br>ECD kit box<br>Electronic copy of the text book<br>अनुमान गरी रकम व्यबस्था हुने नगरेको | जिल्ला शिक्षा कार्यालय, युनिसेफ , सेभ द चिल्ड, तथा स्थानिय गैसस<br><br>जिल्ला शिक्षा कार्यालय र बिधालयहरु, अन्य सहयोगी संघ संस्थाहरु | १०००००० <br><br>३००००० |

| विपद् पश्चातको अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | बालबालिका तथा विद्यार्थीलाई विद्यालयमा पुनः ल्याउने वातावरण तयार गरी उनीहरूको जीवनलाई सामान्य बनाउन सहयोग गर्न । | वालवालिका किट : ..... वटा<br>शैक्षिक सामग्री :..... सेट<br>के कस्ता क्षति हुन सक्छ ( यदि सामान्य क्षति हुन सक्ने अबश्था भएमा त्यसको तत्कालै पहिलाको अबश्थामा ल्याउनका लागि आबश्यक पर्ने सामग्रिहरुको जोहा गरी राखिएको हुने छ । बिपद् प्रति सामना गर्ने क्षमता अभिबृद्धि गर्नका लागि स्थानिय पाठ्यक्रममा बिपद् र जलाबयूपरिबर्तनका बिषय समाबेस गरी अध्यापन गराईने छ । | सबै ठाउमा प्रयाप्त योजना र पुर्व तयारि नभएको ।<br>पाठ्यक्रम तथा निर्देशिका तयार भएपनि अध्यापनका लागि शिक्षकलाई तालिम नभएको | | |
| दोश्रो महिना | पहिलाको अवस्थामा आउनका लागि नियमित रुपमा प्रतिकार्यका कार्यहरु तथा अवस्था विश्लेषण गरी थप कार्यहरु सञ्चालन गर्ने । भईरहेका कार्यहरुको अनुगमन गर्ने<br>विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार (One-door संयन्त्रको कार्यान्वयन गर्ने । | आबश्यक पर्ने स्रोत साधनका लागि शिक्षा कलष्टरका सदश्यहरुले gap पहिचान गरी स्रोतको जोहो गरिएकोहुनेछ । भत्किएका संरचना निर्माण का लागि लागि पुनस्थापना र पुननिर्माण कलष्टर संग बिपद् पुर्ब नै समन्वय गरिएकोहुनेछ<br><br>पहिचान गरीएका प्राथमिकतामा आधारित रही विपद् जोखिम व्यवस्थापन योजनाका नीति र कार्यक्रम बमोजिम सबै तहमा साधन स्रोतको विनियोजन गरीनेछ ।<br>विपद् जोखिम व्यवस्थापन कार्यमा भए गरेका खर्चहरूको एकद्वार नीति अन्तर्गत एकीकृत विवरण राख्ने सयंन्त्रको विकास गरिएकोहुनेछ ।<br><br>विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने छुट्टै कोषको व्यवस्था गर्ने र यस्तो कोषको आर्थिक स्रोत संकलन र खर्च एकद्वार प्रणालीमा आधारित भएको हुनेछ ।<br><br>जिल्ला भरिका बिधालयमा उत्थानसिलता बढाउनका लागि सबै सरोकारवालालाई स्विकार्य हुने तथा शिक्षा मन्त्रालयले निर्देश गरिएकोकार्याढाचा, निर्देशिकाका आधारमा साझा ढाचा निर्माण गरीने छ । | जिल्ला स्थित विभिन्न संघ सस्थाहरु संग समन्वय, सहकार्य गरी रकम व्यबस्थापनमा पहल गर्नु पर्ने | जि.शि.का. तथा अन्य सहयोगी संघ संस्थाहरु<br><br>जि.शि.का. तथा अन्य सहयोगी संघ संस्थाहरु | |

### ५.९ पूर्नस्थापन तथा पूर्ननिर्माण कार्य समुह (Rehabiliation and Reconstruction Cluster)

विपद्का कारण नष्टभएका सामुदायिक सेवाहरूको पुनः संचालन तथा आपतकालीन राहत सहयोगको लागि आधारभूत भौतिक पूर्वाधारहरूको प्रशस्त गरी अस्तव्यस्त मानव जन जीवनलाई सामान्य अवस्थामा फर्काउन आवश्यक भौतिक तथा मानवीय क्षमताको बृद्धि गर्ने । कुनै पनि कार्यलाई प्रभावकारी तरिकाले संचालन गर्न भौतिक पूर्वाधारले प्रमुख भुमिका खेल्ने हुनाले सवै सहयोगी निकायहरू र त्यसमा पनि विशेष गरी संचार, सडक यातायात तथा बिद्युत क्षेत्रले यस कार्यमा थप जिम्मेवारी बहन गर्ने पर्ने हुन्छ ।

#### (क) पूर्नस्थापन तथा पूर्ननिर्माण कार्यदलको विवरण:

| सि.न | नाम/थर | संस्था | सम्पर्क फो.न. | |
|---|---|---|---|---|
| | | | फोन | मोबाईल |
| १ | श्री सिद्धराज पन्त | जिविस कंचनपुर | ५२१३२७ | ९८४८७३१७१४ |
| २ | श्री मोहन राम टेलर | महाकाली सि. व्यवस्थापन डि. | ५२११९० | ९८४८७३४५०४ |
| ३ | श्री विनोद कुमार महुवार | डिभिजन सडक कार्यालय | ५२१३२६, | ९८४१२३४०५६ |
| ४ | श्री करबिर सिह साउद | जनताको तटवन्ध | ५२०५५९, | ९८४८४०१४१६ |
| ५ | श्री मंगल सिह | जल उत्पन्न प्र.नि.का. | ५२५३८७, | ९८४८७२१४०१ |
| ६ | श्री गणेश पाण्डे | विधुत प्राधिकरण | ५२१३१३, | ९८४८७२४३७७ |
| ७ | श्री रुप बहादुर रावल | नेपाल टेलीकम | ५२३८८८ | ९८५८७५०३६९ |
| ८ | श्री पुष्पराज भट्ट | भिमदत्त नगरपालिका | ५२१३२२ | ९८४८७५०१११ |
| ९ | श्री जयराज भट्ट | जिल्ला प्राविधिक कार्यालय | | ९८५८७५१४५६ |

#### ख) विपद्को अवस्था तथा मन्यता योजना

- भत्किएको सडक, यातायात अवरुद्ध भई आवतजावत लाई सुचारु गर्न पुनः निर्माणको आवश्यक्ता
- अस्थाई पुलहरुको व्यवस्था गर्नु ।
- अबरुद्ध टेलिफोन तथा क्षतिग्रस्त विजुली लाईनहरू को पुन:निर्माण तथा पुनर्स्थापना
- राहत वितरणको लागि आवश्यक यातायात साधनहरूको आवश्यक्ता
- वस्ती समुदायमा निरन्तर कटानी भई तत्काल रोकथामको अवस्था
- विस्थापित परिवारहरुका लागि अस्थायी रुपमा पुर्नस्थापनाको आवश्यक्ता

#### क्षेत्रगत उद्देश्य:

विपद्का समयमा क्षतिग्रस्त संरचनाको तत्काल मर्मत सम्भार गरी आवतजावतको सुनिश्चता गरी पूर्न निर्माणको लागि आवश्यक स्रोत साधन आकलन गर्नु का साथै पूर्न निर्माण र पूर्नस्थापनाको कार्य गरी सहयोग पुर्याउने ।

#### समस्टीगत उद्देश्य:

- क्षतिग्रस्त भौतिक संरचना संरक्षणका लागि सरोकारवालाहरु संग समन्वय गरी पूर्व तयारीका लागि योजना बनाई कार्यन्वयन गर्ने
- प्रकोप पश्चात् मानव अधिकार रक्षा तथा सुबिधाको लागि अति आवश्यक पर्ने क्षतिग्रस्त भौतिक संरचनाहरु को तत्काल निर्माणकालागि सरोकारवाला संगको समन्वयमा निर्माण तथा संचालन गर्ने ।
- प्रत्येक वर्ष गरिएकोकार्यको समीक्षा गरी आगामी वर्षको लागि बाढी पूर्व बैठक बसी प्रकोप पूर्व तयारी योजना तयार गर्ने गरी सम्बन्धित निकायमा पेश गर्ने ।
- प्रकोप प्रभावित सबै स्थानीय निकायले विपद पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गर्न का लागी विशेष पहल गर्ने ।

## (ख) पूर्नस्थापन तथा पूर्ननिर्माण तयारि योजना ।

| विपद् पश्चात को अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो दिन** | आ आफनो कर्मचारि तथा परिवारको व्याक्तिगत सुरक्षाका बारेमा आबश्यक सुचना संकलन गर्ने । | बिपद्का बिभिन्न मुद्धाहरुमा साझेदार सस्था तथा कर्मचारिलाई तालिम दिने । | तालिम दिने कार्य नियमित नभएको | जिबिसको आयोजना NRCS ले दिने | १५००० |
| | सम्पर्क व्याक्तिहरुलाई सुचना संकलन का लागि निर्देशन । | विपद्को समयमा प्रतिकार्यमा सहयोग उपलब्ध गराउने एकीकृत प्रणालीको विकास गर्ने । यस प्रणालीमा जिल्ला, नगरपालिका⁄ गाउँ तथा वडा तहमा क्रियाशील निकायहरूमध्ये कार्यक्षेत्र अनुरूप हरेकको भूमिका तथा जिम्मेवारी प्रष्ट निर्धारण गर्ने र अन्तरनिकाय समन्वयका लागि आवश्यक प्रतिवेदन दिने (Reporting) व्यवस्था मिलाएको हुनेछ । | गाबिस तथा सम्बन्धित निकायबाट जिबिसमा सुचना समयमै उपलब्ध गराउने व्यबस्था गरीने छ ।<br><br>गाबिस सचिबहरु तथा सामाजिक परिचालकहरुको नियमित मासिक बैठकमा अभिमुखिकरण नभएको ।<br>यसका लागि सबै कार्यालय संघ सस्थाहरुबाट केहि अनुमानित बजेट नछुट्टाईएका | जिबिसको निर्देशनमा समन्वय बैठकबाट जिम्वेवारि तोकि गैह्र सरकारि सस्थाहरुले सहयोग गर्ने | प्रति गाबिस ५००० |
| | DDRC को बैठक मा सहभागी भई आवश्यक सुचनाहरुको आदान प्रदान । | धेरै गाबिस नगरपालिकामा स्थानिय बिपद् व्यबश्थापन समिति र पुर्ब सुचना कार्यदल गठन भई सकेको र केहि बाकि दैजी, रैकवार, बाईसेविचवा, सुडा, भि.न.पा. र दोधारा चादनीमा व्यक्ति चयन गरी सुचना संकलन गरी जिबिस बिपद् फोकल व्याक्तिलाई दिने व्यबस्था मिलाउने । | गाबिस सचिबहरु त्था सामाजिक परिचालकहरुको नियमित मासिक बैठकमा उत्प्रेरित गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिबिस गाबिस तथा नगरपालिका, बिषयगत कार्यालय | |
| | अति आवश्यक सेवा प्रदायक निकाय र संरचनाको न्यूनतम पुनस्थापना गर्ने | बिबिधि उदेश्यका लागि बिषयगत कार्यालय र बाहिरी समन्वय गर्ने संयन्त्र स्थापना गर्ने यसका लागि स्थानिय तहका बिपद् व्यबस्थापन समितिलाई सुचना आदान प्रदानका लाागि सक्षम बनाई राख्ने । खालि स्थानहरुको पहिचान तथा संरक्षण गर्ने | नियमित रुपमा नभएको | जिबिस, जिल्ला प्राबिधिक कार्यालय, सडक डिभिजन कार्यालय, नगरपालिका, गाबिसहरु र अन्य कलष्टर सदश्य कार्यालयहरु | |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | | तथा दिगो ब्यबस्थापनका लागि स्थानिय निकायले जिम्वेवारि लिने । | | | |
| **दोशो दिन** | प्राविधिक टोलीलाई स्थलगत अध्ययनका लागि अभिमुखिकरण तथा प्रभावित स्थानमा परिचालन ।<br><br>स्रोत साधनको आंकलन गर्ने (आबश्यकता, लेखाजोखा र खाडल पहिचान गर्ने ) र समन्वय, स्रोत पहिचान र पूर्न निर्माणको कार्ययोजना वनाउने ।<br><br>सहज पहुंचका लागि अस्थायीरुपमा पुल, सडक तथा गोरेटो वाटो निर्माण गर्न तथा सहज पहुंचका लागि डेव्रिस् सफा गर्ने । जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने<br><br>अस्पताल, स्वास्थ्य केन्द्र, आन्तरिक रुपमा विस्थापितको शिविर, विद्यालयजस्ता आधारभूत क्षेत्रमा विद्युतीय सेवा उपलब्ध गराउने । | क्षतिको तथ्याङ्क तथा लेखाजोखा गर्नका  लगि तथ्यांक संकलन सुचना ब्यबस्थापनका लागि कलष्टरका सदश्यहरुलाई तालिम दिने । फिल्ड परिचालनका लागि इन्धन गाडिको ब्याबश्था गर्ने ।<br><br>संकटासन्न भौतिक संरचनाको पहिचान र यसका लागि आबश्यक श्रोत साधनको नक्सांकन गरी पुर्ब तयार पारिएको हुनेछ ।<br><br>स्थानिय तहका स्रोत साधनको पहुच तथा स्थानिय तहमा गठन भएका बिपद् ब्याबश्थापनका समितिहरु तथा कार्य दलहरुको परिचालन र उनिहरुको क्षमता अभिबृद्धि गरिएकोहुनेछ ।<br><br>सार्बजनिक सेवा प्रदाय सस्था तथा स्थानहरुमा पर्न सक्ने प्रभाबहरुको अनुमान गरी समयमै सुचारु गर्नकालागि रणनिति तथा पुर्बतयारि गरिएकोहुनेछ । | तलिम दिने व्यबस्था नियमित नभएको<br><br>सम्बन्धित कार्यालयहरुले गाडि तथा इन्धनको ब्यबस्थापन गर्ने ।<br>स्थानिय बिपद् ब्यबस्थापन समितिलाई जिम्मेवार बनाउने र जिल्लाको सान्वय समयन्त्र मजबुत बनाउने ।<br><br>यसका लागि सबै कार्यालय संघ सस्थाहरुबाट केहि अनुमानित बजेट छुटाई राख्ने ।<br><br>बिधुत प्राधिकरण तथा उर्जा क्षेत्रमा कार्यारत निकायहरु बिपदको क्षतिको  प्रतिकार्य तथा समयमै सेवा उपलब्ध गराउनका लागि पुर्ब तयारि अबश्थामा रहने । | जिबिस, जिल्ला प्राबिधिक कार्यालय<br><br>जिबिस, जिल्ला प्राबिधिक कार्यालय, स्थानिय बिपद् ब्याबश्थापन समिति ।<br><br>जिबिस, जिल्ला प्राबिधिक कार्यालय, सडक डिभिजन कार्यालय, नगरपालिका, गाबिसहरु र अन्य कलष्टर सदश्य कार्यालयहरु | २००००० |

| विपद् पश्चात को अवधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो हप्ता** | विस्तृत सर्वेक्षण पश्चात प्रभावितहरुको तथ्याङ्क विश्लेषण गर्ने ।<br>बिषयगत बैठक र घटनाको बिबरण संकलन गर्ने कार्य निरन्तर गर्ने (कार्य क्षेत्र पहिचान गरी कार्य गर्ने )<br>मौजुदा अवस्थामा अस्पताल, विद्यालय, स्वास्थ्यसेवा प्रदायकका साथै सडक, पुल र अन्य संरचनाको क्षतिको लेखाजोखा प्रारम्भ गर्ने । कटान, डुवान र पटानको बिस्तृत सर्वेक्षण<br>घर पूर्णरुपमा/आंशिक रुपमा क्षति भएकाहरुको तथ्याङ्क तयार गर्ने । आवासको लागी सामुदायिक वनहरुबाट<br>सहुलियत वा निशुल्क काठहरु उपलब्ध गराउने ।<br>सार्वजनिक सेवाहरु सुचारु गर्ने ।<br>घुऱ्यान तथा थुप्रिएको फोहारहरु व्यवस्थापन मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्न | बिस्तृत सर्बक्षणका लागि जिम्वेवारि सहित टोलि गठन गरी उनिहरुको क्षमता अभिबृद्धि गरिएकोहुनेछ । र संकलित तथ्यांकहरुको रिपोर्टिं संयन्त्र बिकास गरिएकोहुनेछ । कटान, डुवान र पटान सर्वेक्षणको लागि सर्वेक्षक पहिचान गर्ने, फारम तयार गर्ने र सर्वेक्षकहरुलाई अभिमुखिकरण गर्ने ।<br>घर क्षति भएकाहरुको लागि उपलव्ध राहतको मापदण्डवारे स्पष्ट हुने र सवैलाई जानकारी गराउने र बिपद् पुर्ब नै सामुदायिक वनहरुसंग अग्रिम समझदारी गर्ने ।<br>घुऱ्यान तथा थुप्रिएको फोहार व्यवस्थापन सम्वन्धी स्थानको खोजी तथा व्यवस्थापन सम्वन्धी कार्य योजना तर्जूमागर्न । | क्षमता अभिबृद्धि मा कमी<br>स्थानहरुको पहिचान | जिबिस, जिल्ला प्राबिधिक कार्यालय, स्थानिय बिपद् व्याबश्थापन समिति ने.रे.सो. र अन्य सम्बन्धित निकायहरु<br>जिल्ला बन कार्यालय तथा सामुदायिक बन उपभोक्ता महासंघ<br>गाबिस नपा स्थानिय बिपद् व्याबश्थापन समिति तथा सम्बन्धित कार्यालय संघ सस्था | १०००० <br>निशुल्क |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| **पहिलो महिना** | अस्थायी शिविरको स्थापना गर्ने र विस्थापितलाई व्यवस्थित बनाउन सुरक्षित र खुला ठाउँमा लैजाने प्रबन्ध मिलाउने ।<br><br>क्षति भएका पूर्वाधारहरुको विस्तृत विवरण तयार गर्ने ।<br><br>तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक अध्ययन, लेखाजोखा तथा विश्लेषण गरी बसोबास र जीविकोपार्जनजस्ता प्रमुख क्षेत्रको विकासका कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने ।<br><br>खेति वाली पूर्ण वा आंशिक रुपमा नष्ट भएका परिवारहरुलाई कृषि कार्यालय सँग समन्वय गरी सहुलियत रुपमा विउ विजन उपलब्ध गराउने । कृषि उत्पादन गराउन तालिमहरु संचालन गर्ने/विउ उपलब्ध गराउने<br><br>पूर्वाधारहरु पुनः निर्माण गर्न आवश्यक विस्तृत प्राविधिक इष्टिमेट गर्ने र सम्वन्धित कार्यालयमा प्रतिवेदन पठाउने । | संभावित बिपद् बाट विस्थापित हुन सक्ने परिवार आंकलन गरी अस्थाई स्थलको पहिचान गर्ने ।<br><br>पूर्वाधारको विस्तृत विवरण तयार गर्न जिल्ला प्रविधिक कार्यालयको सहयोगमा प्राविधिकहरुको सम्पर्क सूचि तयार गर्ने ।<br><br>सम्भाबित क्षतिको अनुमान गरी बिउ बिजनको स्टक पाईलिंग गरी राख्ने । प्रभावित स्थानको कृषी प्रणालीवारे जानकारी राख्ने र विउ विजन हरु भण्डारण गरी राख्ने । तालिम संचालनका लागी आवश्यक स्रोत र साधनको अग्रिम व्यवस्थापन गर्ने ।<br><br>बिस्तृत प्राबिधिक इस्टिमेटका लागि टिम गठन र जिम्बेवारि दिईएको हुनेछ यसका लागि टिमका लागि आबश्यक बन्दोबस्तिका सामग्रिहरुको तयारि व्यबस्थापन गरी राख्ने | पहिचान नभएका गाबिस नपामा पहिचान गर्ने<br><br>विभिन्न तामिमहरु सञ्चालन गने स्रोत र साधनको अग्रिम व्यवस्था गर्न चुनैति हुने<br><br>समयमै तथ्यांक संकलन गरी प्रभाबित हरुलाई उपलब्ध गराउने ।<br><br>बिपद्कै लागि भनेर टिम र बन्दोबस्तिका सामग्रिहरु तयारि अबस्थामा न राखिएको | गबिस, नपा र स्थानिय बिपद् ब्यावस्थापन समिति<br><br>जिल्ला कृषि कार्यालय पशु सेवा कार्यालय लगाएत अन्य निकायहरु<br><br>जिल्ला प्राबिधिक कार्यालय | २५००००० |
| दोश्रो महिना | उपलब्ध वजेटको आधारमा पूर्वाधारहरु निमार्ण प्रक्रियालाई प्रारम्भ गर्ने । | पूननिर्माणका लागि जिल्ला विकास समिति गा .वि .स. न. पा .मा जगेडा कोषको स्थापना गर्ने । | नियमित बजेटलाई परिचालन गर्ने यसका सम्बन्धित निकाय संग अनुमति लिने प्रक्रिया नभएको । | जि.वि. स., ने.रे.सो. कैलाली, जिल्ला वन | |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्ब तयारि कार्य | पुर्ब तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | बिपद् पश्चात भत्किएका अस्पताल (Hospital Safer from Disaster) विद्यालयहरू लगाएतका सार्वजनिक सार्बजनिक सेवा प्रदायिक सस्था लगाएका अन्य संरचनाहरु नभत्किउन् वा कम क्षतिका दृष्टिकोणबाट निर्मार्ण गर्ने । | संभाबति बिपद्को कारण हुन सक्ने संरचनागत क्षतिको पुनर्निमाण र पुनस्थापनाका क्रियाकलापलाई जिल्ला विकासको वार्षिक योजनामा समावेश गराउने । यसका लागि स्थानिय तहमा निर्माण भएका स्थानिय बिपद् ब्यबस्थापन योजनालाई प्राथिमकतामा राखिएको हुनेछ र योजना निर्माण नभएका गाबिस नपामा जिल्ला बिकास समिति र अन्य सरोकारवाला निकायहरुको सहयोगमा निर्माण गरीनेछ ।<br><br>भवन आचार संहिताको प्रभाबकारि कार्यान्वयन र उत्थानशीलता (resilience) को मापदण्डको निर्धारण निर्माण गरी सबै सरोकारवालालाई लागु गर्नका लागि जिल्ला प्रशासन र जिबिसले निर्देशन दिनेछन् । | बिपद् व्याबश्थापनलाई बिकास योजनामा मुल प्रबाहिकरणको सबै सरोकारवालाई नहुदा स्थानिय तहमा बनेका बिपद् योजनाले जिल्लाको बार्षिक योजना र बिषयगत योजनामा अझै प्रयाप्त मात्रामा प्राथामिकता पाउन सकेको छैन । | कार्यालय (आपूर्ती समिति), सा. वन, डिभिजन सडक कार्यालय, नेपाल विद्युत<br><br>जिल्ला प्राविधिक कार्यालय, न.पा. तथा गा.वि.स. | |
| तेश्रो महिना र सो भन्दा बढी | जिल्ला बिपद् पर्ब तयारि तथा प्रतिकार्यका लागि बिषयगत आकस्मिक योजना समयसापेक्ष परिमार्जन गर्ने ।<br><br>विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वियन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार (One-Door) संयन्त्रको अभाव छ ।<br>सबै प्रमुख परियोजनाहरूमा वातावरणीय प्रभाव लेखाजोखा (Environmental Impact Assessment) तथा विपद् प्रभावको लेखाजोखा (Disaster Impact Assessment) गर्ने । | सबै तहमा आपतकालीन प्रतिकार्य योजनाको तर्जूमातथा क्षमताको अभिवृद्धि तत्काल गर्नु जरुरी छ ।<br><br>विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने छुट्टै कोषको व्यवस्था गर्ने र यस्तो कोषको आर्थिक स्रोत संकलन र खर्च एकद्वार प्रणालीमा आधारित भएको हुनेछ ।<br><br>दाता, निजी क्षेत्र वा दान-दातव्यबाट आर्थिक स्रोत जुटाउने छुट्टै संयन्त्र (जस्तै बास्केट फण्ड) को स्थापना गरीने र प्रभावित क्षेत्र (sector) एवं समुदायलाई आर्थिक स्रोत उपलब्ध गराउने व्यवस्थाको विकास गरिएकोहुनेछ । | दिर्घकालीन बजेटको व्यबस्था नभएको | DDRC, जिल्ला प्राविधिक कार्यालय, न.पा. तथा गा.वि.स. | ५०००० |

| विपद् पश्चात को अबधि | बिपद्को अबस्थामा गरीने आपतकालिन कार्य (विपद्को प्रकृतिका आधारमा) | आपतकालिन अबस्था संबोधन गर्न गरीने पुर्व तयारि कार्य | पुर्व तयारि कार्य संबोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय | अनुमानित लागत प्रत्येक बर्ष |
|---|---|---|---|---|---|
| | दिगो बिकासमा पुननिर्माणका क्रियाकलाहरुलाइ लिंक गर्ने । | EIA र DIA कार्य समावेश गर्न आवश्यक संस्थागत संयन्त्रको विकास गरीने र वातावरणीय तथा प्राकृतिक स्रोतको व्यवस्थापनमा विपद्सम्बन्धी विषयमाथि पनि अनिवार्य रूपमा ध्यान दिने कुरा समावेश गरिएकोहुनेछ ।<br><br>विपद्पछि गरीने पुनर्लाभ (recovery) तथा पुनःस्थापना कार्यक्रममा विपद् जोखिम न्यूनीकरणका प्रयासलाई समावेश गर्ने संस्थागत प्रक्रियाको स्थापना र विकास गरिएकोहुनेछ । (विपद् पछि निर्माण कार्य गर्दा अझ राम्रो बनाउन (Building Back Better After Disaster) जोड दिइनेछ ।<br><br>आवश्यक नीति, मापदण्ड तथा निर्देशिकाहरूको विकास गरिएकोहुनेछ । दीर्घकालीन रूपमा विपद्का जोखिमहरूको न्यूनीकरण गर्ने क्षमताको विकास गर्न पुनर्लाभ कार्यक्रमहरू सञ्चालन गर्ने अवसरहरूको उपयोग गर्ने प्रणाली सुनिश्चित गर्ने र यसका लागि विशेषज्ञता, ज्ञान तथा सिकिएका पाठहरू (Lesson Learnt) को आपसमा आदान-प्रदान गर्ने पद्धतिको विकास गरिएकोहुनेछ।<br><br>आर्थिक साधनहरू (साना लगानी, लघु ऋण, बीमा आदि) को प्रयोग गर्नका लागि विपद् जोखिम न्यूनीकरणमा निजी क्षेत्रको संलग्नतालाई अभिवृद्धि गरिएकोहुनेछ ।<br>विपद् सम्बद्ध आर्थिक जोखिमहरू बहन (Financial risk-sharing) गर्ने संयन्त्रको विकास गर्ने र यसको लागि बीमा तथा पुनर्बीमालाई प्रवर्द्धन गरिएकोहुनेछ । | | | |

# परिच्छेद ६
# कार्यान्वयन रणनीति, पुनरावलोकन तथा समीक्षा

## ६.१. कार्यान्वयन तथा पुनरावलोकन रणनीति:

जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजनाको तर्जूमाजिल्लाका सम्पूर्ण सरोकारवालाहरूको संलग्नतामा गरिएकोछ । यो योजना तर्जूमाविगत ७ वर्षको अवधिमा गएका प्रकोपबाट परेका प्रभावहरूको विश्लेषणमा आधारित छ र योजना तर्जुमाको प्रयोजनमा निम्न परिस्थितिलाई ध्यानमा राखिएको छ ।

- जिल्लामा क्रियाशील विभिन्न निकायहरूको क्षमता विश्लेषणका आधारमा पूर्व-तयारी तथा प्रतिकार्य कार्यक्रमका लागि भूमिका तथा जिम्मेवारी निर्धारण गरिएको।
- “पूर्वतयारी” तथा “प्रतिकार्य कार्यक्रम” सम्बन्धी दुवै योजना आपतकालिन योजनामा उल्लेखित प्रमुख गतिविधि र  कार्यान्वयनमा सहयोग उपलब्ध गराउने उपयुक्त निकायको पहिचान पनि गरिएको।
- विगतका वर्षको प्रकोपको अनुभवबाट सिकिएका पाठ तथा सिफारिसहरूलाई हरेक क्षेत्र (Cluster) का लागि पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जूमागर्दा ध्यानमा राखिएको ।
- जिल्ला पूर्व तयारी तथा प्रतिकार्य  योजना अन्तर्गत जिल्लाको पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी योजनाको व्यवस्थापन जिल्ला दैवी प्रकोप उद्धार समितिको समष्टिगत समन्वयमा गरिएको।
- हरेक क्षेत्र (Cluster) मा नेतृत्व प्रदान गर्ने निकायको अगुवाइमा क्षेत्रगत हरेक समूह (Each Cluster Group) ले सो क्षेत्रमा संलग्न विभिन्न निकायहरूका बीचमा समन्वय  गरेको ।
- पूर्व तयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रूप दिइसकेपछि पूर्वतयारी सम्बन्धी कदमहरूमा भएको प्रगतिलाई सुनिश्चित गर्नका निमित्त सो योजनाको समीक्षा जिल्ला दैवी प्रकोप उद्धार समितिमा हुने व्यवस्था गरिएको।

## ६.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना क्रियाशिल हुने

यो प्रतिकार्य योजना प्रत्येक वर्ष श्रावण १ देखी असार ३० सम्म नेपाली आर्थिक वर्ष अनुरुप क्रियाशिल हुने छ र जिल्ला दैवी प्रकोप उद्धार समिति वाट स्विकृत समेत गरीने छ ।

## ६.३ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन योजना:

हरेक योजनालाई सम्वन्धित निकायले कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ अन्यथा तोकेको लक्ष्य र उद्देश्य वमोजिम कार्य गर्न सकिदैन र सफलता पनि हासिल नहुने हुन्छ । तसर्थ, यस योजनाको कार्यान्वयनका लागि पनि निम्न कार्य योजना तयार गरिएकोछ ।

| क्रं.सं. | क्रियाकलाप | निकाय | कार्यान्वयन अवधि |
|---|---|---|---|
| १ | बाढी भन्दा पहिलेको पूर्व तयारी अवस्थामा वस्ने (समन्वय वैठक,नक्शांकन, भण्डारण आदि) | जि.दै.प्र.उ. स. र सवै कलस्टर | वैशाख देखी जेठ |
| २ | वाढीका समयमा आवश्यक प्रतिकार्य सहयोग गर्ने | जि.दै.प्र.उ. स. र सवै कलस्टर | असार देखी असोज |
| ३ | महामारी हुनु पूर्वतयारी र प्रतिकार्य | जि.दै.प्र.उ. स. स्वास्थ्य कलस्टर | वाढी, भुकम्प, शितलहर, खरेडी, आदिका समयमा |
| ४ | शितलहरका समयमा आवश्यक पूर्वतयारी र प्रतिकार्य (समन्वय वैठक आदि) | जि.दै.प्र.उ. स. र सवै कलस्टर | मंशिर देखी माघ  १५ |
| ५ | आगलागी हुन सक्ने जोखिम क्षेत्रमा पूर्व तयारी र प्रतिकार्य | जि.दै.प्र.उ. स. सम्वन्धित कलस्टर | फागुन देखी जेठ |
| ६ | भुकम्पिय जोखिम पूर्वतयारी र प्रतिकार्य | जि.दै.प्र.उ. स. सवै कलस्टर | जुनसुकै सयमा निरन्तर |

## ६.४ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनाको नियमित समीक्षा तथा अद्यावधिक

विपद् पूर्वतयारी योजना कार्यान्वयनका निम्ति प्रत्येक क्षेत्र वा कार्यालयले विपद सम्बन्धि पुर्व तयारी योजना निर्माण गर्ने र आवश्यक बजेट अनुमोदन गराई विपद् आउनु पूर्व सवै कार्यालयले प्रत्येक वर्षको वार्षिक कार्यक्रममा राख्नु अनिवार्य रहेको छ । सबै कार्यालयले विपद व्यवस्थापन योजना बनाउन नितान्त जरुरी देखिएको छ । प्रतिकार्यको लागी आवश्यक सामग्री भण्डारण गर्ने र परिचालन गर्ने नीति लिनु पर्ने छ । उक्त कार्यका लागी सम्बन्धित कार्यलयले एक जना फोकल व्यक्ति तोक्नु पर्ने र जस्ले विपद् व्यवस्थापन सम्बन्धी समन्वय तथा योजना निर्माण तथा कार्यान्वयनमा विशेष जोड दिनुपर्ने हुन्छ ।

प्रत्येक वर्ष यस योजनाको पुनरावलोकन तथा समीक्षा गरीनुपर्ने हुन्छ । आवश्यक्तानुसार परिमार्जन तथा अध्यावधि गराउन जरुरी हुन्छ । जसले गर्दा विगतमा विपद् व्यवस्थापनमा आईपरेका समस्याका आधारमा विपद् व्यवस्थापन न्यूनीकरणका कार्यमा सहयोगी हुनेछ ।

### क) विपद्का समयमा DDRC ले ध्यान दिनुपर्ने बिषयहरू

#### १) कार्यकर्ताको सुरक्षा

प्रकोपको समयमा परिचालित स्वयंसेवक तथा कर्मचारीको सुरक्षा प्रमुख विषय हो । सुरक्षाको अनुभुतिले परिचालित ब्यक्तिहरूको कार्य दक्षता तथा चुस्ततामा बृद्धि ल्याउछ । आफ्नो स्वयंसेवक तथा कर्मचारीको सुरक्षा सबै निकायका प्रमुखहरुको जिम्मेवारी हो । तर संजाल मार्फत परिचालित स्वयंसेवक तथा कर्मचारीको सुरक्षा गर्नु संजालको आफ्नो जिम्मेवारी हो ।

#### २) पूर्व चेतावनी पद्धती

राज्य तथा जिल्लाको स्थानीय क्षमता सापेक्षित रुपमा कम रहेको अवस्थामा पूर्व चेतावनी कठिन कार्य हो । अपितु उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी संभावित जोखिम कम गर्ने र मानिसहरूलाई प्रकोपको संभाबित जोखिमबाट वचाउनु मानवीय निकायहरूको प्रमुख जिम्मेवारी हो । सामान्य बिषयहरूमा समयमा नै ध्यान दिन सकेको खण्डमा साधन र स्रोतका अभावको बाबजुद पनि मानिसहरूलाई संभावित जोखिमबाट बचाउन सकिन्छ । तसर्थ उपलब्ध साधन, स्रोत तथा सूचनाहरूको अधिकतम् प्रयोग गरी संकटाभिमुख समुदायहरूलाई प्रकोपको पूर्व चेतावनी दिनु पदर्छ ।

#### ३) सुरक्षित स्थानान्तरण (Evacuation) प्रक्रिया

संभावित प्रकोपबाट वचाउन संकटाभिमुख समुदायलाई सुरक्षित स्थानमा लैजानु अनिवार्य प्रकृया हो । सुरक्षित स्थानान्तरण अत्यन्त जटिल प्रक्रिया भएकोले त्यस सम्वन्धि पर्याप्त पूर्वतयारी गर्ने । यो जटिल तथा जबाफदेही कार्य भएकोले सुरक्षित स्थानान्तरणका सबै प्रक्रियामा सरकारको निर्णायक तहको संलग्नता हुनु पर्दछ । तसर्थ यस प्रक्रियामा सरकारलाई सहयोग गर्नु सबै मानवीय नियोगहरूको जिम्मेवारी हो । सुरक्षित स्थानान्तरण प्रक्रिया सकंटाभिमुख समुदायमा व्यापक मानवीय क्षति हुने निक्यौलको अवस्थामा मात्र गरीने छ ।

#### ४) अपाङ्गता भएका ब्यक्तिहरूको सुरक्षा

प्रकोप तथा बिपदको अबस्थामा अपाङ्गता भएका ब्यक्तिहरुको उचित सुरक्षा तथा सुरक्षित स्थानान्तरण (Evacuation) प्रक्रियामा बिषेश ध्यान दिनु पर्ने तथा पहिलो प्राथमिकतामा राखिनु पर्दछ ।

#### ५) मृत्यु संस्कार

प्रकोपको कारण, मृत्यु भएका मानिसहरूको मृत्यू पछि गरीने धार्मिक, सांस्कृतिक तथा पारम्परिक संस्कार अनुरूप आफन्तहरूको दाह संस्कार गर्न पाउने अधिकारलाई सुरक्षित गर्ने । प्रकोपको कारण मानिसहरूको आम मृत्यु भई स्थानीय समुदायले मृतकहरूको पहिचान तथा दाह संस्कार गर्न सक्ने क्षमता नभएको तथा

मृतकहरू बेवारिसे अवस्थामा रहिरहँदा सामाजिक तथा वातावरणीय असर आउने अवस्थामा मात्र जिल्ला विपद व्यवस्थापन समिति वा यस अन्तरगतका निकाय यस कार्यमा सकृय हुनेछन् ।

### ६) आपतकालीन शिक्षा

शिक्षा प्राप्त गर्नु वालकहरूको अधिकार हो । प्रकोपको कारण नष्ट भएका शैक्षिक संरचना तथा पूर्वाधारहरूको पुनःस्थापना गरी प्रभावितहरूलाई औपचारिक तथा अनौपचारिक शिक्षा लिन पाउने हकको सुनिश्चित गर्ने । शिक्षा मानव जीवनको आधार हो । प्रकोपको अवस्थामा बिद्यालय र शैक्षिक वाताबरणमा प्रत्यक्ष असर पर्दछ र ती असरहरू कम गरी शिक्षालाई पूर्ववत सामान्य अवस्थामा फर्काउन सहयोग गर्नु सबै मानवीय निकायहरूको जिम्मेवारी हो । यस कार्यको नेतृत्व जिल्ला शिक्षा अधिकारीले गर्ने छ ।

### ७) मनोसामाजिक परामर्श

प्रकोपको कारण घरवार, आफन्तहरू गुमाएका तथा आकस्मिक घट्नाको कारण मानसिक सन्तुलन गुमाउन पुगेका पीडितहरूलाई मानसिक, सामाजिक तथा नैतिक सहयोग मार्फत पूर्ववत सामान्य मानसिक अवस्थामा पुर्‍याउन आवश्यक छ । प्रकोपको कारण मानसिक सन्तुलन गुमाउन पुगेका पीडितहरू र बिशेष गरी १६ वर्ष भन्दा मुनिका वालवालिका पहिचान गरी जोखिमको आधारमा अन्तरव्यक्ति परामर्श, सामुहिक परामर्श गरीने । चरम मानसिक आघात (Trauma) स्तरमा पुगेका केटाकेटीको हकमा भने मेडिकल परामर्शका लागि प्रेषित गर्न सकिने छ ।

# परिच्छेद ७
# प्रतिविद्न, अभिलेखन र सूचना

## ७. प्रतिविद्न तथा अभिलेखन

### ७.१ अनुगमनः

जिल्लामा विपद् पूर्व र विपद्का अवस्थामा मानवीय सहयोग तथा प्रतिकार्यका लागि निम्न ६ सदस्य रहेको अनुगमन मुल्याङ्कन समितिको व्यवस्था गरिएकोछ । उक्त समितिमा सम्बन्धित निकायहरुका सम्पर्क व्यक्ति ( Focal Person) रहने छन ।

| | |
|---|---|
| १. जिल्ला प्रशासन कार्यालय DRR फोकल पर्सन | संयोजक |
| २. नेपाल रेडक्रस सोसाईटी | सदस्य |
| ३. राष्ट्रसंघिय निकायका प्रतिनिधि | सदस्य |
| ४. नागरीक समाज अध्यक्ष | सदस्य |
| ५. जिल्ला अगुवा सहयोगी संस्थाको प्रतिनिधि | सदस्य |
| ६. जिल्ला विकास समिति फोकल पर्सन | सदस्य-सचिव |

यस अनुगमन तथा मुल्याङ्कन समितिका कार्य तथा जिम्मेवारी निम्न अनुसार हुनेछ :

क) यस समितिले जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि भएको पूर्व तयारीको अवस्थाको जानकारी लिई अध्यवधिक अवस्थामा रहनेछ ।

ख) विपद्का समयमा जिल्ला विपद् पूर्वतायरी तथा प्रतिकार्य योजना अनुरुप संम्बन्धित सरोकारवाला निकायले कार्य गरे नगरेको अनुगमन गर्नेछ ।

ग) विपद्का समयमा सो योजना अनुरुप मानवीय सहयोगका क्षेत्रमा कार्य गर्ने निकायहरुलाई कार्यगत समन्वय समेत गर्ने छ ।

घ) विपद्का समयमा मानवीय सहयोगमा कार्यगर्ने संस्था तथा निकायहरुले उक्त समिति संग नियमित समन्वयमा रही दोहोरो नुहुने गरी तोकीएको मापदण्ड अनुरुप कार्यगरी समय समयमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ङ) यो अनुगमन मुल्याङ्कन समिति जिल्ला दैवी प्रकोप उद्धार समितिको उप समितिको रुपमा कार्य गर्नेछ ।

### ७.२ प्रतिवेदन तथा संचार

प्रकोपको अवस्थामा संकलित सूचनाहरू (क्षति, आवश्यक्ता, उपलब्ध सहयोग र त्यसको प्रभाव तथा आवश्यक सेवाहरू) भरपर्दो माध्यमबाट सरोकारवालाहरू माझ ब्यापक वितरण गरेर थप सहयोग जुटाउन आवश्यक क्षमताको बृद्धि गर्ने । प्रकोप पीडितहरूलाई सहयोग गर्नु सबै सरकारी, गैर सरकारी तथा व्यापारिक निकायहरूको साझा जिम्मेवारी हो । तर पनि सबै निकाहरू प्रकोपको बेला स्थानीयस्तरमा पुगी सूचना संकलन गर्न असक्षम हुन्छन र उनीहरू दोश्रो तहको सूचनाको आधारमा सहयोगको निर्णय गर्दछन् । तसर्थ स्थानीय प्रकोपको वास्तविक सूचनाहरूलाई निश्चित ढाँचामा संगठित गरी वितरण गरीने कार्य जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने छ ।

### ७.३ संस्थागत व्यवस्था

दैवीप्रकोप उद्धार ऐन, २०३९ र विपद् व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को प्रावधान बमोजिम विपद् व्यवस्थापनका लागि जिल्ला र स्थानिय (गा.वि.स., न.पा.) स्तरमा छुट्टाछुट्टै संस्थागत संरचना तयार भएको छ । प्रतिकार्य योजनाको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन संस्थागत रुपमा गरीनेछ । यसको संयोजन जिल्ला स्तरमा जिल्ला प्रशासन कार्यालय र गाविस तथा नपाहरुमा जिल्ला विकास समितिको समेत सहयोग लिई सम्बन्धित गाविस तथा नपाहरूले गर्नेछन् ।

### ७.४ अभिलेखीकरण

